

# अन्नपूर्णा गाथा

विभिन्न जिल्लाका महिला किसानले खाद्य र कृषि क्षेत्रमा
पहिचान र नेतृत्वका लागि गरेका सङ्घर्ष र उपलब्धि उनीहरुकै शब्दमा ।

खाद्यका लागि कृषि अभियान

# विषय सूची


‘कृषक आमा’ को छुट्टै शान ४

फलफूलले लग्यो दुःख ६

प्रतिकूलतासँग जुध्दै ८

हलो जोत्दै, मान र पैसा बटुल्दै १०

बाख्राले उकासेको जीवन १२

चासो विविधतामा १४

बाइ बाइ कालापहाड ! १६

तीन वर्षमै कायापलट १८

भकारीले ल्यायो चमक २०

असीमित खुसी २२

गाउँ नै फेरियो २४

मुक्ति गिठ्ठा-भ्याकुरबाट २६

आत्मनिर्भर र प्रतिष्ठा दुवै २८

हौस्याएको स्याउले नै निराश ३०

जोड संस्थागत पहलमा ३२

समयअनुसारको कदम ३४

विषादी घटाउँदै, मन जित्दै ३६

खडा छ अन्न भकारी ३८

पत्नी बाहिर, पति भित्र ४०

ढिलो भएर पो... ४२

माछामा भविष्य खोज्दै ४४

छैन कतै खाली ४६



प्रकाशक

**स्वच्छ ऊर्जा नेपाल**

**खाद्यका लागि कृषि अभियान**

**अक्सफाम**

प्रकाशन मिति : **२०७१ असार ५**

सुझाव : **सुधा खड्का**

संयोजन : **राजन थापा**

सम्पादन : **रघुनाथ लामिछाने / सोमत घिमिरे**

डिजाइन

बिक्रम चन्द्र मजुमदार

छपाइ : **क्रिएटिभ इरा**


आवरण : रामेछापको सुकाजोर गाविस ८ की सूर्यमाया मगर जोत्दै ।

तस्बिर : अञ्जु अधिकारी/आत्मनिर्भर केन्द्र

# भन्नैपर्ने

नेपालमा आर्थिक वर्ष २०४९/०५० मा कृषि तथा सहकारी मन्त्रालयले महिला कृषक विकास महाशाखा गठन गरेपछि महिला किसानप्रति चासो बढेको पाइन्छ। त्यसअघि भने उनीहरूको अस्तित्व स्वीकार गरिएको पाइन्न। जबकि कृषि कर्ममा महिला सहभागिता क्रमशः वृद्धि भइरहेको तथ्याङ्क बताउँछन्। नेपाल जीवनस्तर सर्वेक्षण २०१०/११ ले ३२ प्रतिशत पुरुष गैरकृषि काममा लागेका उल्लेख गरेको छ। यस्ता महिलाचाहिँ ११ प्रतिशतमात्र छन्।

अहिले जम्मा कृषक परिवारमध्ये १९ प्रतिशत मुख्य कृषक महिला छन्। १० वर्षअघिको तुलनामा यो संख्या ११ प्रतिशतले वृद्धि भएको हो। यसरी महिला किसान बढ्नुमा पुरुष रोजगारीको सिलसिलामा विदेश जानु पनि एउटा मुख्य कारण हो। बालबच्चा स्याहार गर्ने, गाईवस्तु पाल्ने, ढिकी जाँतो गर्ने जस्ता कार्यमा ब्यस्त महिला अहिले कृषिको सम्पूर्ण भार धानेर बस्नुपर्ने अवस्थामा पुगेका छन्। यही कारण प्रमुख अर्थतन्त्रका रूपमा रहेको नेपाली कृषि क्षेत्रमा नारीकरणको प्रक्रिया तीव्ररूपमा भइरहेको छ यतिखेर।

कृषि कर्ममा महिला सहभागिता क्रमशः बढिरहेको छ तर सरकार तथा गैरसरकारी क्षेत्रबाट बन्ने नीति, योजना तथा कार्यक्रम भने कति महिलामैत्री छन् त भन्ने जटिल प्रश्न हामीसामु खडा भएको छ। अर्थात् कृषि कार्यमा महिला पनि संलग्न हुन सक्छन् भन्ने दृष्टिकोणबाट ती नीति/कार्यक्रम तयार भएका छन् कि छैनन् भन्ने सवाल पनि टड्कारोरूपमा उठेको छ। अर्कोतर्फ कृषि प्रविधिसमेत महिलामैत्री छैन।

एकातिर महिला किसानका हित गर्ने नीति र कार्यक्रम नै कम छन्। अर्कोतर्फ भएकै नीति पनि कार्यान्वयन नहुने अवस्थाले पनि उनीहरू सताइएका छन्। जलवायु परिवर्तनका असर पनि सामना गर्न बाध्य छन् महिला किसान। यही कारण काम असहज बन्दै गइरहेको छ भने विभिन्न समस्या भोग्न बाध्य छन्। तर पनि जीविकोपार्जनका लागि सबैखाले चुनौतीलाई अवसरमा परिणत गर्न उनीहरू दिलोज्यानले लागेका छन् र धेरैजसो सफल पनि हुँदै आएका छन्। यसरी विश्लेषण गर्दा कृषि कार्यमा बढ्दो सहभागिता महिलाका लागि चुनौतीपूर्ण देखिए पनि यसले थुप्रै अवसरसमेत लिएर आएको छ।

कृषि कार्यको सम्पूर्णजसो जिम्मेवारी महिला किसानको काँधमा सर्दै गरे पनि उनीसँग त्यस्तो जिम्मेवारी बहन गर्ने क्षमता छ त ? वा यो चुनौतीलाई अवसरमा परिणत गर्ने चाहना सफलीभूत पार्ने वातावरण सरकारी र गैरसरकारी क्षेत्रले निर्माण गरिदिएका छन् त ? यही प्रश्नको उत्तर खोज्ने क्रममा यो पुस्तकको जन्म भएको हो। जसमा फरक भूगोलमा बसेर आ-आफ्नै किसिमले कृषि कर्ममा अगुवाको पहिचान बनाएका २२ जना महिलाले सङ्घर्ष र त्यसको प्रतिफल जस्ताको जस्तै बोलेका छन्। यिनै प्रतिनिधि पात्रका बोलाइका आधारमा महिला किसानको पहिचान स्थापित गर्न सघाउने, उनीहरूका समस्या सार्वजनिक गर्ने र महिला किसानमैत्री वातावरण सिर्जनामा इँटा थप्ने सानो प्रयास हो यो।

यसरी अगुवा महिला किसान सिफारिस गर्न खाद्यका लागि कृषि अभियानका सदस्य संस्थाहरूलाई आग्रह गरिएको थियो। साथै खाद्य र कृषिमा काम गर्ने संस्था तथा चासो राख्ने व्यक्तिहरूलाई पनि अनुरोध गरिएको थियो। देशभरबाट प्राप्त करिब एक सय अगुवाबीच यस पुस्तकमा समावेश २२ जना छानिन सकेका हुन्। कृषि विज्ञ, खाद्यका लागि कृषि अभियान, स्वच्छ ऊर्जा नेपाल र अक्सफामका प्रतिनिधि सम्मिलित छनौट समितिमा पत्रकारको पनि सहभागिता थियो। भूगोल, जातजाति, उमेर र कृषिका फरक क्षेत्र जस्ता बुँदाका आधारमा छनौटमा परेका महिलाको नेतृत्व, अन्य क्षेत्रमा सक्रियता जस्ता पक्ष पनि हेरिएको थियो।

यसरी छानिएका महिला किसानसँग उनीहरूले विविध प्रतिकूलता चिर्दै कृषि कार्य र खाद्यान्न उत्पादन तथा यससँग सम्बन्धित अन्य प्रक्रियालाई कसरी अनुकूल बनाए भन्नेबारे विस्तृतरूपमा कुराकानी गरिएको थियो। विषयवस्तु विभिन्न दृष्टिकोणबाट आलोचनात्मकरूपमा तयार हुन सकोस् भनेर यसरी भेटेर कुराकानी गर्ने तथा तस्बिर लिने कार्यमा स्थानीय सञ्चारकर्मीको मद्दत लिइएको थियो। अभियानका सदस्यहरूले सहजीकरण गरेका थिए।

महिला किसानले भोगिरहेका समस्या तथा समाधानका लागि चालिनुपर्ने कदमबारे उनीहरूकै भनाइ पुस्तकका रूपमा जस्ताको तस्तै उतार्ने र सार्वजनिक गर्ने कार्यमा संलग्न सबैलाई धन्यवाद दिन चाहन्छौं। खासगरी महेन्द्र महतो, डा. कृष्ण पौडेल, जगत देउजा, सुजाता तामाङ, ठाकुर चौहान र पुष्पा भुसालप्रति आभार व्यक्त गर्छौं। यसले नीति निर्माण तहमा बसेकालाई महिला किसानको वास्तविकता जानकारी गराउन र त्यसअनुरूप पहल गर्न थप मद्दत पुऱ्याउने आशा गरिएको छ। साथै अन्य महिलालाई पनि यस पुस्तकमा उल्लेख भएका महिला किसानको सङ्घर्षले थप उत्प्रेरणा प्रदान गर्ने अपेक्षा लिइएको छ। यसो भयो भने हाम्रो प्रयास सार्थक भएको ठान्ने छौं।

प्रकाशक



**नाम : सुर्जा बिक**

**उमेर : ३८ वर्ष**

**ठेगाना : सिराडी, आलिताल, डँडेलधुरा**

हिम्मतको फल

# 'कृषक आमा' को छुट्टै शान

सात वर्षअघिको मात्र कुरा हो। जिल्ला कृषि विकास कार्यालयका कर्मचारी तरकारी खेती गर्नका लागि समूह गठन गर्न गए। तर एक जना महिला पनि समूहमा बस्न तयार भएनन्। कर्मचारीसँग रित्तो हात फर्कनुको विकल्प भएन। ४५ घर दलित परिवार बस्ने सिराडी गाउँमा बाहिरी मानिससँग बोल्नसमेत हुन्न भन्ने मान्यता थियो। यस्तो अवस्थामा बाहिरी मान्छेले गठन गर्ने समूहमा बस्ने कुरा सम्भवै थिएन।

यही कुरा चित्त नबुझेकी सुर्जा बिकले त्यतिबेलै केही भन्न सकिनन् तर पक्कै केही गर्नुपर्छ, त्यत्तिकै बस्यो भने पछि परिन्छ भन्ने अठोटचाहिँ लिइसकेकी थिइन्। उनको यो धारणा कार्यान्वयन हुन भने तीन वर्ष लाग्यो। महिलाहरू घरबाट बाहिर निस्कनसमेत नसकिरहेका बेला सुर्जा तरकारी खेतीसम्बन्धी तालिम लिन डँडेलधुरा पुगिन्। तालिम लिएर आएपछि गमक्क परेर बसिनन्, गाउँका महिला जम्मा गरेर कृषि समूह गठन गरिन्। गहुँ लगाउने खेतमा तरकारी लगाउन थालेपछि उनको कुरा धेरैले काटे। 'अब के खान्छे, भोकै मर्ने भई' पनि भने।

तर सुर्जालाई भने कृषिमा रुचि लागिसकेको थियो। उनी तरकारी खेतीबाट राम्रो आम्दानी हात पार्न थालिसकेकी थिइन्। त्यसैले गाउँका थुप्रै मानिस कुरा काट्दै गर्दा उनले भने आफ्नै पहलमा बलवान कृषक सहकारी संस्था गठन गरिन् र झनै अरू महिलालाई पनि सङ्गठित गर्न थालिन्। यो संस्थामा गाउँकै अर्की महिलालाई अध्यक्ष बनाएर आफू कोषाध्यक्ष बनिन्। अनि महिलाको बचत पनि सुरु गराइन्।

हुन त उनका श्रीमान् कमाउन भारत गएका छन् तर पनि सुर्जा र उनका चार छोराछोरी पालिने बाटो भने तरकारी खेतीको आम्दानी नै हो। घर बनेकोबाहेक आफ्नो नाममा एक सुत जमिन नभए पनि उनले भाडामा लिएर खेती गरेकी हुन्। टमाटर, सिमी, भण्टा, भिन्डीलगायत तरकारी नै उनको सहारा बनेको छ अहिले। जसलाई नजिकको गोदाम र बुडर बजारमा बेच्छिन् र त्यसबाट आएको आम्दानीले सम्पूर्ण आवश्यकता पूरा गर्छिन्।

अहिले यो बस्तीका अन्य ५/६ जना महिलाले पनि सुर्जाको सिको गर्दै व्यावसायिकरूपमा तरकारी खेती सुरु गरेका छन्। उनीहरू दैनिक २०/३० केजी तरकारी आफैँ बोकेर नजिकको बजारमा बेच्ने गर्छन् र गुजारा चलाउँछन्। यसबाट एकातिर दलित बस्तीका महिलाको मात्र नभई सिङ्गो परिवारको गुजारा सहज भएको छ भने अर्कोतिर बजारका पसलले टाढाबाट तरकारी ल्याउनुपरेको छैन। ताजा तरकारी खान पाएपछि सबै दङ्ग पर्ने नै भए।

आफ्नै मेहनतको कमाइले उनले यसै वर्ष ३ रोपनी जग्गा पनि किनिन्। सधैँ अरूको जग्गा भाडामा लिएर खेती गर्ने उनले किनेको जग्गामध्ये एक रोपनीमा काउली, एक रोपनीमा आलु र एक रोपनी टमाटर तथा अन्य तरकारीका बेर्ना लगाउन छुट्याइसकेकी छिन्। गत वर्ष टमाटर र काउलीको बेर्नामात्रै ५० हजार रुपियाँको बेचेकी सुर्जाले कृषि विकास कार्यालयबाट पनि बीऊ ल्याउने गरेकी छिन्।

अचम्मकी छिन् सुर्जा। यसरी ल्याएको बीऊ आफूमात्र रोप्दिनन्। तरकारी खेती गर्न चाहने सबै गाउँलेलाई बाँड्ने गर्छिन्। दैनिकजसो तरकारी लगाउनेको घरघरमा पुगेर सल्लाह पनि दिन्छिन्। घरमा चार छोराछोरी भए पनि उनीहरूको पढाइ बिग्रन्छ भनेर काममा लगाउँदिनन्। गैरसरकारी संस्थाहरूले दिने बीऊ पनि सबैलाई बाँड्छिन्। त्यसैले त उनको नाम नै अहिले गाउँमा सुर्जा हैन, 'कृषक आमा' भएको छ।

एकीकृत विकास समाज, डडेलधुराले यो गाउँमा बनाइदिएको तीन वटा सिँचाइ पोखरीले तरकारी खेती गर्नेलाई सहज बनाइदिएको छ। त्यसैले आलु पनि राम्रै फाइदाजनक उत्पादन भएको छ यो गाउँमा। सुर्जाले अघिल्लो वर्षमात्र ४ सयको आलु लगाएर ५ हजारभन्दा बढीको बेचिन्। अहिले त गोदाम र बुडर बजारबाट व्यापारीले सुर्जालाई फोन गरेर तरकारी ल्याइदिन अनुरोधसमेत गर्न थालेका छन्।

यही कमाइबाट उनले गाईसमेत किनेकी छिन्। अनि घरमा जस्तापाता पनि लगाएकी छिन्। 'श्रीमान्ले भारतमा कमाएको भन्दा बढी म




यहाँ एक सिजनमै कमाउछुँ, श्रीमान्ले कमाएको पैसा त आफ्नो र छोरीको औषधी उपचारमै ठीक हुन्छ'- उनले भनिन् ।

जिल्ला सदरमुकामदेखि झण्डै ७० किलोमिटर टाढा रहेको यो गाउँमा सितिमिति सरकारी निकाय पुग्दैनन् तर पनि सुर्जाको मेहनत र हिम्मतको कदर गर्दै उनलाई विभिन्न संस्थाले सम्मान पनि गरेका छन् । स्थानीय नेतासमेत उनको प्रशंसा गर्न चुक्दैनन् । दुर्गम र जटिल समाजमा पनि दलित महिलाले विभिन्न चुनौती पार गर्दै आफूलाई सक्षम बनाउने र अरूलाई समेत बाटो देखाउन सक्नु चानचुने नभएको भनाइ नेपाली कङ्ग्रेसका सभापति कर्णबहादुर कुँवरको छ । स्थानीय दलित अगुवा शेर बिक पनि सुर्जाको मेहनतले अरूलाई समेत केही गर्न उत्प्रेरित गरेको प्रतिक्रिया दिन्छन् ।

आर्थिक समृद्धि सामाजिक क्षेत्रको नेतृत्वमा पुग्न भऱ्याङ सावित भएको छ सुर्जाका लागि । उनी बलवान कृषि सहकारी संस्थाको उपाध्यक्ष हुन् भने बलवान बहुउद्देश्यीय समूहकी अध्यक्ष, लालिगुराँस आमा समूहकी सचिव हुन् भने बलवान सामुदायिक वन उपभोक्ता समूहकी कोषाध्यक्ष । अनि बेतरानी कृषि सहकारी संस्था लिमिटेडकी पनि सदस्य । उनकै नेतृत्वमा बाख्रा पालनका लागि बलवान बहुउद्देयीय समूह पनि गठन भएको छ ।

सुर्जाको मेहनत तरकारीमा मात्र सीमित छैन । बाख्राबाट पनि राम्रो आम्दानी लिन सकेकी छिन् उनले । गत वर्षदेखि बाख्रापालनमा पनि संलग्न उनले एक वर्षकै बीचमा यसबाट १ लाख रुपियाँ आम्दानी गरिसकेकी छिन् । अहिले उनीसित १६ वटा बाख्रा छन् । यो महिना मात्रै दुई बोका बेचेर २५ हजार कमाएपछि झनै उत्साहित भएकी छिन् ।

स्वास्थ्य स्वयम्सेविका पनि भएकाले उनको प्रसिद्धि गाउँमा झन् बढेको छ । गाउँका लागि उनी सानोतिनो 'डाक्टर' नै सावित भएकी छिन् । खासगरी महिलामा देखिएका सानातिना समस्या गाउँमै समाधान गरिदिने भएकाले पनि उनलाई सबैले मान्ने गर्छन् । मेलमिलापकर्ता पनि हुन् सुर्जा । गाउँघरमा मात्र हैन, परिवारभित्र हुने झैझगडामा पनि सुर्जालाई नै बोलाउन थालेका छन् अचेल । त्यतिमात्र पनि हैन, गाउँका महिलामा समस्या नहोस् भनेर उनले मासिकरूपमा समानता कक्षासमेत सञ्चालन गर्छिन् । जसबाट अधिकांश समस्या गाउँमै समाधान हुने गरेका छन् ।

## बहुप्रतिभाकी धनी

आफ्नो गाउँमा छाउपडी गोठ भत्काउने पहिलो महिला पनि हुन् सुर्जा । गोठमा सुतेका बेला बाघको डर लागेपछि घरभित्रै सुतिन् । धेरैले अनिष्ठ हुने भयो अब भने । तर उनले पछिल्ला पटक महिनावारी हुँदा पनि घर छाडिनन् । त्यतिमात्र हैन, महिनावारी भएका बेला दूध खाएकाले गाई मरेको आरोप पनि लाग्यो उनीमाथि । तत्कालै तरकारी खेतीको आम्दानीबाट गाई किनिन्, अनि महिनावारी भएका बेला उक्त गाईको दूध खाइन् । जुन गाई जीवितै छ । यसरी गाउँलेले लगाएको आरोप झुट भएको प्रमाणित पनि गरिन् सबैसामु ।



**नाम : हरिमाया घलान**

**उमेर : ४३ वर्ष**

**ठेगाना : अत्रौली, हरिवन नपा-२, सर्लाही**

### मिलन : संरक्षण र उत्पादनको

# फलफूलले लग्यो दुःख

चुरे पर्वत शृङ्खलामा पर्ने विकट अत्रौली गाविस-७ स्थित बिसौनी डाँडाकी बासिन्दा हुन् हरिमाया घलान। एक विघा जमिनको उत्पादनले ९ जनाको उनको परिवारलाई हातमुख जोर्न पनि धौ धौ पर्थ्यो। जे लगाए पनि जसो गरे पनि उनको परिवारले कहिल्यै राम्रोसँग टन्न खान पाएनन्। यही कारण सबैको मुख नियाउरो हुने गर्थ्यो।

यो थियो सात वर्षअघिको अवस्था। त्यसपछि भने उनको अवस्थामा क्रमशः सुधार आयो। २०६३ सालमा चुरे जलाधार संरक्षणका लागि सञ्चालित २ दिने तालिममा सहभागी के भएकी थिइन् उनको सोचमै पूरै परिवर्तन आयो। माटो समाउने र उत्पादन पनि दिने चुरे सुहाउँदो प्रविधितर्फ नलागेसम्म टन्न खान नपाइने निष्कर्षमा पुगिन्।

चुरे कमलो छ। त्यसैले खनजोत गर्दा पहिरो जाने हुँदा रुख बिरुवा लगाएर आय आर्जन गर्नुपर्ने जानकारी उनले तालिममा पाइन्। खनजोत गर्दा पहिरोको जोखिम बढ्नेबारे पनि थाहा पाइन्। अनि कताकता आफूले खेती गर्न नजानेकाले पो दुःख पाएको हो कि भन्ने अनुमान पनि लगाइन्। 'तालिममा पाएको जानकारी मेरो मनभित्र गहिरोसँग गढ्यो', घलानले भनिन्- घर फर्कनेबित्तिकै तालिममा सिकेका कुरा परिवारका सबै सदस्यसामु राखेँ। उनीहरू 'हो त नि' भन्नेमा सहमत भए।

त्यसपछि त उनले कोदो, जुनेलो र धान रोप्ने जमिनमा लगत्तै आँप, लिच्ची, सोइजन, बाँस, अम्रिसो, कुरिलो जस्ता बिरुवा रोपिन्। बोटबिरुवाले चुरेको माटो अड्याउने र आम्दानी पनि दिने गज्जबको जुक्ति थाहा पाइन् उनले। परिवारका सबै सदस्यले उनको सोच कार्यान्वयन गर्न सहमतिमात्र दिएनन्, पूर्णरूपले सघाए पनि।

सात वर्षअघि लगाएको बिरुवाले उत्पादन दिन सुरु गरेको छ। उनी वर्षेनि यी फलफूलबाट करिब २ लाख रुपियाँ कमाउने भएकी छिन्। एक पटक रोपेपछि खासै धेरै मेहनत गर्नु नपर्ने भएकाले फलफूल खेती सजिलो पनि लागेको छ उनलाई। आम्दानी पनि बढी, खेती गर्न पनि सजिलो। यस्तो अवस्था सिर्जना भएपछि एकातर्फ चुरे संरक्षणमा थोरै भए पनि योगदान पुगेको छ। अर्कोतर्फ बढ्दो आयआर्जनबाट पूरै परिवार हर्षित छ। 'पहिले अन्न बाली लगाउँदा २ हजारको उत्पादन नहुने ठाउँमा अहिले कम्तीमा २० हजार रुपियाँ आम्दानी हुन थालेको छ'- खुसी छिन् हरिमाया। जुन आम्दानी पछिल्ला वर्षमा वृद्धि हुँदै जाने जानकारी पनि दिइन् उनले।

'अन्धकारमै रहेछौं नि', घलानले भनिन्- तालिम लिन ढिलो भएछ। उमेर हुँदै लिन पाएको भए प्रचार पनि गर्थे, धेरै काम गर्न पनि सक्थेँ।' अहिले हरिमायाले सुरु गरेको यो काम गाउँभर फैलिएको छ। सबैजसो मकै, कोदो जस्ता बालीको सट्टा रुख बिरुवा लगाउनमा जोड दिन थालेका छन्। करिब ६० घर रहेको यो बस्तीमा अहिले सबैजसोले हरिमायाकै सिको गरेर फलफूल लगाउने अभियान नै थालेपछि गाउँको रूप नै फेरिएको छ।

यसरी रोप्नका लागि बिरुवाको समस्या छैन यो गाउँमा। यही समस्या नहोस् भनेर हरिमायाले बिरुवा उत्पादनका लागि आफैं नर्सरी पनि खडा गरेकी छिन्। वरिपरिका बासिन्दा नै उनका ग्राहक हुन्। यसरी बिरुवा बेचेरमात्र वार्षिक ७/८ हजार रुपियाँ कमाउँछिन् उनी। चुरे जोगाउँदै बढी आम्दानी लिन गाउँभर प्रचार पनि गर्छिन्। उनको प्रचारबाट बिरुवा बिक्ने भन्दा पनि चुरे संरक्षणमा योगदान पुगेको छ। आफ्नो मुख्य उद्देश्य पनि यही भएको बताउँछिन् हरिमाया।

बिरुवा बिक्री गर्ने गजबको नीति छ उनको। उनले नर्सरीमा लगाउने भन्दा बढी माग आउने गर्छ। यस्तो अवस्थामा उनी महिला र वृद्धमात्र भएका घरधुरीलाई बिरुवा बिक्रीमा प्राथमिकता दिन्छिन्। उनीहरूले लगिसकेर बाँकी रहेमात्र अरूले पाउँछन्। किन त यस्तो भेदभाव ? प्रश्न खस्न नपाउँदै भन्छिन्- ल बलिया र तन्नेरीहरूले त टाढाको नर्सरीबाट पनि ल्याउन सकिहाल्छन् नि। सबैको बारीमा फलफूलको रुख होस् भनेर आफूले यस्तो नीति बनाएको उनको स्पष्ट भनाइ छ।

हुन त उनी मागअनुसार नै बिरुवा हुर्काउन चाहन्थिन् तर चुरेमा पानीको अभाव भएकाले यो उनको हैसियतभित्रको विषय रहेन। 'सक्ने भए त लाखौं बिरुवा हुर्काएर जताजतै जङ्गल नै जङ्गल



बनाउन चाहन्थें तर पानी अभावमा यो सम्भव छैन'- भन्छिन् उनी ।

हरिमायाको परिवारले लगाएको करिब सय बोट आँपले केही वर्षभित्रै वार्षिक ३ लाख रुपियाँ कमाइ दिन्छ । बोट ठूलो हुने क्रमसँगै फल पनि निकै बढी लाग्छ । श्रीमतीको काममा पूरै सघाउने उनका श्रीमान् गुनसिंह बम्जन भन्छन्- मेरी श्रीमतीले समयअनुसार अघि बढ्न नसुझाएको भए हामी अहिले पनि दुई छाक खानकै लागि सङ्घर्ष गरिरहेका हुने थियौं । यसैले उनको पहललाई धन्यवाद छ ।

समस्या पनि छन् हरिमायाको । आँपको दाना लागेपछि हावाहुरीले झार्ने समस्या यहाँ बढी नै हुन्छ । गत साल लिचीका बोक्रा फुट्ने समस्याले उनलाई सतायो । बेलाबेलामा फलफूलमा नयाँ नयाँखाले समस्या पनि देखिन्छन् । तर सदरमुकामबाट ३५ किलोमिटर टाढा पर्ने उनको गाउँमा न सरकारी प्राविधिकको सेवा उपलब्ध छ न त अरू जान्ने/सुन्ने नै आइपुग्छन् । आफूले जे जानेको छ, त्यही उपचार विधि अपनाउनुको विकल्प छैन उनीसँग ।

चुरे जोगिएमात्र आफ्नो बासस्थान पनि जोगिने उनले राम्रोसँग बुझेकी छिन् । यही कुरा अरूलाई पनि सम्झाइरहन्छिन् उनी । त्यसैले त चुरे संरक्षणमा सघाउ पुग्ने बाँस, अम्रिसो जस्ता बिरुवा प्रशस्त लगाएकी छिन् र अरूलाई पनि लगाउन उत्प्रेरित गर्छिन् ।

यतिमात्र कहाँ हो र ? बाख्रा पनि पालेकी छिन् उनले । २० वटा खसी बाख्रा उनको गोठमा टुट्दैनन् भन्दा पनि फरक पर्दैन । उन्नत जातको बीउको बोका पनि पालेकी छिन् । प्रायः सबै बाख्राले कम्तिमा पनि दुई वटा पाठापाठी पाउने कारण यही हो । घर वरिपरि लगाइएका प्रशस्तै डाले घाँसले उनको बाख्रा पालन फस्टाउन सकेको छ ।

अहिले उनले फलफूल खेतीबाट केही फुर्सद हुन थालेकाले करिब ५ कठ्ठा जमिन ठेक्कामा लिएर गोलभेडा पनि लगाएकी छिन् । सिकर्मी काम गर्ने श्रीमान्ले पनि धेरथोर कमाउँछन् । आफ्नै यस्तै मेहनतबाट उनीहरूले दुई तले सुन्दर घर बनाएका छन् । महिला सञ्जाल, सहकारी, विभिन्न समूहमा हरिमायाको संलग्नता छ । यसले उनको प्रसिद्धि दिनानुदिन वृद्धि हुँदै गएको छ । यो सबै अवस्थालाई फलफूलको कमाल भन्न हिच्किचाउन् हरिमाया ।

## अनपढको उल्लेखनीय काम

उक्त गाउँमा खानेपानी पुऱ्याउन प्रयासरत् अत्रौलीका टमबहादुर घिसिङ पढ/लेख नगरेकी महिला हरिमायाले गाउँको मुहार फेर्न गरेको प्रयास उल्लेखनीय भएको बताउँछन् । हरिमायाले चुरे संरक्षण र आयआर्जनमा गाउँ/टोललाई अग्रसर गराउनेमात्र नभई गाउँका समस्या बाहिर लगेर समाधानका लागि पहलसमेत गर्नु ठूलो उपलब्धि भएको घिसिङको भनाइ छ ।




**नाम : फुराफुट्टी शेर्पा**

**उमेर : ३८ वर्ष**

**ठेगाना : मन्जो, चौरीखर्क–१, सोलुखुम्बू**

### अनिश्चित मौसमको असर

## प्रतिकूलतासँग जुध्दै

२६ सय मिटरको उचाइमा रहेको चौरीखर्क गाविसको मन्जोमा बस्ने फुराफुट्टी शेर्पाको मुख्य बाली आलु हो। कति रोपनी हो थाहा छैन तर ६ जना खेतालाले ३ दिनमा आलु रोपिसक्ने बारी छ उनको। आलुबाहेक उवा र फापरको खेती पनि गर्छिन्। परम्परागतरूपमै लगाइने यी बाली राम्रैसँग थन्काइरहेकी थिइन् उनले। कहिले रोप्ने, कहिलेसम्म चूप लागेर बस्ने, कहिलेबाट उम्रन थाल्छ, कहिले गोडमेल गर्ने र कहिले थन्क्याउने जस्ता सबै तालिका निश्चित थिए। किनकि कहिले हिउँ पर्छ, कहिलेदेखि पग्लन्छ र कहिले सुकिसक्छ तथा कहिले पानी पर्छ र रोकिन्छ जस्ता जानकारी पनि करिबकरिब थाहा थियो उनलाई। यो जानकारीले गर्दा उनको कृषि कर्म एउटा ढाँचामा चलिरहेको थियो धेरै वर्षदेखि।

तर केही वर्षदेखि भने उनको बाली लगाउनेदेखि गोडमेल गर्ने र भित्र्याउनेसम्मको दिनचर्यामा फेरबदल आउन थालेको छ। पहिले यो यो समयमा यसो यसो गर्ने भन्ने निश्चित हुन्थ्यो तर अहिले भने मौसम आफूखुसी जुनसुकै बेला पनि परिवर्तन भइदिनाले यो तालिकाले काम नगरेको बताउँछिन् उनी। 'पहिलेको भन्दा पानी पर्ने मात्रामा घटबढ भएको छ। पहिला पानी पर्दा एक नासको पर्थ्यो, अहिले त परेपछि परेको पऱ्यै, परेन भने लामो समय नपरेर खडेरी नै सिर्जना हुने'- मौसमी गडबढीलाई यसरी व्याख्या गर्छिन् उनी।

यसले उनको बालीलाई सोझै असर गरेको छ। भन्छिन्- 'लामो समय पानी पर्दा आलु कुहिन्छ। पानी पर्दै परेन भने पनि उम्रँदैन। पछिल्लो समय आफूहरूले यस्तो समस्या भोगिरहेको बताउने शेर्पा भन्छिन्- हामीलाई त पानी बढी परेको भन्दा बरु नपरेको राम्रो। नपर्दा बरु पाइपकै खाने पानी हाल्न त पाइयो। धेरै पानी पर्दा त बर्बादै हुन्छ, न छोपेर भयो न त पानी तर्काउनै मिल्छ।

हिमाली क्षेत्रमा प्रायः कम पानी पर्छ तर अहिले त खुम्बुमा पानीमात्र कहाँ हो र, कहिलेकाहीँ असिनासमेत पर्न थालेको उनी बताउँछिन्। असिनाले सोझै स्याउलाई असर पुऱ्याउने भएकाले उनको स्याउ खेती पनि प्रभावित हुन पुगेको छ। बेला न कुबेला परिदिने हिउँले भर्खर बढ्दै गरेको उवालाई लपक्कै ढाकिदिँदा यसको वृद्धिमा पनि समस्या आएर हैरान पारेको उनको अर्को गुनासो छ।

एकातिर परम्परागत बालीनाली यसरी प्रभावित भइरहेको छ भने अर्कोतिर तापक्रम बढी भएका ठाउँमा मात्र हुने उत्पादन पनि यहाँ सम्भव हुन थालेका छन्। आजकल यो क्षेत्रमा गाजर, बन्दा, काउलीलगायत तरकारी पनि हुन थालेका छन्। 'जब म सानै थिएँ त्यो समयमा यस्ता तरकारी खुम्बुमा देख्नसमेत पाइने थिएन, अहिले त यहीँ पो फल्न थाले'- अचम्म मान्दै भन्छिन् शेर्पा। मन्जोमा मात्र होइन, त्यो भन्दा बढी उचाइमा पनि आजभोलि बन्दा, काउली, गाजरलगायत तरकारी उत्पादन हुन थालेका छन्। यसो हुनुमा आफूले धेरै कुरा नजान्ने बताउँदै उनी भन्छिन्- हिमालमा हिउँ पनि कम छ यसैले यस्तो भएको होला।

एकातिर पहिलेदेखि लगाइरहेका खाद्यान्न तथा तरकारी कुन बेला कसरी प्रभावित हुने हो भन्ने टुङ्गो नहुने अर्कोतिर नयाँ नयाँ खाद्यान्न तथा तरकारी पनि सम्भव हुन थालेपछि शेर्पा रनभुल्लमा परेकी छिन्- के लगाउने के भन्नेमा। परम्परागत बाली लगाउँ खत्तम होला भन्ने डर, नयाँ बाली लगाउँ के कसरी गर्ने हो, के के फल्ने हो, के के हैन, थाहा पत्तो छैन। पहिलाको तुलनामा आलुका दानासमेत ठूला फल्न थालेपछि उनी उत्साहित त छिन् तर यो कसरी सम्भव भयो भन्ने थाहा नभएकाले निश्चिन्त हुन भने सकेकी छैनन्। पहिले जस्तो बढी हिउँ नपरेकाले यस्तो भएको होला भन्नेबाहेक अन्य जानकारी छैन उनीसँग ठूलो आलु फल्नुको कारणबारे।

आफूहरूले परम्परागत काठको भाँडोमा आलु राख्दा कहिल्यै नकुहिने बताउने शेर्पा अबचाहिँ यो ताप बढेसँगै त्यस्तो भाँडोमा राखिएको आलु पनि कुहिने त हैन भन्ने चिन्ता पनि लाग्न थालेको बताउँछिन्। त्यसैले आलु धेरै र ठूला फल्न लाग्दा पनि यसको गाँठी कारण थाहा नभएकाले उनी खुसी हुन सकेकी छैनन्। जबकि यही भाँडोमा राखेको आलु वर्ष दिनसम्म नकुहिइ खान मिल्थ्यो।

यस्ताखाले विभिन्न समस्यासँग जुधिरहनुपरे पनि उनले हाइब्रिड आलु होस् कि अन्य बाली, रासायनिक मल हाल्ने गरेकी छैनन्। न त उनी आफ्ना उत्पादनमा विषादी नै हाल्छिन्। 'ममात्र होइन,



गाउँमै रासायनिक मल कसैले प्रयोग गर्दैनन्'- उनी भन्छिन् । स्थानीय आमा समूहकी उपाध्यक्षसमेत रहेकी उनले थपिन्- तीतेपाती नै हाम्रो विषादी हो भने लोकल मल नै सर्वेसर्वा औषधी हो ।

गाउँघरको मौसममा अहिले धेरै फेरबदल आएको बताउने शेर्पा हिउँ पर्ने समयमा कुनै बेला घरै पुर्नेगरी परेको सम्झन्छिन् अनि भन्छिन्- तर आजभोलि त्यस्तो भएको छैन । नजिकैको हिमाल देखाउँदै थप्छिन्- 'ऊ त्यो हिमाल हेर्नुस् त, म सानी हुँदा एउटा पनि निलो भाग देखिँदैनथ्यो, पुरै हिँउले ढाकेको देखिन्थ्यो तर आज हिमालमा आधा पनि हिउँ छैन ।' उनको अनुमानमा यो अपत्यारिलो मौसम परिवर्तन यसै कारण भएको हुन सक्छ ।

कुनै पनि अप्ठेरो पक्षलाई आफूअनुकूल बनाउन सक्ने क्षमता देखिन्छ शेर्पामा । त्यसैले आफ्नो घरमा नै उनले नमस्ते लज नाम दिएर होटल पनि खोलेकी छन् । यही कारण आफ्ना सबै उत्पादन होटलमै खपत हुन्छ । कहीँ बेच्न लैजानै पर्दैन । यसरी विभिन्न समस्यासँग जुध्दै आफ्नै मेहनतले उब्जाएको अन्न, तरकारी र स्याउले होटललाई वर्षैभर पुग्ने खुसीको खबर पनि सुनाउँछिन् उनी ।

यसरी क्रमशः बदलिइरहेको मौसमलाई ख्याल गरेर आफ्नो जग्गामा अरू के के खेती हुन सक्छ भन्नेबारेमा बिस्तार चासो राख्न थालेकी छिन् उनी । काठमाडौँ गएका बेला डाबरको खेती हेर्न जाने र फर्केर मन्जोमा चिराइतो खेती गर्ने योजना पनि सुनाउँछिन् उनी । पुरानै शैलीको खेती गरेर अब टिकिँदैन भन्ने शेर्पा उमेर पनि ढल्कँदै जान थालेकाले मौसमले साथ दिने र अलि सजिलो बाली लगाउनुपर्छ भन्छिन् । केही बाली काठमाडौंबाट परीक्षणका रूपमा ल्याएर लगाउने सोच पनि छ उनको ।

एक छोरा र एक छोरीकी आमा फुराफुट्टीका श्रीमान् छिरिङ तामाङ पर्यटक गाइड हुन् । उनी प्रायः फिल्डमा वा विदेशमा हुन्छन् । त्यसैले खेतीपाती र होटल दुवैको जिम्मेवारी फुराफुट्टी एक्लैको काँधमा छ । कामप्रतिको यही लगन र मेहनतले उनलाई सफल किसानमात्र हैन, सक्षम पर्यटन व्यवसायी पनि बनाएको छ । खुम्बुमा होटल चलाउन सजिलो छैन, सामान ढुवानी नै ठूलो समस्याका रूपमा छ । काठमाडौँदेखि जहाजमा महँगो भाडा तिरेर लुक्ला झारेको सामान फेरि खच्चर, जोक्यो वा मानिसलाई दिनभर बोकाएर सकुशल लैजान सक्नु ठूलै चुनौती हुने गर्छ जसलाई शेर्पाले कठिनसाथ नै किन नहोस् सामना गर्दै अघि बढेकी छिन् ।

## हिमाल रित्तिने चिन्ता

आज सगरमाथा नभइदिएको भए खुम्बु क्षेत्रको जनजीवन किनै कष्टकर हुने थियो । सगरमाथासँगै अन्य हिमालले यो क्षेत्रलाई बसोबासयोग्य बनाएकामात्र हैन, बासिन्दाको जीविकोपार्जन पनि सहज तुल्याएका छन् । अहिले प्रतिदिन यी हिमाल नाङ्गिने क्रम बढेको देख्दा चिन्ता लाग्न थालेको छ । हाम्रा लागि भगवानका रूपमा खडा भएका हिमाल कतै हामीलाई बिचल्ली पारेर रित्तिने त हैनन् ?



**नाम : टङ्कमाया मगर**

**उमेर : ३१ वर्ष**

**ठेगाना : खोरियाटोल, बेलबारी, मोरङ**

लडाइँ विकृतिविरुद्ध

# हलो जोत्दै, मान र पैसा बटुल्दै

श्रीमान् खेतीपातीको काम गर्थे। टङ्कमाया भने ३ छोरीको हेरचाह गर्थिन्। अनि घरभित्रकै काममा ब्यस्त रहन्थिन्। यसैगरी चल्थ्यो उनको परिवार। जब ८ वर्षअघि श्रीमान् रोजगारीका लागि विदेश हानिए, श्रीमान्ले गर्दै आएका खेतीको काम उनको काँधमा सर्‍यो।

अरू काम त उनले गरेकै हुन् र गर्थिन् पनि तर हलो जोत्ने कसरी ? एकातिर गाउँका सबैजसो पुरुष विदेशिएकाले जोत्ने मान्छे नै पाउन गाह्रो, अर्कोतर्फ आफैं जोतौं भने न ढङ्ग छ, न त समाजले महिलालाई जोत्ने अनुमति नै दिएको छ। परेन फसाद! सिङ्गो परिवारको जीवन धान्ने दुई विघा जग्गा बाँझै पो रहने हो कि भन्ने चिन्ताले कम्ता सताएन उनलाई।

यस्तै सोच्दासोच्दै एक दिन हिम्मत गरिन् कि आफैं गोरु जोत्छु अब। खेती बाँझै राख्नुभन्दा बरु जे होला, होला जोत्छु भनेर तम्सिइन्। महिलाले हलो जोत्न थाले, अब गाउँमा पानी पर्दैन, अनिष्ट हुने भयो भन्दै कतिपयले खुबै विरोध पनि गरे। काट्नुसम्म कुरा काटे। तर न गाउँमा कुनै अनिष्ट आइलाग्यो न त खडेरी नै पर्‍यो।

यसरी राम्रोसँग आफ्नो खेत जोत्न थालेपछि उनको हात बस्दै गयो। आफ्नो खेतीपातीका लागि कसैलाई गुहार्नु परेन। पछिपछि त उनलाई अरूको जग्गा जोतिदिएर भ्याइनभ्याइ छ। वर्षा सुरु भयो कि टङ्कमायालाई खाने फुर्सद पनि हुन्न। उनी भन्छिन्- पहिले मैले हलो जोतेकोमा विरोध गर्ने र कुरा काट्नेहरू नै अहिले मलाई जोत्न बोलाउँछन्, यो देख्दा साह्रै खुसी लाग्छ।

सात वर्षअघि हलो जोत्न सुरु गर्दाको अवस्था सम्झँदै उनी भन्छिन्- 'आपत् नै परेपछि यो काम पुरुष र त्यो काम महिलाले गर्ने भन्ने नै नहुँदो रहेछ। पहिला त फालीले लाग्ला, गोरुले हान्ला भनेर निकै डर लागेको थियो। गर्दै जाँदा यी सबै काम सामान्य लाग्न थाल्यो।' पूर्व-पश्चिम राजमार्गको बेलबारी बजारबाट ३ किलोमिटर दक्षिण ग्रामीण क्षेत्रमा पर्ने खोरिया बस्तीका सबैजसोको मुख्य पेशा कृषि नै हो। तर गोरु भने मात्र तीन हल छ। त्यसैले पनि टङ्कमायालाई चटारो हुनु स्वाभाविकै हो।

टङ्कमायालाई गोरु नार्ने, जुवामा हल्लुँड कस्ने, अनौ उठाएर लुँडी फाल्नेसम्मका काम सबै आउँछ अहिले त। उनलाई यस्तो काममा अभ्यस्त हुन भने अलि बढी नै परिश्रम परेको थियो। निरन्तरको मेहनतले गर्दा उनी कुशलपूर्वक हलो जोत्ने गाउँकै पहिलो महिला बनिन्। अहिले यो उपमा पाउँदा भने गर्व महसुस हुने टङ्कमाया भन्छिन्- शरीरमा बल हुन्जेलसम्म खेती गर्न र हलो जोत्न छाड्दिन्।

हलो जोत्ने कामलाई उनले पेशाकै रूपमा अघि बढाएकी छिन्। एक प्रहर (बिहान ८ बजेदेखि मध्याह्न १२ बजेसम्म) जोत्दा ५ सय रुपियाँ कमाइ हुन्छ। बिहानको खाजा पनि दिन्छन्। कतिपयले दोस्रो प्रहरमा आली बाँध्ने काममा पनि बोलाउँछन्। भ्याउँदा त्यो काम पनि गर्छिन् उनी। योबाहेक आफू जोतिदिएर पर्म लगाउने र आफ्नो काम गर्ने बेला अरूको सहयोग लिने पनि गर्छिन्। यसबाट एकातिर आफ्नो खेती राम्रोसँग चलेको छ भने अर्कोतिर कमाइ पनि हुन सकेको छ। साथै कर्मशील महिलाको नाममा चिनिन पनि सकेकी छिन्।

तीन छोरी गाउँकै विद्यालयमा पढ्छन्। सासू घरधन्दामा सहयोग गर्छिन्। श्रीमान्ले विदेशबाट बेलाबेला पैसा पठाएकै छन्। दुवैको कमाइ मिलाएर उनीहरूले जस्ताको छानो भएको चिटिक्कको पक्की घर पनि बनाएका छन्। घरपछाडि गाई/गोरु बाँध्ने व्यवस्थित गोठ पनि छ। त्यतिमात्र हैन, उनले गाई, बाख्रा र कुखुरा पनि पालेकी छिन्। गाईको दूधबाट पनि राम्रै आम्दानी छ। बचत समूहमा पनि केही रकम जम्मा गर्छिन्। सुखमय छ उनको जिन्दगी।

स्थानीय गोविन्द चोडबाङका अनुसार खोरिया बस्तीका मानिसका लागि टङ्कमाया उदाहरण हुन्। 'आफैं खेती किसानी गर्ने महिला उनीमात्र हुन्' भन्ने चोडबाङ थप्छन्- 'यिनले काँधमा हलो र जुवा बोकेर हिँडेको देखेपछि धेरैले जिब्रो टोकेका थिए। महिलाले हलो जोत्ने भनेर खिल्ली पनि उडाएका थिए। कतिपयले संस्कारका कुरा पनि झिके तर मेहनत गरेरै यिनले सबैको मुखमा बुझो लगाइदिइन्।' पुरुष कमाउने सिलसिलामा सबैजसो बाहिर गएकाले मलामी जाने पनि महिलामात्र हुने अवस्था आएका बेला टङ्कमायाले देखाएको




हिम्मतलाई सबैले सराहना गर्नुपर्ने सुझाव पनि छ उनको ।

धर्मराज लिम्बु खोरिया बस्तीकै अर्का किसान हुन् । आफ्नो दश कठ्ठा जमिनमा लिम्बूले धान, मकै, गहुँ जस्ता मौसमी बाली लगाउँछन् । 'मैले चार वर्षदेखि टङ्कमायालाई नै जोत्न लगाएको छु किनकि उनी पुरुषले जस्तै दह्रो गरी काम गर्न सक्छिन्'- सुरुमा त महिलाले पनि के जोत्लान् भन्ने लागेको सुनाउँदै भन्छन् लिम्बू ।

पुरुषमात्र हैन, छिमेकी महिला पनि टङ्कमायाका कारण आफूहरूको समेत मान बढेको सुनाउँछन् । क्षमादेवी मगर भन्छिन्- 'हामी महिलालाई कामको आधारमा हेप्छन् तर यी दिदीले गरेको काम त पुरुषले गर्ने नै हो नि । के महिला पुरुषभन्दा कम छन् र ?' उनको कामबाट गाउँका अरू महिलाको समेत प्रतिष्ठा बढेको भनाइ छ क्षमादेवीको । अर्की छिमेकी नवीना भारती पनि टङ्कमायालाई सम्झँदा गर्व महसुस हुने गरेको सुनाउँछिन् ।

टङ्कमायाको यही साहसको मूल्याङ्कन गर्दै जीवन विकास नामक संस्थाले एक वर्षअघि सम्मानसमेत गरेको थियो । स्थानीय एफएम रेडियोले पनि उनको अन्तर्वार्ता प्रसारण गरेको थियो । जुन सबै छिमेकी जम्मा भएर सुनेका थिए भने मोबाइलमा रेकर्ड गरेर पनि राखेका छन् बेलामौकामा सुन्नका लागि । टङ्कमाया भन्छिन्- आँट गऱ्यो भने त्यो कसै न कसैले मूल्याङ्कन गरेको हुँदोरहेछ । अहिले मलाई भेट्न आउनेहरूलाई देख्दा यस्तै लाग्छ ।

आफूले गरेको कामबाट सन्तुष्टि मिलेको बताउने टङ्कमायाले अहिलेसम्म कृषिसँग सम्बन्धित कुनै पनि तालिम लिएकी छैनन् । न त सरकारी अधिकारीको नजरमै परेकी छिन् । लोहन्द्रा खोलाको तिरमा रहेको आफ्नो बस्ती कटानको जोखिममा रहेकाले चिन्ता लागेको बताउने उनलाई अरू सबै पक्षबाट भने सन्तुष्टि नै हात लागेको छ ।

## म पनि सिक्दै

गाउँमा हलो जोत्ने पुरुष नै छैनन् । भएका पनि विदेश गएका छन् । यस्तो अवस्थामा टङ्कमायाले हलो जोत्ने काम धानेपछि करिब एक सय परिवार बसोबास गर्ने यो बस्तीमा अरू महिला पनि हलो जोत्न सिक्दैछन् । क्षमादेवी मगर अहिले उनीसँग जोत्न सिक्दै गरेकी त्यस्तै एक महिला हुन् । भन्छिन्- यस्तो कामले हामी महिलामा आत्मविश्वास वृद्धि गर्दोरहेछ भने समाजले हामीलाई हेर्ने दृष्टिकोण पनि बदलिने रहेछ । त्यसैले म पनि यसतर्फ आकर्षित भएकी हुँ ।



नाम : ज्ञानमाया बस्नेत

उमेर : ५५

ठेगाना : केवलीपुर, ढल्केवर-१, धनुषा

एकल महिलाको आँट

## बाख्राले उकासेको जीवन

पाँच जना मसिना छोराछोरी। परेको बेला सघाउनेभन्दा उल्टै सेवा गर्न लगाउने सुस्त मनस्थितिका श्रीमान्। र, स्याहारसुसार गर्नुपर्ने अवस्थाकी वृद्ध सासू। कतामात्र गर्नु ? केमात्र गर्नु ? कम्ता दुःख थिएन ज्ञानमाया बस्नेतलाई।

झन्डै ३० वर्षअगाडि उदयपुरको घर जग्गा बेचेर ढल्केवर केवलीपुर झरेको उनको परिवार यसैगरी जेनतेन चलिरहेको थियो। त्यहाँ खरिद गरिएको एक बिघा खेत नै सबै परिवारको जीवन धान्ने माध्यम थियो। तर परम्परागत खेती प्रणाली तथा काम गर्ने मानिसको अभावमा उनलाई यसबाट सबैको जीवन धान्ने बनाउन धौ धौ पर्थ्यो।

बाँच्नका लागि सङ्घर्ष गर्नुको विकल्प थिएन उनीसँग। परिवारलाई खान पुग्ने बनाउने उपाय सोच्दासोच्दै उनले बाख्रा पालनमा ध्यान दिइन्। भैंसी पनि पालिन्। अनि उखु पनि रोपिन्। यी सबैखाले कर्मबाट राम्रो आम्दानी हुन थाल्यो। बल्ल उनको जीविका सहज हुन थाल्यो। उनले एकै पटकमा ४०-५० वटा बाख्रा पनि पालन गर्दै आएकी छिन्।

चरन क्षेत्र उपलब्ध हुनाले उनको बाख्रा पालन निकै फस्टाएको थियो। वर्षेनि दर्जनौं खसी-बोका बेच्ने ज्ञानमायाको आम्दानीको मुख्य स्रोत यही हो। अहिले भने उनका बाख्रा केही घटेका छन्। यसबाट उब्रेको समय उखु, भैंसी आदिमा लगाएकी छिन् जसले उनको जीविकालाई थप सहज तुल्याएका छन्। हुन त ढल्केवरमा अन्य बासिन्दाले पनि दुईचार वटा बाख्रा पालेकै हुन्छन् तर ज्ञानमाया परिवारका लागि भने त्यही बाख्रा पालन वरदान सावित भयो। ज्ञानमायाले अहिलेसम्म कतिवटा खसी बेचिसकिन भन्ने एकिन छैन तर जति वटा बेचे पनि जीवन सहज बनाएको भने बाख्राले नै हो भन्न हिच्किचाउन्नन्।

निकै दुःख पार गर्दै अघि बढेकी उनले भविष्यका लागि सोचेर चार वटा समूहमा मासिकरूपमा पैसा बचतसमेत गरिरहेकी छन्। 'आफूसँगै रहेको कान्छो छोरालाई पढ्न तथा चाहिने घर खर्च राखेर अरू कमाइ मासिकरूपमा बचत गर्छु'- ज्ञानमाया भन्छिन्। यसबाहेक उनले आफ्नै कमाइबाट १० कठ्ठा जमिन पनि किनेकी छिन्। यसले पनि राम्रै आम्दानी दिइरहेको भनाइ छ उनको।

उनको मेहनत र काम गराइबाट छिमेकीमात्र हैन, स्थानीय नेतासमेत प्रभावित छन्। नेपाली कङ्ग्रेसका स्थानीय युवा नेता रामएकवाल यादव भन्छन्- केवलीपुरमा अन्य परिवारले पनि बाख्रा पालेका छन्, खेती गरेका छन् तर ज्ञानमायाले जसरी बाख्रापालन र खेतीकै माध्यमले जीवनलाई सफल बनाइन्, छोराछोरीलाई पढाइन्, त्यो समाजकै लागि नमुनालायक छ। समान्य परिवारकी ज्ञानमायालाई अझै धेरैले चिन्दैनन् होला, उनको मेहनत बाहिर खुलिसकेको छैन तर पनि उनी सफल महिला किसान भने हुन्। उनीबाट धेरै सिक्न सकिन्छ।

हुन पनि हो, ज्ञानमायाले बाख्रापालन र खेतीबाटै तीन छोरालाई आफ्नै खुट्टामा उभिन सक्षम बनाएकी छिन्। आफूले लेखपढ गर्न नजाने पनि बालबच्चालाई भने सके जति पढाउने धोको छ उनको। भन्छिन्- त्यसैले त दिनरात बाख्रा-भैंसीको स्याहार गरेर भए पनि सबै छोराछोरीलाई स्कुल पठाएँ।

समाज कल्याण महिला बहुउद्देश्य सहकारी संस्था लेखिएको घरको भित्ता देखाउँदै उनी भन्छिन्- 'ऊ त्यो संस्थामा म पनि सदस्य छु तर त्यसको नाम भन्न जान्दिनँ। कमसेकम मेरा छोराछोरी यस्ता नहुन् भनेर जतिसुकै दुःख गर्नुपरे पनि सबैलाई पढाउन हिम्मत गरेकी हुँ।' मानसिक रोगले ग्रस्त श्रीमान् र दर्दनाक घरायसी आर्थिक अवस्थाका बाबजुद परिवार राम्रोसँग पाल्न सक्नु नै ठूलो उपलब्धि ठान्ने ज्ञानमाया आफ्नो सङ्घर्ष लेख्ने हो भने किताबै तयार हुन्छ भन्छिन्। त्यसैले त उनी आफ्नो गाउँ छिमेकमा पनि 'फरक' बन्न सकेकी छिन्। सानै उमेरमा बिहे भएकी उनी लगातार ५ सन्तान जन्माउनुपरे पनि हरेस नखानुको उपलब्धि हो यो सब।

अहिले यही बाख्रा र खेतीपातीका कारण छोराछोरीलाई राम्रोसँग हुर्काउन सकेपछि भने विगतका सबै दुःख बिर्सेको भनाइ पनि छ उनको। अब आफूले संसार छाड्नुपरे पनि आफ्ना कुनै बच्चाले



दुई छाक टार्न अर्काको अगाडि हात पसार्नु नपर्ने अवस्था सिर्जेपछि उनी कम्ता खुसी छैनन्। आफूले दुःख कष्ट गरेर हुर्काएअनुसार सबैले केही न केही जीविकाको बाटो समातिसकेकाले उनी ढुक्क हुन सकेकी हुन्।

ज्ञानमायासँग अहिले उपभोगका हिसावले डेढ बिघा उब्जाउ जग्गा छ। तर बितेको एक दशक भए पनि स्वामित्व भने श्रीमान्कै नाममा छ। जस्तै भए पनि लोग्ने परिवारको आधिकारिक व्यक्ति भएकाले आफूले पछि किनेको जग्गासमेत उनकै नाममा पास गराएको भनाइ पनि छ उनको। अब भने सबै जग्गा छोराहरूको नाममा अंशबन्डा गरिदिने सोचमा छिन्।

छिमेकी पनि प्रभावित छन् उनीसँग। लक्ष्मी बस्नेतको बुझाइमा ज्ञानमाया अनपढ हुन् तर पनि उनले समाजलाई ज्ञान बाँडेकी छिन्। 'हाम्रो पितृसत्तात्मक समाजमा घरको अभिभावक रहने पुरुष नहुँदा निकै गाह्रो हुन्छ परिवार चलाउन तर ज्ञानमायाले भने छोराछोरीलाई बाबुको अभाव महसुस हुनै दिनुभएन। साथै समाजका लागि समेत महिलाले पनि आँट गरे जे पनि सार्थक बनाउन सकिन्छ भन्ने प्रमाणित गरेर देखाइदिनुभयो'- लक्ष्मीको थप भनाइ छ।

कुनै बेला आफ्नै जिन्दगीको यात्रालाई विश्राम दिन नसकेर जिम्मेवारीको भारीले थिचिएकोमा अहिले सोही पीडालाई सङ्घर्ष भनेर सम्मानजनक शब्द सुन्न पाउँदा खुसी लागेको बताउँछिन् ज्ञानमाया। अतीत जस्तो भए पनि यो बुढेसकालचाहिँ प्रसन्नतायुक्त रहन सक्नुको जस आफ्नै मेहनतलाई दिन पनि रत्तिभर कन्जुस्याइँ गर्दिनन्। 'म पीडामा थिएँ। छोराछोरीलाई लालनपालन गरेर कसैगरी अक्षर चिन्न सक्ने बनाउन दिनरात मरिमेटी परिश्रम गरें। भारी ओसारेँ', अतीत सम्झँदै वर्तमानबारे थप्छिन्- 'त्यतिबेलाको कडा मेहनतको फल छोराछोरीको मुहारमा देख्छु। पढे/लेखेकाहरूले सम्मानपूर्वक आफ्नो जीवनको सङ्घर्षबारे कुरा गरिदिँदा त खुसीको सीमा नै रहँदैन।

## बाँच्ने आधार

अहिले पनि धेरै ठाउँमा एकल महिलालाई हेप्ने, दुःख दिने र विभिन्न लाञ्छना लगाउने चलनै छ। तर ज्ञानमायाले भने ठ्याक्कै यसको उल्टो व्यवहार पाएकी छिन्। दुःखदायी अवस्था पार गर्दै कडा मेहनत गरेर डुब्न लागेको पारिवारिक जहाज उतार्न सकेकामा उनको प्रशंसा नगर्ने मानिस नै भेटिन्न। त्यसैले त उनी प्रसन्न हुँदै भन्छिन्- अरू एकल महिलाको के हुन्छ थाहा छैन, मेरो त बाँच्ने आधार नै छिमेकीको सम्मान बनेको छ।



नाम : काँसीकला टमटा

उमेर : ४१

ठेगाना : लोहारवाडा, धैनकोट–८, मुगु

दलित किसानको नयाँ मार्ग

# चासो विविधतामा

लेखपढ गर्न नसक्ने काँसीकला १० सन्तानकी आमा हुन्। १० मध्ये अहिले ७ (४ छोरा, ३ छोरी) जना छन्। जग्गाको नाउँमा १४ केजी जति मकैको बिउ लाग्ने पाखो बारीमात्र छ। भोगचलनमा रहेको यो जग्गा भने श्रीमान्को नाममा छ। यो जग्गाको उत्पादनले उनको परिवारलाई आधा वर्ष पनि थेग्दैन। त्यसैले बाँकी समय आरनको काम र बालीघरेमा भर पर्नुको विकल्प छैन। उनको पारिवारिक जीवन यही कारण कष्टकर थियो।

यत्तिकैमा २०६५ सालमा गाउँमा खाद्य सुरक्षासम्बन्धी काम गर्न जोडी कार्यकर्ता (श्रीमान्-श्रीमती कार्यकर्ता) का रूपमा संलग्न हुन पुगिन् काँसीकला। त्यसपछि खाद्य सुरक्षा, खाद्य अधिकार र कृषिका तालिममा सहभागी हुने अवसर पाइन्। अनिकाल र भोकमरीबाट कसरी मुक्ति पाइएला भन्ने उपायको खोजीमा रहेका बेला पाएको ज्ञान, सिप, विचार र बीउले उनको जीविकामा नै फरक पार्‍यो।

तालिम त लिइन्, सिप पनि सिकिन् तर 'दलित तीर्थ जा कि नजा, कालो मान्छे नुहा कि ननुहा' (दलितले तीर्थ गएर, कालो मान्छेले नुहाएर केही हुँदैन) भन्ने समाजमा बाँचेकी उनलाई यो सिप व्यवहारमा उतार्न भने सहज थिएन। पुर्खौंदेखि मान्छेले मान्छेलाई गर्ने छुवाछुतको अमानवीय व्यवहार भोग्दै आएकी काँसीकला 'जे होला त' भनेर कस्सिइन्। अनि भएको जग्गामा मल, माटो, खेतीपाती सुधार गरेर वर्षभरिमा थप २ महिना खान पुग्ने अवस्था निर्माण गरिन्।

गाउँ छिमेकका पुरुषले दलित भएकै कारण ख्यालठट्टामै दुर्व्यवहार गर्थे। यस्तो अवस्थामा उनलाई के राम्रो, के नराम्रो छुट्याउनै गाह्रो पर्थ्यो। के गरौं कसो गरौं भन्ने अलमलमा थिइन्। एकातिर समाजका गैरदलितले 'दलितको जग्गा जमिन हुँदैन, हाम्रो काम गरेर, सेवा गरेर खानुपर्छ' भन्थे अर्कोतिर आफूहरूको चाहिँ जमिन नहुँदा उनलाई पनि 'हो त नि' जस्तो लाग्थ्यो। दलित भएकाले त्यसै गर्नुको विकल्प पनि थिएन। गैरदलितकहाँ काम गरेर पाएको अन्न/ खर्चले पनि उनको ९ जनाको परिवार धानिए त हुन्थ्यो नि ? काम गर्दागर्दै पनि खान नपुगेपछि अरूको भाँडा पुछपाछ पारेर छाक टार्नुपर्ने अवस्थाले उनलाई केही गर्नैपर्ने बाध्यता उत्पन्न गराएको थियो।

तालिममा पाएको सिप प्रयोग गरेपछि उनी थोरै जमिनबाट धेरै फलाउन सफल भइन्। एक बोरा गहुँ फल्ने जमिनमा ६ बोरा प्याज फलाइन्। अनि प्याजसँग गहुँ सरी (बराबर) मा साटिन्। त्यतिमात्र हैन, बाह्रैमास तरकारी खेती गरिन्। यसबाट परिवारको पोषणमा सुधार ल्याउन सकिन्। आफ्नो सीमित बारीको डिल कान्लामा नेपियर घाँस लगाइन्। अनि घाँसको बिरुवा बेचेर पैसा पनि कमाइन्। त्यही घाँसबाट भैंसी पालन सहज बन्यो। यस्तो अवस्था उत्पन्न भएपछि पहिले १ भैंसी र १ गोरुमात्र रहेकामा अहिले त्यसलाई बढाएर हल गोरु बनाइन्। भैंसी थपिन्। ३५ वटा बाख्रासमेत पालेकी छिन्।

घाँस छ भने पशुपालन छ, पशु छ भने मल छ, मल छ भने खेती उत्पादनमा वृद्धि छ भन्ने काँसीकला यही वास्तविकता राम्ररी बुझेर त्यस्तैखाले अभ्यास गरेको सुनाउँछिन्। आधा पेट र कुपोषणको समस्याबाट मुक्त हुन गरेको खेतीपातीको सुधारमा उनी वर्षेनि नमुना जोडी कृषकका रूपमा सम्मानित हुँदै आएकी छिन्। साथै गाविसस्तरको कृषि प्रदर्शनी मेलामा पनि हरेक वर्ष पुरस्कृत हुँदै आएकी छन्। उनको सक्रियता यतिमा सीमित छैन। घेरबार गरिएको करेसाबारीमा बाह्रैमास तरकारी फलाउने, खासगरी हिउँदे तरकारी फलाउने, घाँस लगाउने, मल व्यवस्थापन गर्ने, घर आँगनको सरसफाइ गर्ने जस्ता कार्यमा पनि नमुना बन्न सकेकी छिन्। खाद्य सम्प्रभुता अर्थात खाद्यान्नमा आत्मनिर्भर हुने बाटो उनले अरूलाई समेत देखाएकी छिन् यसरी। कृषि, पशुपालन, घाँस, मल सबैलाई व्यवस्थित गरेर उत्पादन बढाउने काइदाको बाटो देखाएकी छिन् स्थानीय स्तरमै। त्यस भेगमा काम गर्ने गैसस र सरकार उनले खनेको यही राजमार्ग पछ्याउने क्रममा देखिन्छन् अहिले।

उनको घाँस खेती देखेर छिमेकी पनि उनीसँग घाँसका बिरुवा मागेर र किनेर रोप्न थालेका छन् अहिले त। उनले आफ्नै गाउँका सबै घरलाई घाँसका बिरुवामात्र हैन, तरकारीको बीउसमेत बाँडेकी छिन्। त्यसैले केही वर्षअघिसम्म उनको बारीमा मात्र हुने घाँस र तरकारी अरूको बारीमा पनि देखिन थालेका छन् यतिखेर। अर्थात् सबैका डिल, कान्ला घाँसमय भएका छन् भने बारी तरकारीमय।



काँसीकलाले एक्लै खेतीको काम सफल पार्न सकिँदैन भन्ने प्रष्ट बुझेकी छिन्। त्यसैले घर परिवारको सहयोग पनि लिने गरेकी छिन्। अनि कोही नआएको ठाउँमा संस्था आएर यति सिप दिएकामा धन्यवाद दिन्छिन् र यो संस्था यहाँ सधैँ बस्दैन भन्ने पनि राम्ररी बुझेकी छिन्। त्यसैले त सहयोग पाएका बेला लिइहाल्ने, कुरा सिकिहाल्ने बानी बसालेकी छिन्। नियमितरूपमा नयाँ थप ज्ञान, सिप र कृषिका सेवा उपलब्ध गराउने सरकारी कार्यालय तथा कर्मचारी कसरी पाउन सकिन्छ भन्नेबारे पनि चासो बढाउन थालेकी छिन्। उसै त मुलुकमा कृषि क्षेत्रमा सरकारी सेवा पाउनु निकै गाह्रो कुरा भएको छ। त्यहीँमाथि मुगुको पनि सदरमुकामबाट दुई दिनको बाटो टाढा सरकारी आँखा पर्नु पक्कै सजिलो छैन। यस्तो अवस्थाबीच काँसीकलाले हासिल गरेको उपलब्धि कम आँक्न पक्कै मिल्दैन।

अघि बढ्न त खोजिरहेकी छिन् तर चुनौती पनि उत्तिकै छन् उनका अघि। महिला किसान भएर भोग्नुपर्ने समस्या एकातिर छँदैछ अर्कोतिर परिवार र समाजको बन्धन पनि अझै खुकुलो हुन सकेको छैन। काममा यति सफलता मिलिसक्दा पनि एक्लै अलि टाढा गएको रुचाउँदैनन् श्रीमान्। कहिलेकाहीँ नगई उनको व्यवहार चल्दैन। महिला, त्यसमाथि दलित भएकैले छुवाछुत र हेलाँहोचो बेहोर्नुपर्ने, गरेर खाउँ भन्दा पनि परिवारमा मतो नमिल्ने, छरछिमेकबाट चोरी हुने जस्ता चुनौती उनले यतिखेर सामना गर्दै आएकी छन्। भन्छिन्- तर पनि मैले हरेस भने खाएकी छैन। त्यसैले आफ्नो बाँकी जीवन पक्कै उज्यालो हुन्छ भन्ने विश्वास छ।

## विश्वास नै उपलब्धि

'बाख्रो बटालो, स्वाइनी मुख्यानी कहिल्यै हुँदैन' (बाख्राले बाटो देखाउँदैन, महिला मुखिया कहिल्यै हुँदैन) भन्ने मान्यताले जरो गाडेको छ काँसीकलाको गाउँमा। महिला अगुवा हुनै सक्दैनन् भन्ने यस्तो समुदायमा उनले गरेको आँट ज्यादै नै प्रशंसनीय हो। एकातिर साह्रै दुर्गम, त्यसमा पनि दलित, दलितमाथि पनि महिला। यस्तो पछौटेपन र प्रतिकूलतामा पनि कृषिमार्फत् मुहार फेर्न सकिन्छ भन्ने विश्वास आफैँमा ठूलो उपलब्धि मानुपर्छ।



नाम : कली वली

उमेर : ४० वर्ष

ठेगाना : सानो किच, मैनतडा, सुर्खेत

भरोसा माछा र तरकारीको

# बाइ बाइ कालापहाड !

खोइ कली ? परिवारका जसले पनि दिने उत्तर एउटै हुने गर्छ- उही घरपछाडि त हो। हो, पक्कै उनी दिनभर घरपछाडि नै भेटिन्छिन्। जहाँ उनको तरकारी बारी छ। आफूसँग भएको पाँच रोपनी जमिनमध्ये तीन रोपनीमा तरकारीमात्र लगाएकी छिन्। अनि यहीँको माटो पल्टायो, उल्टायो, रोप्यो, छऱ्यो, टिप्यो, गोड्यो, बेच्यो- यस्तैमा बित्छ उनको हरेक दिन घरपछाडि। त्यही कारण घर परिवारका हुन् कि छिमेकी, कसैले कलीलाई खोज्यो कि भन्दिहाल्छन्- घरपछाडि।

आजभोलिको सुक्खा समयमा समेत कलीको बारीमा बोडी, काँक्रा, खुर्सानी, टमाटर प्रशस्त फल्छन्। यसैको आम्दानीबाट उनले छोराछोरीलाई सजिलैसँग पढाउन सकेकी छन्। श्रीमान् चित्रबहादुर पनि कालापहाड जाँदैनन्। 'अब त कहाँ कालापहाड जानु ?', मुस्कुराउँदै कलीले भनिन्- यहीँ आफ्नो घरमा त काम गर्न नभ्याएर अरू मान्छे लगाउन पऱ्या छ।

यति जग्गामा धान र गहुँ लगाउँदा बिहान-बेलुकीको छाक टार्नसमेत मुस्किल हुन्थ्यो कलीको परिवारलाई। त्यसैले परिवारको दैनिक गर्जो टार्नकै लागि पैसा कमाउन उनका श्रीमान् चित्रबहादुर कालापहाड (भारत) जान्थे। चित्रबहादुरले कालापहाडबाट ल्याएको पैसा पनि केही दिनमै सकिन्थ्यो। 'वर्षभरमा मुस्किलले ३०-३५ हजार रुपियाँ बचाएर ल्याउनुहुन्थ्यो', कली भन्छिन्- 'त्यो पैसा छोराछोरीलाई पढाएको ऋण तिर्न, लत्ताकपडा र खाद्यान्न किन्नमै सकिन्थ्यो।' अहिले भने यति धेरै पैसा ल्याउने चित्रबहादुर कालापहाड जान छाडेका छन् तर पनि घरको आर्थिक अवस्था भने सप्रँदो छ क्रमशः।

नौ वर्षदेखि तरकारी खेती गर्न थालेकी उनी भन्छिन्- मेहनत गरेपछि पैसा कमाउन विदेश जानुपर्दो रहनेछ, यहीँ सुन फल्दोरहेछ। गाउँकै एक्ली व्यावसायिक तरकारी कृषक कली अहिले निकै खुसी पनि छिन्। किनकि गाउँमा अरू धेरै कृषक भए पनि उनीजस्ता व्यावसायिक तरकारी खेती गरी राम्रो आम्दानी गर्ने कृषक भने छैनन्। त्यसैले उनी तरकारी लगाइरहँदा गाउँका अधिकांश मानिस भने कलीकै घरमा तरकारी किन्न आउँछन्। 'मेरो बारीको आधा तरकारी त यही गाउँमै बिक्री हुन्छ,' कली थप्छिन्- 'कसैलाई त बारीको तरकारी टिपिदेउ, बरु एक, दुई छाक लगसमेत भन्ने गरेकी छु।' उनको ब्यस्तता प्रमाणित गर्छ यो भनाइले।

गाउँमा तरकारी खेतीको राम्रो सम्भावना र भविष्य दुवै छ। यही कारण कली बेलाबेलामा छरछिमेकीलाई समेत तरकारी खेती गर्नुपर्छ भनेर सुझाव दिने गर्छिन् तर उनको सुझावले अहिलेसम्म व्यावहारिक रूप भने लिइसकेको छैन। आफूले गरेर देखाइसक्दा पनि अरू गाउँले यसतर्फ आकर्षित नहुनुले भने उनलाई अचम्मै लागेको छ। न बजारको समस्या, न अरू कुनै तनाव, ब्यस्त पनि भइने, आम्दानी पनि हुने- यति सजिलो व्यवसाय पनि किन गर्दैनन् अरू ? कलीले नै बुझ्न सकेकी छैनन्।

स्थानीय वातावरण विकास समाजद्वारा गाउँमा गठित समूहको अध्यक्ष पनि हुन् कली। गत वर्ष अध्यक्ष छाडेर अरूलाई पालो दिने निधो गरिन्। यसका लागि समूहमा प्रस्तावसमेत गरिन तर मान्न कोही पनि तयार भएनन्। 'मैले ममात्र भएर हुँदैन, अरू पनि अध्यक्ष हुनुपर्छ भनी आग्रह गरेँ', कलीले भनिन्- 'तर समूहका साथीहरूले तपाईँबाहेक अरूले अध्यक्ष पद चलाउन सक्दैनन् भन्नुभयो।' उनको हरियाली कृषक समूहमा अहिले २४ जना कृषक आबद्ध छन्। कलीकै सक्रियतामा कृषकहरूले उक्त समूहलाई गत वर्ष जिल्ला कृषि विकास कार्यालय सुर्खेतमा दर्तासमेत गरे। यसले पनि कलीको प्रभाव समाजका कति छ भन्ने प्रष्टिन्छ।

उनी आजभोलि दैनिक कम्तिमा पनि २५ किलोग्राम तरकारी बिक्री गर्छिन्। जसमध्ये १५ किलो जति घरबाटै बिक्री हुन्छ। १० किलोचाहिँ नजिकैको भिङ्ने बजारमा बिक्री हुने गरेको छ। बढी उत्पादन भएका बेलाचाहिँ अलिकति टाढाको जहरे बजारसम्म लगेर बेच्ने गरेकी छिन्। पहिले आफैँ किनेर तरकारी खाने कलीले यो सिजनमा मात्र चार क्विन्टल बोडी र दुई क्विन्टल टमाटर बिक्री गरेर करिब ३५ हजार रुपियाँ हात पारिसकेकी छन्। 'पैसा कमाइने भएपछि त काम गर्न पनि निकै जाँगर लाग्दोरहेछ'- कलीले खुसी हुँदै भनिन्।



उनको तरकारीलाई बजार समस्या नहुनुमा रासायनिक मलको प्रयोग एकदमै कम गरिनु पनि एक हो। रासायनिक मलको प्रयोगले माटो बिग्रेपछि उनले गाइगोरु र भैंसीको मलमात्र प्रयोग गर्ने गरेकी छिन्। त्यसैले त राम्रो आम्दानी गरेर उनले वर्षमा ७०-८० हजार रुपियाँ बचतसमेत गर्छिन्। कलीले घरमा तरकारी मात्र होइन, अहिले त जिल्ला कृषि विकास कार्यालयसँग सहयोग लिएर माछा पोखरीसमेत निर्माण गरेकी छन्। कृषि कार्यालयको ४५ हजार र आफ्नो ६० हजार रुपियाँ लगानी गरेर माछा पालन सुरु गरेकी हुन्। यो माछाले आफूलाई राम्रोसँग उकाल्ने आशा छ उनको।

यही मेहनतका कारण कली आजभोलि गाउँमा सबैले पत्याउने नाम बनेकी छन्। गाउँमा कुनै सङ्घ/संस्था आए कि सुरुमा उनकै खोजी हुन्छ। 'गाउँमा कोही नयाँ समूह बनाउन आए भने सबैले मेरो नाम दिनुहुन्छ', कली उत्साहित हुँदै भन्छिन्- 'समूह बनाउने भए पहिले कलीलाई सोध्नुपर्छ भन्नुहुन्छ।' धेरै हैन, नौ वर्षअघिसम्म उनलाई गाउँमा कसैले पत्याउँदैनथे। कसैसँग पैसा सापट माग्न जाँदासमेत दिन हिच्किचाउँथे। अर्कोतिर घरमा श्रीमान् नहुँदा निकै समस्या हुन्थ्यो। छोराछोरी बिरामी हुँदा अस्पताल लैजाने मान्छेसमेत पाउन गाह्रो हुन्थ्यो। यही विगत सम्झँदै कलीले भनिन्- यतिसम्म कि गाउँमा खसी काट्नेले समेत यसले पैसा तिर्न सक्दिन भनेर सोध्नसमेत आउँथेनन्।

अहिले त तिजुखोला सामुदायिक वन उपभोक्ता समूहको कोषाध्यक्षसमेत भएकी छिन् कली। अनि छिन्चु बजारमा रहेको राष्ट्रिय वाणिज्य ब्याङ्कको शाखामा समूहको नाममा खाता पनि खोलिन। अर्थात् लथालिङ्ग पाराको हिसाबकिताब व्यवस्थित गराइन्। जबकि उनी कोषाध्यक्ष बन्नुअघि समूहको खातासमेत थिएन। त्यतिमात्र पनि हैन, कली स्थानीय जहरे बजारमा रहेको सगरमाथा सहकारी संस्थाकी पनि उपाध्यक्ष हुन्। जहाँ उनी अरूलाई बचत गर्न सुझाउँछिन् र आफू पनि नियमित बचत गर्छिन्। यसबाट देखिन्छ कि गाउँमा बसेर उनले कृषि कर्ममा मात्र होइन, विस्तारै नेतृत्वमा पनि पहुँच बढाइरहेकी छिन्। यिनै कारणले गर्दा आज उनको सबैभन्दा ठूलो सम्पत्ति 'गाउँछिमेक र समाजमा बढेको पहिचान' बन्न पुगेको छ।

### मेहनतको मज्जा

'राति अबेरसम्म मोबाइलको टर्च बालेर बारीमै काम गर्छु।' यसरी अबेरसम्म बारीमा टर्च बालेर काम गर्दा कलीका श्रीमान् रातमा काम गर्नुहुँदैन लाज हुन्छ भन्छन् तर कलीलाइ भने त्यस्तो लाग्दैन। 'उहाँ राति-राति टर्च बालेर बारीमा काम गर्नु हुँदैन भन्नुहुन्छ', सँगै रहेका श्रीमान्तिर फर्किँदै उल्टै प्रश्न गर्छिन्- तर म काम गर्न केको लाज भन्दै काम गरिरहन्छु, चोर्न पो लाज हुन्छ, काम गर्न पनि लाज हुन्छ र ?'



**नाम : मिठु अधिकारी**

**उमेर : ३० वर्ष**

**ठेगाना : लाहाचोक, कास्की**

नजर बजारमा

# तीन वर्षमै कायापलट

मात्र तीन वर्षअघिको कुरा हो, छोराछोरीलाई पेटभरि खुवाउन नसक्दा मिठु अधिकारीलाई बाँकी जीवन यसरी नै बित्ने भो भन्ने चिन्ता लागेको थियो। कुपोषण लागेको छोरालाई पौष्टिक आहार त के, ज्यान धान्नकै लागि आवश्यक पर्ने दैनिक खानासमेत जुटाउन नसक्दा उनलाई आफ्नै जीवन बोझ लागेको थियो। यस्तो अवस्थामा बाँच्नुको अर्थ खोज्दैमा बित्यो उनको धेरै समय।

तर अहिले समय र परिस्थिति फेरियो। त्यही बोझिलो लाग्ने उनको जीवन उत्साहपूर्ण भएको छ। उजाड जिन्दगी हराभरा हुन पुगेको छ। अहिलेको अवस्था देखेर आफू त दङ्ग छिन् नै, साथै छिमेकीसमेत चकित परेका छन्। कसरी आयो त यो तीन वर्षमा उनमा चामत्कारिक परिवर्तन ? प्रश्न खस्न नपाउँदै भन्छिन्- केले हुनु नि, तरकारी खेतीले। यही कारण त बालबच्चालाई पेटभर खानासमेत दिन नसकेकी मिठुसँग अहिले खानाका लागि धेरै रोजाइ छन्। सोझो अर्थमा भन्दा यसको मुख्य कारण हो- आर्थिक सक्षमता।

यस्तै दयनीय आर्थिक अवस्था सुध्रन्छ कि भनेर श्रीमान् विदेश गए। यता मिठुले पनि यही बेला केही गर्ने सोचेर दुई रोपनी जग्गामा एउटा टनेलबाट गोलभेडा खेती सुरु गरिन्। यसका लागि चाहिने पैसा ऋण खोजिन्। अहिले त उनको टनेल बढ्दै गएर ७ वटा पुगेको छ। तीन वर्षअघि २ लाख ऋण खोजेर तरकारी खेती गरेकी मिठु अहिले त गोलभेडाबाट मात्र वार्षिक २ लाख रुपियाँभन्दा बढी बचत नै गर्छिन्।

यसबाहेक उनले काउली, बन्दालगायतका मौसमी तथा बेमौसमी तरकारी पनि लगाउने गरेकी छिन्। साथै बाख्रा र भैंसी पनि पालेकी छिन्। तरकारी, बाख्रा र भैंसीको स्याहार जस्ता सबै काम एक्लै गर्छिन्। दूध बेच्न पनि भ्याएकी छिन्। तरकारीको सिजनमा भने केही मानिसलाई ज्यालामा पनि लगाउने गरेकी छिन्। बाँकी समय एक्लै भ्याउँछिन्।

अहिले उनले ७ रोपनी जग्गा भाडामा लिएर तरकारी खेती गरेकी छिन्। मिठु अहिले यही कारण गाविसमा मात्र हैन जिल्लामै नमुना महिला किसान बनेकी छिन्। उनको तरकारी फार्म हेर्न र उनलाई भेटेर जानकारी लिन दैनिक ५ जनाभन्दा बढी कृषक र विद्यार्थी पुग्छन्। 'के के गर्नुभयो, कसरी गर्नुभयो, कसरी एक्लै भ्याउनुहुन्छ, यसरी सफल हुनुको रहस्य के हो जस्ता प्रश्न सोध्छन्, अनि प्रशंसा गरेर जान्छन् र धन्यवाद पनि दिन्छन्, यसले मलाई थप हौस्याउने गरेको छ'- मिठु खुसी हुँदै भन्छिन्।

१४ वर्षमा विवाह गरेकी उनलाई पढेर जागिर खान नपाएकोमा ठूलो पछुतो थियो। तर अहिले भने त्यो पछुतोलाई तरकारी खेतीले खुसीमा बदलिदिएको छ। आफूसँगै पढेका साथीले डिग्री पास गरेर १० हजारको जागिर खाइरहँदा उनी भने आफ्नै व्यवसायबाट मासिक ५० हजार रुपियाँभन्दा बढी आम्दानी गर्छिन्। त्यसैले ७ पास मिठु भन्छिन्- अहिले त पढेर जागिर खाएकाको भन्दा आफ्नै प्रगति देखेर छक्क पर्छु।

निरन्तरको प्रगतिले उनलाई यति हौस्याएको छ कि अब विदेशिएका श्रीमान्लाई समेत घर बोलाएर मिलेर यही व्यवसाय बढाउने उनको सोच छ। अझै ठूलो फार्म बनाएर अरूलाई समेत रोजगार दिने योजना पनि छ उनको। तरकारीले नपुगेर कुखुरापालनका लागि समेत पूर्वाधार निर्माण सुरु गरिसकेकी छिन्। मिठुका अनुसार उनका श्रीमान्समेत यो प्रगति देखेर अब यतै बसेर काम गर्न राजी भएका छन्।

परिश्रम गरे देशमै सुन फल्छ भन्ने मिठुले प्रमाणित गरेकी छिन्। यही कारण मिठुको परिश्रम देखेर छिमेकीले समेत उनको सिको गर्न थालेका छन्। 'नपढे पनि कृषि क्षेत्रमा उदाहरणीय बन्न सकिन्छ भन्ने मिठुले सबैसामु छर्लङ्ग पारेको' उनका छिमेकी तथा एमाले नेता विष्णुप्रसाद पौडेलले बताए। पौडेलले थपे- उनको सक्रियता कृषि कर्ममा मात्र हैन, अहिले सामाजिक सङ्घ/संस्थामा समेत बढेको छ।

आर्थिकरूपमा सक्षम भएपछि धेरै आत्मविश्वास बढेको मिठुको अनुभव छ। सामाजिक काममा खर्च गर्नसमेत उनी अग्रसर हुने गरेकी छिन्। छिमेकीलाई सहयोग गर्न र गाउँलाई नै आर्थिकरूपमा



सवल बनाउन उनको पहल उल्लेख्य छ। मिठुको प्रगति देखेर कामै नगरी बस्ने पुरुषसमेत अहिले यस्तै काम गर्न थालेको छिमेकी गोमा अधिकारीको भनाइ छ।

आफ्नो बारीको उत्पादन बिक्रीका लागि आफैँ बजारसम्म धाउँछिन्। लाहाचोकबाट २० किलोमिटर टाढाको पोखरासम्म तरकारी बेच्न लैजान्छिन्। ९ र ११ वर्षका दुई छोरा पढ्दै गरेकाले उनलाई घरमा सघाउने पनि कोही छैन। सिजनमा एकै दिन ४ सय किलोग्रामसम्म तरकारी बेच्ने उनी यतिबेला त लखतरान हुन्छिन् तर पनि हरेस खाएकी छैनन्। उनी आफ्नो काममा यति ब्यस्त हुन्छिन् कि भाउ सोधेर 'बार्गेनिङ' गर्ने फुर्सदसमेत छैन। बजारमा ल्याएर भारी खन्याएपछि बाँकी टिप्नकै लागि उनलाई भ्याइ/नभ्याइ छ। उनी भन्छिन्- कहिले त म पैसा लिँदा नै आत्तिन्छु।

यही कारण हो- मिठुले पछिल्लो तीन वर्षको अवधिमा ७ रोपनी जग्गासमेत किनेकी छिन्। अनि एउटा पक्की घर पनि बनाएकी छिन्। छोरालाई बोर्डिङ पढाएकी छिन्। श्रीमान्को र उनको कमाइले वर्षेनि केही जोरजाम गर्न सक्ने अवस्थामा पुगेकी छिन्।

मिठुको यही लगाव, हिम्मत, साहस र जाँगरलाई अहिले पुरै गाउँले पछ्याएको छ। गरे के नहुने रहेछ र ? भन्दै उनको सिको गर्नेहरू धेरै निस्केका छन्। छरछिमेकका महिला पनि मिठुको कामबाट प्रभावित भई आफ्नै बारीमा तरकारी फलाउन लागिपरेका छन्। परिणाम- लाहाचोकमा अहिले 'एक घर, एक टनेल' अभियान नै चलेको छ। अर्थात सबैजसो व्यावसायिक खेतीतर्फ आकर्षित भएका छन्।

आर्थिक समृद्धिले पहुँच र सहभागिता पनि वृद्धि गराउँदोरहेछ भन्ने उदाहरण पनि हुन् मिठु। पहिले केहीमा पनि संलग्न नभएकी उनी अहिले गाउँस्तरीय विभिन्न सामाजिक संस्थामा आबद्ध छिन्। गाविस हित कोषको सदस्य, साना किसान समूहको सदस्य र प्रतिभा साना किसान महिला सहकारी संस्थाको सदस्य बनेकी उनलाई अन्य विभिन्न संस्थामा बसिदिन पनि अनुरोध आउने गरेको छ।

यति धेरै काम गर्दा पनि उनले चेस नेपाल र गाविस हित कोषबाट सामान्यबाहेक सरकारी निकायबाट कुनै तालिम पाउन सकेकी छैनन्। तालिम पाए अझै राम्रो गर्न सकिने धारणा उनको छ। कृषि कार्यालय, कृषि प्राविधिक आदिबारे खासै जानकारी नभएकी मिठु भन्छिन्- गाउँमा एउटा तरकारी सङ्कलन केन्द्र खोल्न सके धेरै सुविधा पुग्ने थियो। किनकि गाउँमा आफूमात्र सक्षम भएर उनी खुसी छैनन्। सबै महिलालाई व्यावसायिक बनाएर आफ्नो खर्च आफैँ कमाउन सक्ने बनाउने उनको सपना हो। 'अबको समय म यही सपना साकार पार्ने बाटोमा खर्चने छु'- उनी भन्छिन्।

## अबको ध्यान बजारमा

बजार टाढा भयो। कसैसँग खासै सम्पर्क छैन। त्यसैले बार्गेनिङ गर्ने र आफ्नो उत्पादनको उचित मूल्य कति भन्ने एकिन गर्न पनि सकिएन। कति व्यापारीले त पैसा पनि खाइदिए। त्यसैले हामी १३० जना मिलेर महिला उद्यमी सहकारी नै खोलेका छौं भर्खरै। यसको मुख्य उद्देश्य गाउँमै तरकारी सङ्कलन केन्द्र खोल्ने हो। त्यसपछि बल्ल हाम्रो उत्पादनमाथि हाम्रै मूल्य कायम हुन सक्छ। अर्थात् ठगिन पर्दैन भन्ने विश्वास छ।



नाम : राजकुमारी सदा

उमेर : ४० वर्ष

ठेगाना : मुसहरी टोल, लक्ष्मीनिया-१, महोत्तरी

बाँझो जग्गाको सदुपयोग

## भकारीले ल्यायो चमक

महोत्तरीको हरिहरपुरमा जन्मिएकी राजकुमारी सदाको जिन्दगी पनि त्यस्तै दुःखदायी थियो जस्तो अरू मुसहर परिवारको हुने गर्छ। अरू प्रगतिका लागि हैन, खानकै लागि ७ वर्षको उमेरदेखि नै सङ्घर्ष गर्नुपर्‍यो। उब्जाउ गर्ने जमिन थिएन। ८ जनाको परिवारलाई गुजारा चलाउन ज्यालाबनीको काममा बाबुआमालाई सघाउनुको विकल्प थिएन तर पनि उनले कहिल्यै अघाउन्जेल खान पाइनन्।

२०४२ सालमा लक्ष्मीनिया-१ बस्ने रामेश्वर महतोका हरूवा सुरज सदासँग उनको विवाह भयो। सानै उमेरदेखि चरुवा (साहूको बाख्रा, गाईवस्तु चराउने) बसेका सुरज त्यतिखेर 'प्रमोसन' भएर हरूवा (साहूको जमिन जोतिदिने) भएका थिए। उनले हरूवा बसेबापत वर्षको ८ मन धान पाउँथे। 'बर्मा गए पनि कर्म सँगै' भनेझैँ राजकुमारीले बिहेपछि पनि दुःखै झेल्नुपर्‍यो। बिहानको मिर्मिरेदेखि रातको जुनेलीसम्म उनीहरू जमिनदारको खेतीमै व्यस्त हुन्थे।

दिनरात खट्दा पनि पेटभर खान नपाइने अवस्था कहिलेसम्म झेलिरहने ? उत्तर दुवै जनासँग थिएन। त्यसैले उनका पतिले हरूवा छाड्ने निधो गरे। यसरी हरूवा नबस्ने निर्णय गर्न सजिलो थिएन किनकि हरूवा बस्नेहरू जसकहाँ काम गर्‍यो उसैकहाँ बस्ने चलन हुन्छ। आफ्नै जमिन र घर नहुनाले उनीहरूलाई पनि बस्ने ठाउँ अभाव भयो। हरूवा बस्न छाडेकाले समुदायमा ऋण पाउन पनि कठिन भयो।

जहाँ इच्छा, त्यहीँ उपाय भनेझैँ बल्लतल्ल सबै आफन्त गुहारी १५ हजार रुपियाँ जुटाउन सके। त्यसैबाट १२ धुर जग्गा किने। यसरी किनेको जग्गामा टाउको लुकाउन मिल्नेसम्मको सानो झुपडी बनाए। तर त्यो जग्गामा फेकु सदा भन्ने व्यक्ति मोही रहेछन्। मोहीको नाम पुर्जाबाट नकटाउन्जेल यस्तो जग्गा किन्नेको मात्र हुन सक्दैन। तर फेकुले ७ हजार दिएमात्र आफू मोहीबाट हटिदिने नत्र नछाड्ने अडान लिए। झन् दुःख थपियो उनको परिवारमा। जेनतेन यो रकम पनि जुटाए। बस्ने बास भएपछि उनका श्रीमान् कमाउन पञ्जाब गए।

श्रीमान् ५/६ महिनामा आउँथे, ल्याउन त ६ देखि ८ हजारसम्म लिएर आउँथे तर उनले ल्याएको भन्दा बढी पैसा उधारो खाएको तिर्नै हुन्थ्यो। कहाँ कपडा, कहाँ शिक्षा, कहाँ स्वास्थ्य, कहाँ ऋण तिर्ने ? राजकुमारी पनि अरूको घरमा भाँडा माझ्ने, घाँस काटिदिनेलगायत काम त गर्थिन् तर त्यसले पनि गुजारा नै ठिक्क हुन्थ्यो। यही आर्थिक कमजोरीका कारण छोराछोरीलाई स्कुल पठाउनुको सट्टा जमिनदारको गाई बस्तु चराउन र घाँस काट्न पठाउनुपर्ने बाध्यता भयो। परिवार यत्रतत्र छरिनुपर्‍यो पेट पाल्नकै लागि।

यो भयो उनको विगत। तर अहिलेको अवस्था भने नितान्त पृथक छ। जब २०६६ सालमा गाउँ भूमि अधिकार मञ्च गठन भयो, विभिन्न छलफलका साथै बाँझो जग्गा उपयोग र अधिकारबारे पनि कुरा चल्यो। स्थानीय राजनीतिक दल, बुद्धिजीवी र गाविसका प्रतिनिधिसहितको छलफलपछि गाउँकै ७ विघा बाँझो (सरकारी स्वामित्वको) जग्गामा लक्ष्मीनिया-१ का ३९ सुकुम्बासी परिवारले सामूहिक खेती गर्ने निर्णय गरे। जसमध्ये राजकुमारीको भागमा ४ कठ्ठा जमिन पर्‍यो।

कहिल्यै आफ्नो जग्गामा खेती गर्न नपाएकी राजकुमारीले यसमा निकै मेहनत लगाइन्। अरूका लागि थोरै ज्यालामा श्रम बेच्ने उनले त्यो जग्गामा कडै मेहनतसाथ मकै लगाइन्। पहिलो पटक नै त्यसबाट उनको परिवारलाई वर्षभर खान पुग्ने अन्न फल्यो। कमाउन भारत गएका श्रीमान्लाई पनि बोलाइन्। दुवै मिलेर सोही जमिनमा खेतीपाती गर्न थाले। त्यसपछि त अचम्मै भयो- ज्यालाबनीबाट छाक टार्ने उनीहरूको घरमा कोठी भकारी नै तयार भयो। राजकुमारी भन्छिन्- जुन दिन मेरो घरमा भकारी बन्यो त्यो मेरो जिन्दगीको सबैभन्दा खुसीको दिन थियो। 'सँगै पेट भरिएको दिन पनि त्यही थियो मेरो परिवारको'- उनी थप्छिन्।

जन्मेदेखि नमरुन्जेल जग्गामै पसिना चुहाए पनि आफ्नै जग्गामा खेती गर्ने अवसर मुसहरलाई शायदै मिल्छ। यही समुदायकी राजकुमारीले आफैँ खेती गर्ने जग्गा पाएपछि त्यसमा मकैमात्र लगाएर चित्त बुझेन। अनि बहुबालीअन्तर्गत तरकारी खेती पनि सुरु गरिन्। लौका, फर्सी, भिन्डी, सिमी, वल, करेला, बोडी र झिमनी पनि लगाइन्। त्यसबाट पहिलो वर्षमै ६२ हजार रुपियाँ आम्दानी गरिन्। बच्चा बिरामी पर्दा सिटामोल किन्नसमेत साहूसँग पैसा माग्नुपर्ने राजकुमारी दम्पतीका



लागि यो कमाइ कम उत्साहजनक रहेन। जसले उनीहरूलाई थप मेहनत गर्न हौस्यायो।

बाँझो जग्गामा खेती गरेर आर्थिक स्थिति सुध्रिएपछि उनीहरूले चरुवा बसेका छोराछोरी फिर्ता बोलाए। ५ जना छोराछोरीमध्ये बिहे भएकी एक छोरीबाहेक अरूलाई पढाइरहेका छन्। एक छोरा गाउँ नजिकैको जनता उच्च माविमा १० कक्षामा पढ्दैछन् भने एक छोरा ज्ञानमन्दिर बोर्डिङ स्कुलमा। सिङ्गो मुसहरी टोलबाट बोर्डिङ पढ्ने उनको छोरो एक्लो विद्यार्थी हो। त्यसमा उनलाई कम्ता गर्व छैन। किन ? 'किनकि यो हाम्रो सपनाबाहिरको कुरा थियो'- प्रष्टै छ गर्वको कारण।

यतिमात्र हैन, उनले यही बाँझो जग्गामा गरेको खेतीपातीको आम्दानीले टेलिभिजन किनेकी छिन्। घरमा शौचालय बनाएकी छिन्। २० हजारमा भैँसी किनेकी छिन्। अहिले उनी दैनिक ८ लिटर त दूध नै बेच्छिन्। बारीमा परबल र अन्य तरकारी बेच्ने बेला भएको छ। केही न केही बेचिरहन्छन्। खेतीको मौसम नभएका बेला फुत्त भारत जाने श्रीमान्को कमाइले पनि यी जोरजाममा केही भरथेग अवश्य गरेको छ। त्यसैले अहिले राजकुमारीको अवस्था विगतको तुलनामा कल्पनै गर्न नसकिने गरी फेरिएको छ। जसको श्रेय उनी भूमि अधिकार मञ्चलाई दिन्छिन्। उनकै भनाइमा यो बाटो देखाइदिने मञ्च नै हो रे।

गाउँबाट १० मिनेटको दूरीमा पुगिने इम्लीमा हरेक साता हाट लाग्ने गर्छ। उनीहरूका सबै उत्पादन यही हाटमा बिक्छ। त्यसैले बजारको समस्या छैन। अब सबै समुदाय मिलेर मराहा खोलालाई नियन्त्रण गरेर जग्गा सुरक्षित बनाउने उनीहरूको योजना छ। यसका लागि भूसंरक्षण कार्यालयबाट तारजाली पनि पाइसकेका छन्। यसो गरेपछि खेती गर्ने जग्गा बढ्ने आश राजकुमारीको छ। उनी जग्गा पाए धेरैभन्दा धेरै खेती गर्ने र त्यसैबाट आफ्नो जीवनस्तर उकासिनेमा विश्वस्त छिन्। 'पढेलेखेको छैन, खेतीबाहेक अरू काम जानेको पनि छैन, अनि खेतीमै सपना नदेखे केमा देख्नु त ?'- खेतीबाटै जीवनस्तर उकासिने सपना देख्नुको सोझो प्रष्टीकरण छ उनको।

उनको मेहनतलाई सलाम गर्नेहरू उनकै छिमेकमा भेटिन्छन् प्रशस्त। अनि आफ्नो भागमा परेको जग्गामा उनको जस्तै मेहनत गर्नुपर्छ भन्ने पनि धेरै निस्केका छन्। 'ऊ धेरै मेहनत गर्छे किनकि उसको मेरो जस्तै दुई तले घर बनाउने सोच छ, त्यसैले त दिनरात केही नभनी खटेको खट्यै गर्छे'- छिमेकी फूलकुमारी सदाको प्रतिक्रिया छ। हुन पनि हो, पुस्तौँदेखि आफ्नो बास र जग्गा नभएकी राजकुमारीको 'आफ्नै खेत' मा काम गर्न पाएपछि भुइँमा खुट्टै छैन पनि।

### यस्तो छ हिसावकिताब

दिनकै ३२० रुपियाँको दूध बेच्छु। हरेक साता ४-५ सयको तरकारी बेच्छु। काम नपाउँदा वा अन्य आम्दानी नहुँदा पनि खानाको चिन्ता छैन, घरमा भकारी छँदैछ। धेरथोर बूढाले पनि कमाएर ल्याइहाल्छन्। छोराछोरी पढ्न जान्छन्। काममा पनि सघाउँछन्। अहिले मेरो जीवन निकै राम्रो छ जुन सोचेकै थिइनँ।



**नाम : भगवती घिमिरे**

**उमेर : ४३ वर्ष**

**ठेगाना : गैराघर, धैबुङ-६, रसुवा**

प्रभाव संयुक्त पुर्जाको

# असीमित खुसी

बारी भ्यान्टा, खुर्सानी, काउली र बन्दाले भरिभराउ छ। भएकाको स्याहारसुसार र अरू नयाँ तरकारी लगाउन जमिन तयार पार्ने काम पनि जारी छ। चार वटा टनेलमा लगाइएका गोलभेडा राताम्मे हुने तरखरमा छन्। कुनै तरकारी बजार पठाउन हतार भइसकेको छ। कुनैमा मल हाल्न ढिला भइसक्यो। कुनै भने गोडमेलको प्रतीक्षामा छन्। उता सामूहिकरूपमा लगाइएको २ वटा टनेलका गोलभेडालाई पनि थाँक्रो हाल्ने बेला भइसकेको छ।

यी सबै काम तत्कालै गर्नुपर्नेखालका छन् तर पनि भगवती घिमिरेलाई न कुनै तनाव छ न त कुनै हतारो नै। उनले कुन तरकारीलाई कतिबेला के गर्ने भन्ने समय मिलाउन जानेकी छिन्। त्यसैले न कुनै तरकारी बिग्रन पाउँछ न कुनै चाउरिनै। न त सामूहिक खेतीमा जान नै छुटाउँछिन्। उनी भन्छिन्- ढङ्ग पुऱ्याएर मेहनत गर्न जानिसकें नत्र त खत्तम भइहाल्छ नि।

उनको ब्यस्तता यतिमा सीमित छैन। कालिकास्थानमा रहेको खुद्रा पसलदेखि घरमा पालिएका दुई भैंसी र ६ बाख्रा पनि स्याहार्नुपरेको छ। त्यसबाहेक धेरथोररूपमा लगाइने धान, गहुँ, मकै जस्ता बाली पनि राम्रैसँग भित्र्याउने गरेकी छिन् उनले। हुन त श्रीमान्ले मात्र हैन, ४ सालमा जन्मिएका ससुरा बाले पनि उत्तिकै सघाउँछन् उनलाई तर पनि मुख्य जाँगर र भूमिका भने भगवतीकै छ। किनकि थोरै फल्ने तर बढी दुःख हुने कोदो बारीलाई थोरै समयमा धेरै पैसा आउने नगदे बारीमा परिणत गर्ने कार्यको श्रीगणेश गर्ने भगवती नै हुन्।

थकान, तनाव, हतारो...? प्रश्न सकिन नपाउँदै भगवती भन्छिन्- केको तनाव, केको थकान ? यो त मेरो नियमित कर्म हो, जसले मलाई र मेरो परिवारलाई खुसी तुल्याएको छ। हामीमात्र हैन, यो ठाउँमा ६ महिनाभन्दा बढी खान पुग्ने खासै छैनन् भन्दा पनि हुन्छ। तर अहिले हाम्रो यही मेहनतले बाह्रै मास खान, त्यो पनि राम्रोसँग पुग्ने भएको छ। दुई चार पैसा खर्च गर्न समस्या छैन। अहिले मेरो गाउँका सबैजसोको अवस्था यसरी प्रगतितर्फ लम्किरहेको छ।

१७ वर्षदेखि कृषि पेशामै रहेकी भगवती र उनको परिवारमा पछिल्ला केही वर्षदेखि यसरी ह्वात्तै परिवर्तन आउनुको कारणचाहिँ के हो त ? उनको उत्तर सहज छ- गाउँ भूमि अधिकार मञ्चमा आबद्धता। ४ वर्षअघि गाउँमै खुलेको यस्तो मञ्चमा लागेपछि उनले उत्पादनको महत्वमात्र बुझिनन्, उत्पादनको साधन भूमिमा महिलाको पनि स्वामित्व किन चाहिने रहेछ भन्ने पनि थाहा पाइन्। त्यहाँ भएका छलफल घरमा सुनाइन्। अनि श्रीमान् आफ्नो नाममा भएको जमिन दुवै जनाको नाममा गर्न सहमत भए। अहिले ७ रोपनी जमिनमा उनको र श्रीमान्को संयुक्त स्वामित्व छ।

त्यसपछि त भगवतीमा ऊर्जा यसरी बढ्यो कि उनी दिनरात आफ्नोसमेत स्वामित्व भएको जमिनमा खट्न थालिन्। के लगाउने ? के गर्दा बढी उत्पादन हुन्छ ? कहाँ बेच्दा बढी पैसा आउँछ ? उन्नत र राम्रो बीउ कहाँबाट ल्याउने ? जस्ता प्रश्नमात्र उनको दिमागमा आउन थाले। त्यसपछि जान्ने/सुन्नेसँग सल्लाह गरेर विभिन्न निकाय धाउन पनि थालिन्। यसरी एकाएक पलाएको ऊर्जाबारे उनको प्रतिक्रिया छ- पुर्जामा आफ्नो पनि नाम भएपछि म पनि यो घरको परिपक्व सदस्य भएँ भन्ने लाग्यो। नत्र त के हो, के हो भन्ने त्रास भइरहन्थ्यो। मेरो जाँगरमा आकाश-जमिनको फरक पार्ने मुख्य कारक यही पुर्जा हो।

त्यसपछि त भगवतीले आफ्नो खेतीमात्र हराभरा पारिनन्। कृषि कर्ममा जाँगरिला आफूजस्तै दिदीबहिनी जम्मा पारेर भूमि अधिकार महिला कृषि सहकारी संस्था खोल्न पनि लागिपरिन्। अहिले यो सहकारीको कोषाध्यक्ष बनेर हिसाबकिताबसमेत जिम्मा लिने भएकी छिन्। यही सहकारीमार्फत् गरिएको सामूहिक खेतीको नेतृत्व पनि आफैं लिएकी छिन्। भगवतीका यी यस्ता कार्य हुन्, जसले उनलाई गाउँमा अगुवा महिला किसानको उपाधि दिलाएको छ।

भगवती काम गर्दै जाने क्रममा यति परिपक्व भएकी छिन् कि अहिले उनी आफूले गर्ने खेतीमा सकभर रासायनिक मल नै हाल्दिनन्। अनि गाउँघरमै पाइने विभिन्न घाँस, झार र जडीबुटी कुहाएर कीटनाशक औषधी बनाउँछिन्। 'ल खेती गर्ने, खाने सबैलाई असर गर्ने कुरा पनि प्रयोग गर्नुहुन्छ र ? उता माटो बिग्रने, यता सबैको स्वास्थ्य'- कुरै सुन्दा लाग्छ, उनी त सानोतिनो कृषि प्राविधिक नै हुन्।



आफूले अक्षरै नचिने पनि अहिले ५ जना छोराछोरीलाई राम्रोसँग पढाउन सफल हुनुको जस पनि यही आधुनिक र समयअनुसारको खेतीपातीलाई दिन कन्जुस्याइँ गर्दिनन् उनी । २ जना काठमाडौंमा बसेर पढ्छन् भने ३ जना गाउँमै । काठमाडौँदेखि रसुवासम्म छोराछोरी पढाउनेदेखि स्वास्थ्य उपचार हुँदै भइपरी आउने सम्पूर्ण खर्चको जोहो यही तरकारीले जुटाएपछि भगवती खुसी नहुने कुरै भएन ।

सदरमुकाम धुन्चेबाट करिब ५ घन्टा वर पर्ने भगवतीको गाउँ नै वर्षैभर हरियाली देखिन्छ अहिले यही कारण । एउटाको सिको अर्काले गर्ने र जानेकाले नजानेकालाई सिकाउने परिपाटी पनि छ यहाँ । अझ कृषि सहकारीले त सिकाउने नै भइहाल्यो । यही कारण यहाँका मेहनती किसानलाई अहिले तरकारी र सागपात, फलफूल फलाउन कुनै मौसम पर्खनुपर्दैन । उनीहरू बेमौसमी खेती गर्न सिपालु भइसकेका छन् । यही कारण सधैँ व्यस्त छन् मेहनती हातहरू ।

भगवतीको ८ जनाको परिवारलाई आफ्नै खेतीको आम्दानीबाट सन्तुलित भोजन त उपलब्ध हुन्छ नै साथै कृषि उत्पादन बिक्रीबाट वार्षिक ६० हजार रूपियाँ जति बचत पनि हुने गरेको छ । यो गाउँमा यस्ता थुप्रै भगवती छन् जसले ६ महिना खान पुग्ने अवस्थालाई १२ महिनामा पुऱ्याउन सके । त्यतिमात्र पनि कहाँ हो र ? बचतसमेत गर्न थालेका छन् ।

उन्नत प्रकारले खेती गर्दा सबैले हेप्ने र नचाहिँदो काम गरी भनेर गिज्याउने गर्थे । कहिलेकाहीँ तरकारी लगाएको केही समयपछि वा फलिनसक्दै रोग, कीरा लागेर सबै सखाप पनि भए । यस्तो बेलामा त झन् कुरा काट्नेलाई के चाहियो र ? अनि आफैँलाई पनि कता कता नचाहिने कामतिर पो लागियो कि भन्ने सोच पनि पलायो तर पनि उनले यो क्रम रोकिनन् । तालिम लिएपछि रोग र यसको समाधान पनि निस्कियो । अहिले भने आफूले बाली मरेर घाटा बेहोर्नुपर्ने अवस्था नरहेको भनाइ पनि छ उनको ।

उनी आफूले नजानेको कुरा अरूसँग सोध्छिन् । सकभर यस्ता तालिम खोजीखोजी लिन्छिन् । कतिपय ज्ञानचाहिँ आफैँ अभ्यास गरेर पनि हासिल गर्छिन् । लगानी र फाइदाको लेखाजोखा पनि आफैँ गर्छिन् । यसैले त पुरानो खेती प्रणाली भन्दा अहिलेको आधुनिक प्रणालीबाट चौबर उत्पादन लिने सकेको उनको धारणा छ । 'कुरा काट्नेले काटिरहन्छन् किन डराउनु ?' उनी थप्छिन्- मान्छे नकाटे भइहाल्यो नि !

## धेरै भगवती तयार पार्दैछौँ

यहाँ विर्ता जग्गाको समस्या छ । धेरैले जोतिआएको जग्गा आफ्नो नाममा छैन । हामी यसका लागि लडिरहेका छौँ । जब जोताहाको नाममा पुर्जा तयार गर्न सकिन्छ तब हामी श्रीमान्-श्रीमती दुवैको नाममा गराउने अभियानमा लागिसकेका छौँ किनकि हामीलाई यो गाउँमा धेरै भगवती तयार पार्नु छ ।

**चित्रकुमारी न्यौपाने**
अध्यक्ष, राष्ट्रिय भूमि अधिकार मञ्च, रसुवा



**नाम : कृष्णा बुढा**

**उमेर : ३५**

**ठेगाना : तोलेपानी, मालिका-७, दैलेख**

पानीको तागत

# गाउँ नै फेरियो

गाउँमा रहेको मुहानमा पानी बढाउन देउताको पूजासमेत गरियो तर धेरै वर्ष बिते, पानी बढ्नुको साटो मुहानै झन् झन् सुक्न पो थाल्यो। गाउँमा खानेपानी नपाइने भएपछि सरसफाइको के कुरा ? सानो कुवामा वर्षातको समयमा गाईगोरुदेखि मान्छेसमेतको जात्रै लाग्न थाल्यो। फोहोरकै कारण झाडापखालासमेत फैलँदा बालबालिकादेखि वृद्धसम्म थला नै पर्ने गर्थे- चार वर्षअघिको गाउँको हालत सुनाउँछिन् कृष्णा बुढा।

तोलेपानीका बासिन्दा खानेपानी नहुँदा दिनहुँ एक ग्यागी पानीका लागि २ घण्टाको बाटो हिँडेर गाउँको पुच्छारबाट बग्ने लोहोरे खोला पुग्थे। कृष्णाको दिनचर्या पनि फरक थिएन। गर्मी महिनामा खलखली पसिना आउने र जाडोमा लगलगी काम्नुपर्ने बाध्यता कम्ता पीडादायक थिएन। घरमा खानेपानी सकिँदा छिमेकीसँग पैँचो मागेर चलाएको अस्ति जस्तो लाग्छ उनलाई।

अति भएपछि कृष्णालाई गाउँमा पानीका लागि केही गर्नुपर्छ भन्ने लाग्यो। अनि पानी अभावको समाधान खोज्नका लागि खासगरी महिलालाई सङ्गठित गरिन्। त्यसपछि उनी कहाँ धाइनन् ? सरकारी कार्यालयदेखि विभिन्न सङ्घ/संस्थाको दैलो चाहारिन्। आफूहरूले भोग्दै आएको पानीको चरम समस्या सुनाइन्। यसका लागि घरायसी कामसमेत थाँती राखेर पूरै लागिन् कृष्णा।

यता पानी समाधानका लागि महिलाको सक्रियता वृद्धि हुँदै थियो उता गाउँमा भने मुहान सुक्दै सुक्दै गएर हिउँदमा त मुस्किलले ४ गाग्री पनि नभरिने हुन थाल्यो। महिलाले पानीकै लागि अरू सबै काम छाड्नुपर्ने अवस्था सिर्जना भयो। खुसीको कुरा, कृष्णाकै सक्रियतामा गाउँमा खानेपानी योजना भित्रियो। छरछिमेक र गाउँका महिलालाई साथ लिएर कृष्णाले खानेपानी योजना समयमै सम्पन्न गराइन्। त्यो यही गाउँ हो जहाँ अहिले न पानीका लागि खोलो धाउनुपर्छ न त घण्टौँ समय नै बर्बाद गराउनुपरेको छ।

भनिन्छ, दुःख र अवसर एक्लै आउँदैन। नभन्दै खानेपानीसँगै यो दुःखी गाउँमा अरू पनि खुसियाली भित्रिए। त्यस्ता खुसियालीबाट फाइदा लिने कार्यको नेतृत्व पनि कृष्णाले नै गरिन्। अर्थात पानी भएपछि उनले गाउँमा तरकारी खेती गरिन्। जुन गाउँमै पहिलो पटक थियो। जब उनको तरकारी खेती राम्रो भयो, यसको सिको गर्दै गाउँभर तरकारी खेती हुन थाल्यो। खेतीको पहिलो वर्षमै कृष्णाले ५० हजारको टमाटर बिक्री गरिन्। त्यसपछि यस्तो खेतीको नशाले कृष्णालाई मात्र हैन, छिमेकीहरूलाई समेत लठ्यायो। 'गाउँमा तरकारी नदेखेकी मैले आफ्नो बारीभरि तरकारी फलाएर पैसा कमाएपछि छाड्नै नसक्ने भएँ'- उनी भन्छिन्।

पानीले मामसँगै दाम पनि जुटाउन थालेपछि कृष्णाको जीवनशैली फेरियो। मौसमी र बेमौसमी तरकारी लगाएर गाउँमै बसीबसी वर्षेनि लाखभन्दा बढी कमाउन थालिन्। मेहनत गर्नेलाई यतिले के चित्त बुझ्थ्यो र ? त्यसमाथि उनले फलफूल खेती र बाख्रासमेत थपिन्। उनले पाल्न थालेको केही वर्षमै ५ लाख रुपियाँको त खसी बोका नै बिक्री गरिन्। उनले आफूमात्रै सप्रनु उचित नलागेर गाउँका अन्य महिलालाई पनि तरकारी खेतीतर्फ आकर्षित गराएकी छिन्। उनकै देन हो कि अहिले यो गाउँमा कुनै घरमा फुर्सद छैन।

खानेपानीसँगै सिँचाइका लागि पोखरी पनि निर्माण गरिएपछि प्रत्येक घरमा तरकारी खेती गर्ने संस्कारै बस्यो। साग खान मन लाग्यो भने अर्को गाउँमा गएर दिउसभर काम गरेर साँझ २ मुठा साग लिएर खाने गरेको सम्झँदै कृष्णाले भनिन्- 'अब ती दुःखका दिन कथाजस्तै लाग्न थाल्यो।' गाउँको सिरानमा रहेका २ पोखरीबाट सबै घरमा सिँचाइ र खानेपानीका लागि पर्याप्त पानी आउँछ अचेल। यही कारण ४ वर्षमै गाउँको मुहार फेरिएको छ। यही पानीकै कारण हो, गाउँघर सरसफाइतर्फ पनि उन्मुख छ अहिले।

यसरी केही वर्षमै गाउँको मुहार फेरिनुको कारण बताउँदै कृष्णा भन्छिन्- सुडेक नेपालले खानेपानी योजना दिनु नै गाउँको काँचुली फेरिनुको कारण बन्यो। जसअन्तर्गत सिँचाइका लागि पोखरी निर्माण भएको मात्र हैन, गाउँमा रहेको मूलबाट हिउँदमा पानीको मात्रा बढाउने पहल पनि भएको छ। खानेपानी तथा सिँचाइ उपभोक्ता समूहमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गरेकी कृष्णा गाउँलेको समेत यसमा पूर्ण सहयोग रहेकाले सफलताको जस सबैलाई दिनुपर्ने बताउँछिन्।



कृष्णा यति दानी छिन् कि पिएलसी कक्षाको भवन निर्माण र सिँचाइ पोखरी बनाउन उनले आफ्नै जग्गा निःशुल्क दिइन् ।

६ घण्टा परको दैलेख सदरमुकामदेखि बाहिर नगएका कृष्णाको परिवार ४ वर्षपहिलेसम्म अत्यन्तै गरिब परिवारमा गनिन्थ्यो । तर अहिले जमाना उल्टिएको छ । आर्थिकरूपले भरिलो हुँदै आएपछि नजिक विद्यालय नभए पनि २ घण्टा परको विद्यालयमा २ छोरा र १ छोरीलाई पढ्न पठाएकी छिन् । खल्तीमै मोबाइल, सुकिला कपडा, थैलीमा नटुट्ने दुई चार रुपियाँ आदिले उनको जीवन नै सहज बनाइदिएको छ । तरकारीका रोग कीरा, बजार भाउजस्ता जानकारी यही मोबाइलबाटै लिन्छिन् अचेल ।

खानेपानीको मुहान सफा गर्ने कार्यको पनि नेतृत्व गरेकी छिन् उनले । जैविक विविधताको संरक्षण र व्यवस्थापन राज्यस्तरबाट भन्दा समुदायस्तरबाट बढ्ता सम्भव छ भन्ने उदाहरण पनि देखाएकी छिन् यस क्रममा । मूल सफा राख्ने, वरिपरिको सिमसार नबिगार्ने जस्ता कार्यले मुहान र वातावरण धमिलिन पाएको छैन । 'काम गर्दै जाँदा गाविसभर मलाई हेर्ने दृष्टिकोण नै बदलिएको छ'- आफूलाई हेर्ने सामाजिक दृष्टिकोण सकारात्मक र आशावादी बनेको अनुभव यसरी व्यक्त गर्छिन् उनी । त्यसैले त गाविसस्तरीय कृषि, वन र वातावरण समितिमा तपाईँ नै बस्नुपर्‍यो भनेर उनलाई नै कोषाध्यक्ष बनाए । गाउँमा केही काम गर्नुपर्‍यो कि सबैले सल्लाह पनि माग्न थालेका छन् । गाउँकै दिदीबहिनी जम्मा गरेर कृषि समूह पनि गठन गरेकी छिन् कृष्णाले । जसको अध्यक्ष उनै छिन् । आम्दानी व्यवसायमै थप्दै जाने कृष्णा जनप्रिय बचत तथा ऋण सहकारीमा पनि आबद्ध छिन् ।

जलवायु परिवर्तनकै कारण पानीका मुहान सुक्दै गएको बताउने कृष्णा अब पानी संरक्षणमै ध्यान पुर्‍याउनुपर्ने पनि बताउँछिन् । त्यसैले उनी मुहान संरक्षणमात्रै हैन, पानी फारो गर्ने जुक्ति पनि अपनाउँछिन् । बिरुवालाई पानी दिँदा चिसो धेरै बेरसम्म टिकोस् भनेर पराल भिजाएर छोप्ने, कम्पोस्ट मल प्रयोग गर्ने जस्ता कार्य यसैका उदाहरण हुन् । जलवायु परिवर्तनका कारण सिर्जित समस्या न्युन गर्न यो तरिका लाभदायी भएको भनाइ उनको छ ।

उनको सक्रियता नजिकबाट नियाल्नेहरू कृष्णाको जतिसुकै प्रशंसा गरे पनि नसकिने बताउँछन् । उनले सबै महिलालाई सङ्गठित गराउँदै गाउँको विकास र परिवर्तन गर्न खोजेको भनाइ टीकाराम खत्रीको छ । खत्रीले भने- पानीको दुःख भोगेका हामी आज उनकै कारण तरकारी खेती गर्नसमेत सक्ने भएका छौँ । जैसरा घर्ती पनि खत्रीको कुरामा सही थाप्दै भन्छिन्- कृष्णा दिदीकै कारण आज हामीले प्रगति गर्न सकेका हौँ ।

## अबको इच्छा

तरकारीमा कम्पोस्ट मलमात्र प्रयोग गरेकी छु । गाउँभर हामीले अर्गानिक खेती गर्ने अभियान थालेका छौँ । विषादी प्रयोग गर्न छाडेको त ४ वर्ष भइसक्यो । त्यसैले अब आफ्नो ठाउँलाई 'अर्गानिक गाउँ' बनाउने धोको छ ।



**नाम : दमनकुमारी चेपाङ**

**उमेर : ४० वर्ष**

**ठेगाना : धुसा, दारेचोक- ९, चितवन**

### उत्पादन अभियानमा चेपाङ

# मुक्ति गिठ्ठा-भ्याकुरबाट

निकै पछाडि पारिएको चेपाङ समुदायका लागि आधुनिक खेती प्रणाली निकै नौलो र कठिन विषय हो। तर यही समुदायकी दमनकुमारी चेपाङ भने केही वर्षदेखि यस्तो खेती प्रणाली अपनाउँदै आएकी छिन्। त्यो पनि अर्गानिक। चेपाङहरू प्रायः भूमिहीन छन्। भएकाको पनि खान पुग्ने जमिन हुन्न। तर दमनकुमारीले भने आफ्नो ८ कठ्ठा बारी र केही खोरियामा खेती गरेर ९ जनाको परिवार पाल्दै आएकी छिन्। जुन चेपाङ समुदायका लागि अनौठै मानिन्छ।

खासगरी बेमौसममा तरकारी उत्पादन गरेर करिब दुई घण्टाको फिस्लिङ बजार पुऱ्याउँछिन् उनी। फिस्लिङको सहकारीबाट अरूको जस्तै उनको तरकारी पनि पोखरा, मुग्लिङ, नारायणगढका व्यापारीले उठाउँछन्। बजार आउनेबाहेक उनको बाँकी समय खेतीमै बित्छ। त्यसैले त उनको मेहनतले परिवारमात्र पालिएको छैन। भन्छिन्- वर्षको ३ लाख जति कमाइन्छ होला।

तरकारी धेरै र चाँडो फलाउन रासायनिक मल र बजारिया विषादी किन्न अरू तँछाड मछाड गरिरहेका बेला यी दमनकुमारी भने अर्गानिक खेतीतर्फ लागेकी छिन्। 'मलाई रासायनिक मल र विषादीबारे जानकारी नभएर हैन, तालिममा जे सिकें, त्यो व्यवहारमा उतार्नुपर्छ भन्ने लागेर प्रयोग नगरेकी हुँ'- यही कारण त उनी आधुनिक अर्गानिक खेतीमा अग्रणी महिला किसानमा गनिन सकेकी हुन्।

घरमा सासू, श्रीमान्, तीन छोरा, दुई बुहारी छन्। घरदेखि तल पाखो बारी छ। त्यही बारीमा पाइपबाट पानी लगाउन पनि मिल्छ। पढ्न जानेबाहेक अरू सबैले सकेको सघाउँछन् उनलाई। आफ्नो नाममा नभए पनि खोरिया फाँडेर खेती गर्नु चेपाङ समुदायको विशेषता नै हो। दमन यसमा अपवाद छैनन्।

'पहिले असाध्यै दुःख थियो, बारीबाट उब्जेको अन्नले वर्षमा तीन महिना पनि खान पुग्ने थिएन। श्रीमान् सडकतिर मजदुरी गर्न जानुहुन्थ्यो। हामी कन्दमूल खाज्न जङ्गल चाहार्थ्यौं। मैले दुई छोरा जन्मिँदासम्म गिठ्ठा भ्याकुर खोजेँ'- विगत यस्तो छ दमनकुमारीको।

२०५४ सालमा गाउँमा खानेपानीको काम गर्ने एउटा संस्थाले तालिम दिएपछि उनको आँखा खुल्यो। आयआर्जन समूह गठन भएपछि तालिमसँगै करेसाबारीमा लगाउन भनेर तरकारीका बीउ पनि पाइन् उनले। त्यसबाट उब्जेको तरकारी केही घरमा खान प्रयोग गरिन् भने केही बेचिन् पनि। यसको आम्दानीले नून तेलको जोहोमा सघाउ पुग्यो।

दुई चार पैसा देख्नै समस्या पर्ने उनको परिवार तरकारी बेचेर पैसा हात पारेपछि निकै उत्साहित भयो। अनि 'गरे हुने रहेछ' भन्ने निष्कर्षमा पुग्यो। त्यसपछि करेसाबारीमा सीमित तरकारीलाई लगत्तै अर्को वर्ष तीन कठ्ठामा विस्तार गरिन्। 'त्यसपछि त आम्दानी राम्रै हुन थालेकाले यो खेती छाड्नै सकिनँ'- झन् पछि झन् राम्रोसँग खेती गरिरहेकी दमनकुमारीमा उत्साह थपिँदो छ।

चेपाङ समुदाय अहिले पनि खानकै लागि सङ्घर्ष गर्न बाध्य छ। यो समुदायका लागि बचत गर्ने, छोराछोरी पढाउने, राम्रो स्वास्थ्य सेवा पाउने कुरा करिब करिब सपनै हुने गर्छ। तर दमनकुमारी आफ्नो लगातार मेहनतका कारणले समुदायमा फरक पहिचान बनाउन सफल भएकी छिन्। आफ्ना तीन छोरा पढाइरहेकी छिन्। जेठो छोराले १२ कक्षा पास गरेको छ। माइलो र कान्छो पनि आउने वर्ष एसएलसी परीक्षामा सहभागी हुँदैछन्। यसले पनि उनलाई निकै खुसी दिलाएको छ।

उनको मेहनत धुसाका अरू परिवारमा पनि सरेको छ यतिबेला। धेरथोररूपमा तरकारी खेती नगर्ने यो गाउँमा शायदै छन्। आफूले अर्गानिक उत्पादन गरे पनि बजार भाउ भने छुट्टै नपाएको गुनासो छ उनको। अर्गानिक खेती गर्दा तरकारी मसिना र नराम्रा हुने, अनि लाइट पनि कम आउने हुनाले व्यापारीहरूले उल्टै मूल्य कम दिने गरेको भनाइ पनि उनको छ। 'राम्रो कुराको राम्रै भाउ, नराम्रोको नराम्रै भाउ मिलाउनुपऱ्यो नि, अनि पो किसान अर्गानिकतिर लाग्छन् त!'- अर्गानिक खेती गर्नेलाई प्रोत्साहन गर्ने नीति आवश्यक भएको पनि औंल्याउँछिन् उनी।

उनी गाउँदेखि केन्द्रसम्म अधिकारवादी आन्दोलनमा पनि सहभागी



हुने गरेकी छिन् । गाउँकै सिर्जनशील महिला बचत कर्जा समूहकी अध्यक्ष उनी नेपाल चेपाङ सङ्घको जिल्ला कार्यसमिति चितवनको उपाध्यक्ष पनि हुन् । भूमि अधिकारबाट वञ्चितहरूको संस्था राष्ट्रिय भूमि अधिकार मञ्चको पनि केन्द्रीय सदस्य छिन् । उनी गाउँभरिकै अगुवा समाजसेवी पनि हुन् । यही कारण गाउँमा कोही बिरामी परे अस्पताल जान पहिले दमनकुमारीकै खोजी हुने गर्छ । त्यतिमात्र हैन, कसैलाई नागरिकताको सिफारिस लिन गाविस जानुपर्‍यो वा जिल्ला प्रशासनसम्म कार्यालयसम्म पुगुपर्‍यो भने पनि पहिलो खोजी उनकै हुने गरेको छ । 'भूमि अधिकार अभियानमा लागेकाले होला, जग्गा नामसारी गर्न, नक्सा झिक्न, मालपोत जानुपरे त नगई सुखै छैन'- आफ्नो ब्यस्त जीवन यसरी सुनाउँछिन् ।

यी चेपाङ महिलाकै अग्रसरतामा धुसा गाउँमा विभिन्न विकास निर्माणका काम पनि भएका छन् । गाउँको गोरेटो बाटो, विद्यालयसम्म जाने अर्को बाटो, विद्यालयमा तारबार, खानेपानी मर्मतलगायतका धेरै काम भएका छन् । चार वर्षअघि विभिन्न निकायमा हारगुहार गरेर गाउँमा बिजुली बालिएको छ । गाउँसम्म मोटर बाटो पुर्‍याउने लक्ष्य लिएर खन्न सुरु गरिएको कच्ची सडक गाउँकै फेदीमा आइपुगेको छ ।

गाउँकी अगुवा दमनकुमारीलाई यिनै कारणले गर्दा हो, गाउँदेखि जिल्ला तहका सरकारी कर्मचारी हुँदै गैरसरकारी संस्थाका कर्मचारीले समेत राम्ररी चिन्छन् । त्यसैले कुनै काम लिएर जाँदा कहीँ रोकिनु नपर्ने भनाइ पनि छ उनको । यही चिनजानको फाइदा उनले चेपाङहरूको नागरिकता र जग्गाधनी पुर्जा बनाउने बेला उठाउने गरेकी छिन् ।

यतिबेला चल्तापुर्जा अवस्थामा देखिएकी दमनकुमारीको यहाँसम्मको यात्रा भने निकै सङ्घर्षपूर्ण रह्यो । चार कक्षा पढ्दापढ्दै बाध्यतावश विद्यालय छोड्नुपरेकी उनी नेपाली राम्रो बोल्न जान्दिनथिन् । दिदीको घरमा आएका बेला 'यो केटासँग जा, तलाई राम्रोसँग पाल्छ' भनेर फकाइवरी १६ वर्षकै उमेरमा अर्काको घर जाने बनाए । 'हाम्रो जातमा १०/१२ जना आएर तानेर लाने चलन थियो । केटीलाई मन नपरे पनि तानिसकेपछि जानै पर्थ्यो, आफूहरूलाई पनि यसै गर्लान् भनेर दिदीकै सल्लाहअनुसार गइयो'- सानैमा बिहे गर्नुपर्नाको बाध्यता बताउँछिन् यसरी ।

तर निरन्तरको मेहनतले उनलाई अहिले भने कम्ता खुसी दिलाएको छैन । गाउँदेखि सदरमुकाम हुँदै केन्द्रसम्म मेहनती किसान र अधिकारकर्मीका रूपमा चिनाएको छ । त्यसभन्दा पनि ठूलो खुसी 'पढाइलेखाइ नभए पनि भूमि अधिकार मञ्चको आन्दोलनमा सहभागी भएकै कारण २२ घण्टाको हवाई यात्रा गरेर ब्राजिलको रियो द जेनेरियो जान पाउनु' ले दिलाएको भनाइ पनि छ उनको । गएको मात्र हैन, त्यहाँ नेपालमा खाद्यान्न कमी हुनुका कारणबारे आधा घण्टा बोलेर आफ्नो अनुभव सुनाउन पाउँदा जीवनमै नसोचेको खुसी लागेको पनि उनी कहिल्यै भुल्न सक्दिनन् रे ।

## पहिले आफू बदलिनुपर्छ

अब मेरो सपना भनेकै समाज बदल्ने हो । समाज बदल्न आफैँ बदलिनुपर्छ भन्ने कुरा सिकेकी छु । त्यही कारण म अहिले पनि अर्गानिक खेती गर्छु । घर परिवारलाई मिलेर बस्नुपर्छ, समाजमा मेलमिलाप भएमात्र समाज बलियो हुन्छ भनेर बुझाउने गर्छु । म यसमा अवश्य सफल हुनेछु किनकि मेरो अभियानलाई साथ दिन अहिले सिङ्गै गाउँ तयार छ ।



नाम : मानमती लुहार

उमेर : ३५ वर्ष

ठेगाना : जुग्यापानी, देथला–७, दार्चुला

धावा : मागिखाने प्रवृत्तिविरुद्ध

## आत्मनिर्भर र प्रतिष्ठा दुवै

जहिले पनि अरूसँगै मागेर तरकारी खाने बानी थियो गाउँमा। यसरी माग्नेलाई दिनेले पनि कति दिन दिनु ? माग्नेले पनि कहिलेसम्म माग्नु ? यही प्रश्न मनमा खेलेपछि मानमती लुहारले खानकै लागि तरकारी लगाउन थालिन्। जुन काम गाउँका लागि नौलो थियो। उनले तरकारी लगाउन थालेपछि अरू केही छिमेकीले पनि लगाउन थाले। तर गाउँमा सिँचाइ थिएन त्यसैले तरकारी खासै राम्रो भएन। प्रक्रिया र प्रविधि पनि खासै थाहा नभएकाले यस्तो खेती खासै उत्साहजनक रहेन।

त्यसपछि उनीहरूले कृषि समूह गठन गरे। समूह नबनाई सहयोग पाइन्न भन्ने थाहा पाएपछि उनीहरू सङ्गठित भएका थिए। यसपछि सिँचाइ योजना माग गरे। नभन्दै सहयोग पनि प्राप्त भयो। सिँचाइ व्यवस्था भएपछि त मानमतीका लागि के वर्षा, के हिउँद, के मौसमी, के बेमौसमी सबै तरकारी सामान्य भयो।

दुई वर्षदेखि लगातार कृषि कर्ममा लागेकी मानमती कम्पोस्ट मल प्रयोग गर्छिन्। झोल मल उत्पादन गरी हाल्छिन् अर्थात अर्गानिक खेती गर्छिन्। सङ्कल्प नामक संस्थाले कृषि तालिम लिएपछि आफूमा कृषि कर्म गर्नुपर्दो रहेछ भन्ने चेतना आएको भनाइ उनको छ। दुई वर्षको अवधिमा उनले काउली, बन्दा, भण्टा, मूला, रायो, भेडे खोर्सानी, काँक्रो, करेला र फर्सी उत्पादन गरी बिक्री गर्दै आएकी छिन्। यस कामबाट आफू हर्षित भएको सुनाउँदै थप्छिन्- अहिले दुई चार रुपियाँको जोहोमात्र हैन, आफैँले उत्पादन गरेपछि नूनसँग खाना खाने दिन पनि पाखा लागे। अहिले त दुवै छाक तरकारी पकाएर खाने गरिन्छ।

उनका बालबच्चा बोर्डिङमा पढिरहेका छन्। हाल समाजमा आत्मनिर्भर र उद्यमशील महिलाका रूपमा प्रतिष्ठासमेत बढेको भनाइ मानमतीको छ। सुरुमा व्यवसाय गर्दा कृषि कर्मबाट खासै के फाइदा होला र भन्ने शङ्का मान्दै सुरु गरे पनि यसले राम्रै नतिजा दिएको भनाइ पनि छ उनको। गाउँका धनी परिवार र गैरदलितले पनि मेरो यस्तो परिवर्तन होला भनेर पत्याएकै थिएनन् भन्ने मानमती अहिले त उनीहरू नै छक्क परेका बताउँछिन्। सिँचाइ तथा उन्नत बीउविजन र तालिमबाट सिकेको सिप नै यसको प्रमुख कारण भएको उनी बताउँछिन्। कृषि समूहलाई अनुदानमा उपलब्ध गराइएको बीउविजनले सबैको जस्तै आफ्नो पनि तरकारी खेती सप्रन सकेकोमा उनी प्रशन्नता व्यक्त गर्छिन्।

दार्चुला सदरमुकामबाट करिब ८० किलोमिटर दूरीको उनको गाउँमा कसैले पनि खेतीको उन्नत तरिका अपनाउँदैनथे। मात्र २ रोपनी पाखो जग्गामा हुने उत्पादनले उनको १३ जनाको परिवारलाई २ महिना पनि खान पुग्ने थिएन। त्यसैले खानकै लागि सङ्घर्ष गर्नुपर्ने अवस्थाको यो परिवारलाई अहिले मानमतीको पौरखले खान पुऱ्याएको मात्र हैन, केही बचत पनि गर्न सफल तुल्याएको छ। १५ वर्षको उमेरमा ५० वर्षीय मानिससँग दोस्री श्रीमतीका रूपमा भित्रिएकी मानमती अहिले तरकारी बेचेर कमाएको पैसाबाटै नयाँ घरसमेत बनाउन सफल हुनु चानचुने कुरा होइन। जसलाई उनी सहर्ष स्वीकार गर्छिन्।

उनको मेहनतको प्रशंसा गर्नेहरू यही कारण वृद्धि भइरहेका छन् अहिले। व्यवसाय गरी आत्मनिर्भर भएकाले उनको सामाजिक प्रतिष्ठासमेत बढ्दै गएको भनाइ शिक्षक इन्द्रराम कामीको छ। 'उनले दलितहरूको मागेर खाने प्रवृत्तिलाई चुनौती दिई व्यवसायमुखी बन्नुपर्छ भन्ने पाठ सिकाएकी छिन्, यो सबैका लागि राम्रो शिक्षा हो'- शिक्षक कामी थप्छन्।

दलित भएकै कारण जातीय विभेदले गर्दा पशुपालनमा समस्या हुन्थ्यो। दलितको दूध छोइन्छ भन्दै नकिन्ने चलन अहिले पनि यस क्षेत्रमा छ। यस्तो अवस्थामा 'नछोइने' तरकारी खेती गरेर राम्रो आम्दानी हुने पेशा छानेको मानमतीको भनाइ छ। सामान्य साक्षर मानमती अहिले यही सुझबुझयुक्त व्यवहार गर्ने भएका कारण स्थानीयस्तरका साथै जिल्ला स्तरसम्म आफ्नो फरक परिचय बनाउन सफल भएकी छिन्। तालिमका क्रममा डँडेलधुरासम्म जान पाएपछि त्यसबाट उनमा आत्मविश्वास वृद्धि भएको छ।

हाल उनी गरिबी निवारण कोष, समुदाय सहयोग कार्यक्रम, कृषि समूह, महिला सञ्जाल तथा गाविसस्तरीय परिषद्मा दलित



प्रतिनिधिको भूमिकामा समेत छिन् । यसबाट उनको नेतृत्व क्षमता तथा पहुँचमा विस्तार भएको सोभै अनुमान गर्न सकिन्छ ।

उनले थालेको व्यवसायमा उनको परिवारका सबै सदस्यले समेत उत्साहका साथ सहयोग गरिरहेका छन् । यस पेशामा लागेर तरकारी खेती सुरु गर्दा विश्वासै नगर्नेहरू पनि अहिले उनको प्रगति देखेर चकित हुन थालेका छन् । अहिले दैनिक तरकारी बचेर उनी पाँच सयदेखि आठ सयसम्म आम्दानी गर्छिन् । पक्की ढलानवाला नयाँ घर यसैको परिणाम हो, जुन गाउँमै पहिलो बन्न सकेको छ । बढ्दो आर्थिक क्रियाकलापले पारिवारिक सुमधुरता पनि कायम हुन सकेको उनको भनाइ छ ।

समाजमा अहिले उनलाई परिवर्तनको संवाहकका रूपमा चित्रण गर्नेहरू पनि धेरै निस्केका छन् । उनीसहित उनको परिवारलाई नै समाजले मेहनती तथा आत्मनिर्भर परिवारका रूपमा चिनाउने गरेको छ । सामाजिक विभेदको शिकार हुँदै आएको एउटा दलित परिवार अहिले आफ्नै मेहनत र आर्थिक सहजताका कारण त्यही समाजमा केही न केही सम्मानित भएको आभास गर्ने अवस्थामा पुगेको छ । अहिलेको अवस्थामा पुग्नका लागि आफू तथा आफ्नो परिवारले पटकपटक अपमानित हुनुपरेका क्षणहरू सम्भना गर्दै उनी भन्छिन्- केही नयाँ काम गर्न खोज्दा यही समाजले यी दलितले पनि के गर्लान् र ? यिनीहरूको काम त मागिखाने हो भनेर हतोत्साहित गर्थे । अभ त्यसमाथि पनि दलित महिलालाई हेर्ने दृष्टिकोण त भनै खराब थियो । समूहको काममा होस् वा तालिम तथा गोष्ठीमै जाँदासमेत गतिछाडाको आरोप खेप्नुपरेको थियो ।

त्यही गतिछाडा तालिमबाट सिकेका कुरा व्यवहारमा लागु गरेर यही समाजलाई देखाउन पाउँदा कम्ता खुसी नलागेको भनाइ उनको छ । 'अहिले त आफ्नै पक्की घर, बिहान/बेलुका ताजा तरकारी, नानीहरूको राम्रो शिक्षा, शौचालय, खानेपानी, सोलार, मोबाइल उपभोगका साथै भविष्यका लागि केही बचतसमेत हुनु एक गरिब दलित परिवारले देख्ने सपना पूरा हुनुसरह हो'- यी विषयप्रति खुसी हुँदै उनी थप्छिन्- त्यसैले विगततर्फ फर्केर पश्चाताप गर्नुको कुनै अर्थ छैन । अब गाउँ समाजका अरूलाई पनि यस्तै सुकार्यमा लगाउन बाँकी छ, त्यसका लागि म भरिसक्य प्रयत्न गर्नेछु, सबैलाई सम्भाइ/बुभाइ गर्नेछु भन्ने मानमतीको धारण छ- किनकि समाज समृद्ध हुन एक व्यक्तिमात्र बनेर पुग्दैन । सबैको उन्नति/प्रगति हुनुपर्छ ।

## गरे हुँदोरहेछ

मानमतीमा अहिले गरेपछि हुँदोरहेछ भन्ने सिकाइ प्राप्त भएको छ । यही कारण आज उनी समाज तथा समूहमा नेतृत्वदायी भूमिकामा समेत अटाउन सकेकी छिन् । औपचारिक तथा सामूहिक भेला र कार्यक्रममा खुलेर आफ्ना कुरा राख्ने क्षमता विकास भएको छ । गाउँका अरू महिलासमेत उनीबाट प्रभावित भई तरकारीतर्फ आकर्षित भएका छन् । ४१ जना सदस्य रहेका समूहमा हाल १२ परिवारले यो पेशा अपनाइसकेका छन् ।



**नाम : चन्द्रकाशी घले**

**उमेर : ५० वर्ष**

**ठेगाना : ताचै बगरछाप, मनाङ**

मौसम परिवर्तनको प्रभाव

# हौस्याएको स्याउले नै निराश

## विगतको कथा

मनाङ धान खेती नहुने जिल्ला हो त्यसैले यहाँका बासिन्दाको मुख्य बाली फापर, करु (उवा) र आलु नै हो। ताचै गाउँमा पनि फापर, करु, गहुँ, मकै र आलुलगायत बाली उत्पादन हुन्छ। अरू जस्तै चन्द्रकाशीले पनि आफ्नो खेतबारीमा यस्तै बाली लगाउँदै आएकी छिन् वर्षौंदेखि। स्याउ त भन्नै परेन, यहाँको मुख्य बालीमध्येको हुँदै हो।

खासगरी स्याउका लागि प्रसिद्ध छ मनाङमा। अझ तिल्चे र ताचै गाउँ त स्याउ खेतीका लागि परिचित ठाउँ नै हुन् तल्लो मनाङका। चन्द्रकाशीको खेतबारीमा पनि सासू ससुराले लगाएका स्याउका केही बोट थिए। २०२६ सालदेखि नै उनको जग्गामा स्याउ खेतीसमेत हुँदै आएको थियो। जीविकोपार्जनलाई सहज तुल्याउन भइरहेका स्याउमाथि उनले थप २ सय बेर्ना रोपिन्। स्याउ रोपेको ४, ५ वर्षमा फल्न थाल्छ। नभन्दै समय पुगेपछि फल्न पनि थाल्यो।

मनाङको स्याउले प्रख्याति कमाउँदै गएकाले यसरी स्याउ खेतीमा जोड दिन चन्द्रकाशी हौसिएकी थिइन्। उनको स्याउ काठमाडौं र पोखरालगायत सहरमा बिक्री हुन्थ्यो। मनाङ आउजाउ गर्ने नाका बेसीसहरमा पनि फाट्टफुट्ट बिक्री हुन्थ्यो। यही कारण बारीभरि लटरम्मै फल्ने स्याउले उनमा पनि गद्‌गद् खुसी भित्र्याउँथ्यो। थप्दै, हौसिँदै गइन् उनी स्याउ खेतीतर्फ।

उत्पादन बढी भएपछि बोकाएरमात्र बिक्रीका लागि लैजान सम्भव भएन। हिमालपारिको दुर्गम ठाउँ भएकाले गाडी गुड्ने त के आवतजावत गर्ने बाटोसमेत राम्रो थिएन। त्यही कारण उनले स्याउ बेच्न पाइनन्। अर्थात धेरै फल्दा पनि समस्या आयो। 'खच्चरमा बोकाएर लग्दा आपसमा भारी ठोक्याउँछ, स्याउलाई अलिकति पनि चोट लाग्यो भने बिग्रन्छ र बिक्री हुँदैन जबकि हामीसँग ढुवानीको अर्को विकल्प नै थिएन', उनी थप्छिन्– फलेका स्याउ बेच्नै पाइएन, बारीमै कुहिए।

ढुवानी समस्याले स्याउ बेच्न नपाएपछि काशीहरू मिलेर स्याउको रक्सी उत्पादन गर्न गाउँमै उद्योग खोल्ने योजना बनाए। पञ्चायतकालको अन्त्यतिर तिल्चे गाउँनजिकैको बगरछाप भन्ने ठाउँ र तिल्ते गाउँमा गरी दुई वटा रक्सी उद्योग खोले पनि। यसरी रक्सी उद्योग खोलेपछि मनाङका अन्य ठाउँका बासिन्दा पनि स्याउ खेतीप्रति आकर्षित भए। स्थानीय बासिन्दाले धमाधम स्याउ खेती बढाउन थाले। तर उद्योगबाट स्याउको रक्सी उत्पादन हुन थालेको २, ३ वर्ष नबित्दै गुणस्तर विभागले उत्पादित रक्सी गुणस्तरविहीन भन्यो। अनि ती उद्योग बन्द भए।

परेन फसाद्! रक्सी उद्योग बन्द भएपछि स्याउ कृषक अन्यौलमा परे। चन्द्रकाशी पनि अपवाद हुने कुरै भएन। १०, १५ वर्ष लगाएर भरिभराउ पारिएका स्याउका बगैंचा धमाधम फाँड्न थाले। त्यसबेला ताचैमा सबैभन्दा बढी स्याउबारी चन्द्रकाशीकै थियो। त्यसैले यसको सबैभन्दा बढी असर पनि उनैलाई पर्नु स्वाभाविक थियो। उनी भन्छिन्- त्यसपछि मैले स्याउका बोट फाँडेर बारीमा मकै रोप्ने निधो गरेँ। हाम्रो गाउँका सबैजसो परम्परागत बालीमा फर्किए। मनाङको अन्य ठाउँमा पनि यस्तै स्थिति देखियो। स्याउले लटरम्म हुने खेतबारीमा उही पहिला जस्तै फापर, गहुँ, करु (उवा) मकै र आलु लगाउने क्रम सुरु भयो।

## फेरिएका दिन

हेर्दाहेर्दै मनाङ फेरियो। दुई वर्षअघिदेखि मनाङमा मोटर बाटो पुगेको छ। मोटर बाटो पुगेपछि मोटर पुग्ने भइहाले। त्यसपछि त यहाँका बासिन्दाले फेरि पहिला जस्तै स्याउ उत्पादन कार्य थालेका छन्। पहिले जसजसले फाँडे, अहिले तिनै व्यक्तिमात्र हैन, अरू धेरै किसानले स्याउका बिरुवा रोपिसकेका छन्। चन्द्रकाशीले पनि अहिले फेरि ४ रोपनीमा स्याउका बेर्ना लगाएकी छिन्।

मोटर आएपछि ढुवानी सहज भएकाले स्याउ खेतीबाट राम्रो आम्दानी लिने सोचले पुनः स्याउखेतीमा फर्किएकी चन्द्रकाशी अहिले भने खुसी छैनन्। किन ? उनकै शब्दमा 'लगाइएका बिरुवा पहिला जस्तो सरेनन्। सरेका बिरुवा पनि पछि बिस्तारै मर्दै जान



थाले।' चन्द्रकाशीले यसरी स्याउका बिरुवा मर्न थालेपछि जिल्ला कृषि विकास कार्यालयलाई जानकारी गराइन्। थप्छिन्- हेरौँ, अब कृषिले केही उपाय ल्याउँछ कि ?

उनी आफैँ पनि महिला किसान प्रतिनिधि भएकाले आफ्ना कुरा सरकारी निकायमा पुऱ्याउन सहज भयो। कृषिसम्बन्धी विभिन्न तालिम पनि लिएकी छिन् उनले। गाउँमात्र हैन, जिल्लाकै अगुवा कृषकका रूपमा परिचित चन्द्रकाशीलाई कृषिसम्बन्धी धेरै अनुभव भए पनि अहिले स्याउका बिरुवा किन धमाधम मरिरहेका छन् भन्ने भेउचाहिँ पाउन सकेकी छैनन्। हुँदाहुँदा अहिले उनको बारीमा स्याउका एक दर्जन बोट पनि बाँकी छैनन्। यसो हुनुको कारण बेठेगानको मौसम हुनसक्ने अनुमान भने उनले पनि लगाएकी छिन्।

## फेरिएको चुनौती

आफ्नो गाउँठाउँमा मोटर पुऱ्याउने धेरै समयदेखिको धोको पूरा भएपछि मनाङबासी खुसी हुने नै भए। यही क्रममा स्याउ किसान आफ्ना उत्पादन सहरी क्षेत्रमा लगेर बेच्ने र त्यसबाट आउने आम्दानीले जीवनस्तर सुध्रनेमा आशावादी पनि भए। किनकि ढुवानी नै यहाँका किसानको मुख्य समस्या थियो। बाटो पनि पुग्यो। बाटोमा सवारी साधन पनि गुड्न थाले। यही कारण धेरैले आफ्ना बारीमा लगाइएका परम्परागत बालीका ठाउँमा पुनः स्याउ पनि रोप्न थाले।

तर उनीहरूको खुसी र जाँगर धेरै टिक्न सकेन। कारण- स्याउका बिरुवा नै सरेनन्। सरेका पनि मरे। फल पनि पहिले जस्तो फलिरहेको छैन। केही वर्षअघिसम्म राम्ररी स्याउ फल्ने, तिल्चे, धारापानी, ताचै, दानाक्यु र बगरछापमा अहिले स्याउ किसान यही कारण निराश हुन थालेका छन्। बरु पहिला स्याउ नफल्ने पिसाङ, भ्राका र मनाङ गाउँमा भने स्याउका बोट सप्रिन थालेका देखेर चन्द्रकाशी छक्कै परेकी छिन्।

त्यस्तै जिल्लाको माथिल्लो भेगमा पहिला फर्सी र काँक्रो फल्दैनथ्यो। गत वर्ष टङ्की मनाङमा काँक्रो फलेकोमा आश्चर्य लागेको सुनाउँदै उनी भन्छिन्- त्यहाँका बासिन्दाले धेरै वर्षदेखि काँक्रो फलाउने प्रयास गरिहेका थिए तर फल्नुअघि नै बोट मर्थ्यो, अहिले भने सजिलै फल्छ बा ! खेती नहुने सदरमुकामभन्दा माथिल्लो भेगमा अहिले बालीनाली लाग्न थालेको छ। तलेखु गाउँमा मकै खेती राम्ररी हुन थालेपछि त्यसभन्दा माथिल्लो भेगमा पर्ने पिसाङका किसानले पनि मकै खेती लगाउने प्रयास गरिरहेका छन्। पिसाङका किसान भुजुङ गुरुङ तल्लो भेगबाट मकैको बेर्ना लगेर आफ्नो बारीमा रोपेको बताउँछन्। माथिल्लो भेगमा बीउ छरेर उम्रन अलि ढिलो हुने भएकाले तल्लो भेगबाट उम्रिएकै बिरुवा लगेर रोपेको उनले बताए। चन्द्रकाशी जस्तै भुजुङ पनि छक्कै परेका छन् अहिले यो ताल देखेर।

### हिम्मत नहार्ने अठोट

सुरुमा स्याउ थियो मोटरबाटो नभएकाले ढुवानीमा समस्या आयो। त्यसैले स्याउ उनीहरुका लागि लाभकारी उत्पादन बन्न सकेन। अहिले भने मोटरबाटो पुगेको छ तर पुनः स्याउ रोप्दा नसर्ने, सरे पनि मर्ने हुन थाल्यो। जलवायु परिवर्तनको असरले यसरी दिक्दार पारे पनि मौसमअनुसारको उत्पादन लगाएर जीविकोपार्जन गर्ने सोचमा छु। आफूले गरिरहेको कृषि कर्मबाट हट्नु त भएन नि ! आखिर हामीले गरिखाने बाटो त यही हो। जुक्ति लगाउनुपर्छ, केही समस्या भए पनि हरेसचाहिँ खानुहुन्न भन्ने लाग्छ।



**नाम : सीता खत्री**

**उमेर : ४० वर्ष**

**ठेगाना : आँपटार-७, उदयपुर**

### चिन्ता इकोसिस्टमको

## जोड संस्थागत पहलमा

१९ वर्षमा बिहे गरेर आँपटार आएकी सीता खत्रीले घरमा बालीनाली लगाउँदा युरिया र डिएपी नामक रासायनिक मल प्रयोग गर्ने गरेको देखिन्। सोधपुछ गर्दा थाहा पाइन् कि युरिया मल र विषादी लगाएपछि अन्न बढी उब्जन्छ। उनलाई पनि धेरै फलाउने रहर लाग्यो। अनि यस्तो मल र विषादी सक्दो प्रयोग गर्न थालिन्।

तर परिणाम उनले सोचेजस्तो भएन। बाली हलक्क बढेर कच्रक्क पर्ने, खाना पनि स्वादिलो नहुने समस्या आइलाग्यो। अनि अर्को याममा बाली लगाउने बेला माटो बढी डल्ला पर्ने भयो। ऋण गरेर दुई दिन लामो बाटो बोकेर ल्याएको रासायनिक मल उनका लागि झनै हानिकारक पो सावित भयो। झन् झन् माटो बाँधिदै गएपछि उत्पादन पनि घट्दै गयो।

यसबाट चिन्तित सीता के गर्ने के भन्नेमा अलमल्ल परिन्। यहीबीचमा उनका श्रीमान् विष्णु कार्की हुरेन्डेक नामक गैरसरकारी संस्थाले आयोजना गरेको कृषि बालीसम्बन्धी एक कार्यक्रममा सहभागी भए। त्यस क्रममा उनले रासायनिक मलको बढी प्रयोगले माटोको ऊर्वराशक्ति ह्रास हुने, मानव स्वास्थ्यमा पनि गम्भीर हानि पुग्ने र इकोसिस्टम पनि खलबलिने थाहा पाए। यही कुरा श्रीमतीलाई पनि भने।

त्यसपछि उनीहरू जैविक मलतर्फ आकर्षित भए। यस्तो मलको प्रयोगले सुरुमा त उत्पादन केही घट्यो तर लगातार प्रयोगले तीन वर्षपछि बल्ल पुरानै परिमाणमा उत्पादन हुन थाल्यो। यसैबीच मनोहरि विकास संस्था (एमडिआइ) नामक गैससले आँपटारमा आयोजना गरेको कृषिसम्बन्धी चेतनामूलक कार्यक्रममा सीता सहभागी हुने मौका पाइन्। जहाँ उनले पूर्णतः जैविक प्रविधिको विषादी बनाउने, अर्गानिक मल उत्पादन गर्ने, रसायनरहित फसल उत्पादन गर्ने जस्ता जानकारी हासिल गरिन्।

यो सृष्टि चल्नका लागि हरेक प्राणीको उपस्थिति र अस्तित्व आवश्यक छ भन्ने सीता यही कारण इकोसिस्टम बचाइराख्न पनि रासायनिक मल र विषादी प्रयोग गर्न हुन्न भन्ने निष्कर्षमा पुगिन्। त्यसैले त तरकारी र अन्नलाई कीरामिराबाट बचाउने नाममा जथाभावी विषादी हाल्न नहुने बुझाइ छ उनको। सबै कीरामिरा शत्रु हुँदैनन्, त्यसैले उनीहरूलाई मार्नेभन्दा भगाउने उपायका लागि जैविक विषादी चाहिन्छ भन्छिन् उनी।

अहिले हरेक दिन ताप बढ्दै गएकाले नबुझिकनै जथाभावी विषादी प्रयोग गर्नाले वातावरणमा पनि असर पर्न जाने उनको बुझाइ छ। त्यसैले वातावरण स्वच्छ राख्न तथा स्वास्थ्यलाई हानि नपुऱ्याउनका लागि पनि आफूले जैविक मल र विषादीमा ध्यान दिएको भनाइ उनको छ। आफूले बनाउने गरेको विषादी र केमिकलयुक्त विषादीमा आकाश जमिनको फरक हुने उनको बुझाइ छ। यसको कारण प्रष्ट्याउँदै भन्छिन्- जैविक विषादीले बालीनालीमा लाग्ने र नलाग्ने कुनै जीव मार्दैन, उत्पादन तत्काल खाँदा स्वस्थबर्द्धक हुन्छ। रसायनयुक्त विषादीले भने कीरा फट्याङ्ग्रा मार्ने हुनाले इकोसिस्टममै असर पार्ने गर्छ। साथै मानव स्वास्थ्यमा गम्भीर हानि पुऱ्याउने गर्छ। तत्काल नदेखिए पनि दीर्घकालमा यसको असर पर्ने निश्चित छ।

विभिन्न तालिम र भ्रमणले पनि उनको इकोसिस्टम जोगाउने अभियानलाई सहयोग पुगेको छ। गत वर्षमात्र सदरमुकामस्थित नेस्पेक नामक गैससले उनलाई तरकारी र करेसाबारी खेतीबारे आयोजित तालिममा सहभागी गरायो। अनि यही वर्ष गाविसले विभिन्न ठाउँको भ्रमणमा लग्यो। धरानको नमुना कृषि क्षेत्र, धनकुटाको पाख्रीबास, तेह्रथुमको म्याङलुङ बजारसम्म पुगेर कृषि बाली, नयाँ र उन्नत तरिका जस्ता विविध प्रक्रिया अवलोकन गर्न पाउनाले उनमा थप ज्ञान हासिल हुन सकेको छ। चेलीबेटी क्लबले दिएको पुनर्ताजगी तालिम पनि यस अभियानका लागि निकै उपयोगी भएको उनको भनाइ छ।

दूरदर्शीपना पनि देखिन्छ उनमा। लसुन, प्याज र मसला किन्न पनि सदरमुकाम नै पुग्नुपर्ने बाध्यता भएपछि उनले सकभर आफ्नै बारीमा यस्ता चिज फलाउन थालेकी हुन्। 'कुहिने, सड्ने डर नभएकाले यस्ता चिज वर्षौंसम्म खान सकिन्छ। नबिके पनि चिन्ता हुँदैन'- समय र परिस्थितिअनुसार चल्न जानेकी सीता भन्छिन्। ६७ किलोमिटर टाढाको बजार उनका लागि सहज छैन। दुई घण्टा



उकालो चढेपछि पुगिने रौता पोखरीको रमाइलो बजार र एक घण्टा उत्तरको सल्ले बजारले उनका सबै उत्पादन थेग्न सक्दैनन् । त्यसैले तत्काल बेचिहाल्नुपर्ने बाली कमै लगाउँछिन् ।

यसैले त उनी जतिसक्दो चाँडो गाउँमा सडक पुऱ्याउन तल्लिन छिन् । रौतापोखरीदेखि तीन किलोमिटर तल झरिसकेको ग्रामीण सडक थप चार किलोमिटरको दूरीमा रहेको आँपटारसम्म पुग्न भने बाँकी छ । रौता-बाछला-डाँडागाउँ सडक निर्माण उपभोक्ता समितिकी कोषाध्यक्षसमेत रहेकी उनी विवादका कारण एक वर्षदेखि अवरुद्ध यो सडक सम्पन्न गराउन लागिपरेकी छिन् । 'बाटो नपुगेसम्म गाउँमा उत्पादित कृषि सामग्रीले बजार नपाउने भएकाले यसमा जोड दिनुपरेको भनाइ उनको छ ।

सल्ले जोड्ने खण्डको बाटोमा पर्ने लाँकुरी खोलामा पुल हाल्न सके बजारको समस्या केही समाधान हुने उनको अनुमान छ । त्यसैले गत वर्ष उनकै पहलमा गाविसमार्फत त्यहाँ पुल लगाउने मागसहित जिविस र मन्त्रालयसम्म निवेदन पुग्यो । फलस्वरूप आउँदो वर्षदेखि ट्रस्ट पुल बन्नेगरी सर्भे सम्पन्न भइसकेको छ । उनकै अध्यक्षतामा लाँकुरी खोला पुल निर्माण उपभोक्ता समितिसमेत गठन भइसकेको छ ।

सीतालाई अहिले एकैछिन फुर्सद हुँदैन । कहिले सहकारीको बैठक त कहिले सडक समितिको, कहिले पुल समितिको मिटिङ त कहिले आफ्नै समूहको । अनि बेलाबेलामा आयोजना हुने तालिम, गोष्ठी पनि भ्याउनैपऱ्यो । १२ वर्षदेखि स्वास्थ्य स्वयम्सेविका पनि रहेकी उनी गाउँमा सुत्केरी व्यथा लागेकालाई हेरविचार गर्नेदेखि गाविसस्तरीय बैठकमा समेत भ्याउँछिन् । ४३ घर भएको आँपटार-७ मा भैपरी आउने झै-झगडा मिलाउन पनि सीता नै चाहिने भएको छ । चेलीबेटी क्लबको गाविसस्तरीय सचिवसमेत रहेकी सीता आँपटार महिला समूहको सहसचिव पनि हुन् । यिनै संलग्नताले सीतालाई सम्भावनायुक्त नेताका रूपमा विकसित गराइरहेको छ ।

उनको काम र नेतृत्व क्षमताबाट प्रभावित छन् गाउँका अगुवा पनि । ग्रामीण महिला भएर पनि ब्यस्त र सफल सीताबाट समाजले धेरै कुरा सिक्न सक्ने आँपटार गाविसका पूर्व अध्यक्ष ठमिन्द्र राउत बताउँछन् । 'उनको सक्रियाताकै कारण गाउँमा पछ्याउने धेरै छन्'- राउतले भने । यसैगरी स्थानीय सिद्ध निमावि आँपटारकी प्रअ विन्दा कार्कीको नजरमा सीता एक पौरखी र आत्मनिर्भर महिला हुन् ।

## कारबाहीको डर

इकोसिस्टम जोगाउने चासो उनमा यतिसम्म गढेको छ कि एक वर्षअघि उनले आफ्नै पहलमा गाविसको बैठक राखेर पुरै गाविसभर रासायनिक मल र विषादी प्रयोग गर्न नपाउने प्रस्ताव नै पारित गराइन् । जसमा सर्वपक्षीय सहभागिता थियो । अनि कसैले प्रयोग गरेमा कारबाही गर्ने पनि प्रस्तावमै उल्लेख गराइन् । उनी भन्छिन्- यसरी संस्थागतरूपमा अघि नबढे त कहाँ सफल हुन सकिन्छ र ?



**नाम : कमला थापा**

**उमेर : ४१ वर्ष**

**ठेगाना : मेल्बुटोल, हरिसिद्धि–१, ललितपुर**

ध्यान प्रविधिमा

# समयअनुसारको कदम

तरकारी खेती धेरैले गरेका छन् । बेमौसमी तरकारी पनि जताजतै देखिन्छ । बेच्ने पनि सबैले बजारमै हो । अनि टनेल बनाउने, बाँस गाड्ने, थाँक्रो हाल्ने पनि सबैले गर्छन् । तर हरिसिद्धि गाविसको मेल्बुटोलमा कमला थापाले गर्दै आएकी तरकारी खेती भने बिल्कुल फरक छ । यी सबैखाले तौरतरिकाभन्दा पृथक छ उनको खेती गर्ने तरिका । त्यसैले त उनी जो पायो उहीको तरकारी खेतीलाई 'तरकारी खेती' मान्न तयार हुन्नन् हत्तपत्त ।

के हो त उनको यो पृथक शैली ? प्रश्न खस्न नपाउँदै उल्टै सोध्छिन्- केचाहिँ छैन फरक भन्नूस् न बरु । हो पनि, उनको टनेल हेर्दा अरूको जस्तै लाग्छ तर नाप्नुपर्छ अनि थाहा हुन्छ- ६ फिट चौँडा, ८ फिट उचाइका । सबै उस्तै जुम्लिएका जस्ता । माथिल्लोपट्टि पानी बग्ने ढुंडको व्यवस्था । टनेलका लागि यो स्ट्यान्डर्ड साइज हो रे- उनकै भनाइमा ।

एउटा गोलभेडाको बोटमा जति हाँगाबिँगा आउँछन् ती सबैलाई साँचेर धेरै उत्पादन हुन्छ भन्ने सोच राख्नेहरूका लागि पनि कमला गतिलो सिकाइ बनेकी छिन् । प्रत्येक बोटमा अङ्ग्रेजीको भि आकारका दुई हाँगामात्र राखेर अरू चुँडिदिने गर्नाले उत्पादन बढी हुने उनको भनाइ छ । यी दुई हाँगालाई सोझो गरी गाडिएका २ मिटर अग्ला बाँसमा सुताइदिने गर्नाले एउटाले अर्कोलाई अवरोध नपुऱ्याउने बताउने कमला भन्छिन्- पछि पलाएको बीचको हाँगाचाहिँ डोरी लगाएर मास्तिर लगाइदिने गरेका छौं । धेरै हाँगाबिँगा नराख्नुको कारणबारे उनको प्रष्टीकरण छ- दुईमात्र सन्तान, ईश्वरको वरदान भन्ने सुन्नुभएको छैन ? के गोलभेडाले चाहिँ जति पनि सन्तान पाल्न सक्छ र ?

मङ्सिर लागेपछि जाडो सुरु हुन्छ । जुन गोलभेडालाई सह्य हुँदैन । त्यसैले त्यतिबेलादेखि उनी टनेललाई चारैतिरबाट प्लाष्टिकले घेरिदिन्छन् । अर्थात वातानुकूलित बनाउँछिन् गोलभेडा खेती । अनि सिँचाइकै लागि खनिएको इनारबाट पानी लगाउँछिन् तर यसरी पानी लगाउने तरिका पनि फरक छ उनको । अन्डरग्राउन्ड लाइन बिछ्याएकी छन् बारीमा । त्यहीँबाट हुन्छ सिँचाइ । न कुलो बग्छ, न कसैले सिँचाइ भएकै देख्छ । यो पनि आधुनिक प्रविधि हो सिँचाइको ।

बजार नि ? सजिलो छ उत्तर- 'हाम्रो गोलभेडा होस् कि अन्य तरकारी, आधा जति उत्पादन गोदावरी भिलेज रिसोर्टले लिइदिने भएको छ । २५ प्रतिशत भाटभटेनीलगायत् सुपर मार्केटहरूमा कन्ट्याक्ट छ । बाँकी भने यहीँ वरपरकालाई दिएरै भ्याइन्न ।' आफूहरूको खेती पूरै अर्गानिक भएकाले सहजै बिक्ने कमला बताउँछिन् । गोदावरी भिलेज रिसोर्टका मानिस त जाँचबुझ गर्न बारीमै पनि आउने गर्छन् रे ।

कालीमाटी वा अन्य स्थानबाट आउने तरकारी बिचौलियालाई कुनै हालतमा नदिने नीति पनि बनाएकी छिन् उनले । 'मेहनत गरेर उत्पादन गर्ने हामी, मेहनत गरेर कमाएको पैसा तिर्ने उपभोक्ता, बसिबसी फाइदा खानेचाहिँ बिचौलिया, किन दिने उनीहरूलाई ? हामी त मरिगए पनि उनीहरूलाई दिँदैनौँ ।' बरु गाउँटोलकै उपभोक्तालाई केही सस्तोमा दिँदा खुसी लाग्ने भनाइ पनि छ उनको । त्यसैले उनको बारीमै तरकारी किन्न आउने, अझ त्यसमा पनि टोल र छिमेकी गाविसका ग्राहकलाई विशेष छुट दिने नियम पनि बनाएकी छिन् उनले । बजार समस्या नहुनुका धेरै कारणमध्ये एउटा यो पनि हो ।

अब बजार बिस्तारका लागि वेबसाइट खोलेर प्रचार गर्ने योजना पनि बनाइसकेकी छिन् उनले । यसमार्फत् धेरै परिणाममा अर्डर आए घरमै पुऱ्याइदिने योजना पनि उनको छ । यसबाहेक आफन्त, साथीभाइ तथा वरिपरिका बासिन्दालाई उनीहरूले भोजभत्तेरका लागि चाहिने तरकारी अर्डर गरेमा छुटमा घरमै पुऱ्याइदिने प्रचार पनि जारी राखेकी छिन् । भन्छिन्- हाम्रो धेरै उत्पादन त साथीभाइ, चिनजानका र आफन्तले नै उठाइदिन्छन् ।

१२ कक्षा पास गरेकी कमलाले व्यवस्थापन पढेकी हुन् । तर 'ल्याप्चे पनि भइएन, धेरै पढ्न पनि सकिएन' भन्ने कमला आफ्ना लागि यही खेती निकै सुहाउँदो र लाभदायक पनि भएको बताउँछिन् । ललितपुरकै गोदामचौरकी कमला यही खेती गर्न सहज होस् भनेर अचेल खेती नजिकै भाडामा बस्न थालेकी छिन् । भन्छिन्- म बिहान



५ बजे त खेतमा हाजिर भइसक्छु। मर्निङ वाक भने पनि जे भने पनि यही खेतीबाट सुरु हुन्छ मेरो दिनचर्या।

सुरुका तीन वर्ष अरूसँग पार्टनरसिपमा खेती गरेर धेरै कुरा सिकेपछि एक वर्षदेखि भने आफैँ खेती गर्न थालेको भनाइ पनि छ उनको। 'मैले केमात्र गरिनँ, खेतालासँगसँगै लागेर काम गरिनँ कि, आफैँ बोकेर तरकारी बजार पुऱ्याइनँ कि ?', उनी थप्छिन्- किनकि मलाई जसरी पनि धेरै सिक्नु थियो त्यही भएर दत्तचित्त भएर गरेँ। यही कारण अहिले १० रोपनी जमिन भाडामा लिएर खेती गर्ने आँट आएको उनको भनाइ छ। जसमध्ये आधामा गोलभैँडा र आधामा अन्य खासगरी बेमौसमी खेती गर्छिन् उनी।

एउटै जमिनमा ५ वर्षभन्दा बढी गोलभेडा खेती गर्दा उत्पादन खासै नआउने भएकाले नयाँ जग्गा भाडामा लिनुपर्ने बुझाइ पनि छ उनको। त्यसैले टनेल पनि पाँच वर्षकै लागि पक्का बनाउनुपरेको उनी बताउँछिन्। एक जना महिला र एक जना पुरुषलाई तलवीरूपमा राखेकी उनले अरू कामदारचाहिँ सिजनअनुसार राख्ने गर्छिन्। यही तरकारी खेतीका कारण धेरै स्थानीयले सिजनमा रोजगारीसमेत पाउने गरेका छन्।

सबै काम योजनाबद्धतवरले गर्ने कमला लागत र आम्दानीको हिसाव पनि राम्रोसँग राख्ने गर्छिन्। प्रतिबोट गोलभेडाले ११ महिनामा १८ देखि २० किलोग्रामसम्म उत्पादन दिने भएकाले आफूले लगाएका ३२ सय बोटबाट सबै खर्च कटाएर कम्तिमा पनि करिब १ लाख ६५ हजार बचत हुने हिसाव पनि उनले निकालिसकेकी छिन्। कुनै अनिष्ठ आइनपरे आफूले गर्दै आएको हिसाव करिबकरिब मिल्ने गरेको भनाइ पनि छ उनको।

३५ वर्ष कृषि प्राविधिकका रूपमा सरकारी सेवामा बिताएका श्रीमान् नवराज थापाले प्राविधिक पक्षमा पूरै सघाउँछन् उनलाई। आफूले यी सबै काम गर्न सक्नुको श्रेय श्रीमान्‌लाई नै दिने कमला भन्छिन्- उहाँले पढ्नुभयो, मैले गरेँ, गरेपछि जानिँदोरहेछ। सरकारी जागिरबाट रिटायर भएपछि अहिले हिकास्टमा बिएस्सी एग्रिकल्चरलाई प्राक्टिकल विषय पढाउने नवराज नै कमलाको प्रेरणाका स्रोत हुन्।

अरूले पनि यहाँबाट केही सिकेर यस्तै योजनाबद्ध काम गरुन् र राम्रो उत्पादन लिउन् भन्ने उद्देश्यले पनि नयाँ नयाँ तथा आधुनिक प्रविधि प्रयोग गरिएको भनाइ छ कमलाको। अरूलाई यही नमुना देखाउन पनि यस्तो फरकखाले खेती सुरु गरिएकाले आफ्नो फार्मको नामसमेत नमुना कृषि फार्म राखिएको प्रष्टोक्ति उनको छ।

## वास्तविक किसानको दाबी

कृषि मन्त्रालयअन्तर्गतको कृषि अनुदान कार्यक्रमका लागि पहिलो चरणको छनोटमा परेको उत्साहित हुँदै सुनाउँछिन् कमला। अब फिल्ड भिजिट र अर्को एक चरण प्रक्रियामा पास भइयो भने ३५ लाख रुपियाँ पाइने र त्यसले यो खेतीलाई अझै परिष्कृत बनाउने सोच पनि छ उनको। उनी यो पाउनेमा आशावादी पनि छिन्। यसको आधार बताउँदै भन्छिन्- वास्तविक किसानले नपाए कसलाई दिन्छन् त ?



**नाम : भवानी अधिकारी**

**उमेर : ५३ वर्ष**

**ठेगाना : तामाघाट, पाँचखाल नपा-३, काभ्रेपलान्चोक**

सचेतनाको प्रशंसनीय उदाहरण

# विषादी घटाउँदै, मन जित्दै

३० वर्षदेखि तरकारी खेती गर्दै आएकी भवानी अधिकारीलाई केही वर्षअघि यो पेशाप्रति नै खिन्न लाग्यो । किन गरिएछ सित्तैँमा यो काम भन्ने पनि लाग्यो । कारण- पाँचखालका कृषकले तरकारीमा व्यापक विषादी प्रयोग गर्छन्, यो खानुहुन्न भन्ने ठूलो हल्लाखल्ला गरियो । अहिले पनि सम्झन्छिन्- हुँदाहुँदा यहाँका मान्छे नै ठीक छैनन्, छोरी बिहे गरेर दिनुहुन्न है भन्नेसमेतका प्रचार गरियो ।

आफूसँग भएको १५ रोपनी जग्गामा तरकारी लगाउँदै निरन्तर प्रगतिको सिँढी चढिरहेकी भवानीलाई यस्तो हल्लाले चिन्तित बनाउनु स्वाभाविकै थियो । साथै आफ्नो जग्गाको माटो क्रमशः बिग्रँदै गएको महसुस पनि हुँदै थियो । त्यसपछि आँट गरिन्- अरूले जेसुकै गरुन्, म भने विषादीबिनाको उत्पादन थाल्नेछु । अनि क्रमशः उनले विषादीको मात्रा घटाउँदै लगिन् । हुँदाहुँदा अहिले त उनी केही सिपै नलागेर सम्पूर्ण खेती नष्ट हुने अवस्थामा बाहेक विषादी प्रयोग गर्दिनन् । उनको भनाइ छ- ठ्याम्मै प्रयोग नगर्नचाहिँ सकेको छैन तर अबको केही वर्षमा विषादीरहित तरकारी उत्पादन गर्ने लक्ष्य भने लिएकी छु ।

उनले यसरी विषादी कम गर्नुमा हल्लाखल्लामात्र पनि कारण होइन । आफूले लिएका विषादीसम्बन्धी तालिमबाट पनि धेरै कुरा सिकेको उनको भनाइ छ । विषादीले हाल्नेदेखि खाने मान्छेसम्मको स्वास्थ्य बिगार्ने जानकारी उनले तालिमकै क्रममा पाइन् । त्यसबाहेक वातावरण, माटो बिग्रने भएकाले यसले कसैलाई फाइदा नपुऱ्याउने पनि बुझिन् । त्यसैले विषादी अत्यन्त कम गर्नुको कारणबारे जिज्ञासा राख्नेसँग भन्ने गर्छिन्- आफूले खाने हैन, सहरकाले खाने त हो नि भनेर हुन्छ र ? सहरमा यस्तो तरकारी किनेर खाने पनि आखिर आफ्नै छोरा, भतिजा तथा आफन्त त हुन् । उनीहरूलाई चाहिँ विष खुवाउँदा पाप लाग्दैन र ?

हुन त अचेल तरकारी र त्यसमा पनि आलुका लागि ख्याति कमाएको पाँचखाल क्षेत्रमा विषादी प्रयोग गर्ने क्रम ह्वात्तै घटेको छ । एकातिर हल्लाखल्लाका कारण मानिस यहाँका उत्पादन किन्न डराउन थाले भने अर्कोतर्फ सरकारले पनि कडा र स्वास्थ्य तथा वातावरणमा हानि पुऱ्याउने विषादी प्रतिबन्ध लगाएपछि यो क्रम न्युन भएको हो । त्यसमाथि पनि भवानी त्यस्ती किसान हुन् जसले अरूभन्दा एक कदम अघि बढेर आफैँ विषादी नियन्त्रण गरेकी छिन् । भन्छिन्- म हाल्नैपर्दा पनि थोरै मात्र असर पर्ने तथा अन्तिम अवस्थामा मात्र हाल्छु । खेताला तथा अरू परिवारले जथाभावी हाल्लान् भनेर विषादी छर्ने बेला आफैँ अग्रसर हुन्छु ।

रोजगारीका क्रममा भारत छिरेका श्रीमान् उतै घरजम गरेर बसेपछि छोराछोरीको लालनपालन गर्ने उपायका रूपमा तरकारी खेती अङ्गालेकी भवानीको जिन्दगी नै यसैमा समर्पित छ । छोराछोरीलाई खुवाउने, हुर्काउने, पढाउने सबै आम्दानीको स्रोत तरकारी नै भएको बताउने भवानी गर्वसाथ थप्छिन्- कहिल्यै अरूको कमाइ खानुपरेन । छोराछोरी राम्रोसँग हुर्काउन सकेँ । यसमा मलाई कम्ता खुसी छैन ।

हुन त उनको घरमा ८ जना छन् । ३ नातिना पढ्न जान्छन् । एक छोराको तामाघाट बजारमा साइबर पसल छ । जेठो छोरा राजनीतिमा सक्रिय छन् । तर उनलाई दुई बुहारीले पूर्ण साथ दिएका छन् । कान्छी बुहारी एउटा गैरसरकारी संस्थामा काम गर्छिन् तर पनि बाँकी समय पूरै तरकारी खेतीमै लगाउँछिन् । जेठी बुहारी खासगरी लेयर्स कुखुराको रेखदेख गर्छिन् । उनको पनि

बाँकी समय तरकारीमै बित्छ । यसबाहेक घरमै रहेका दुई गाईको रेखदेख सबै मिलेर गर्छन् । ८-१० लिटर दूध पनि बेच्न भ्याएको छ यो परिवारले । भवानी भन्छिन्- खासमा हाम्रो तरकारी खेती महिलाकै मेहनतमा टिकेको छ ।

धेरै वर्षदेखि तरकारी लगाए पनि ८-९ वर्षदेखि भने बजारको समस्या छैन उनलाई । यसअघि बनेपा र त्यसभन्दा पनि अघि काठमाडौंको कालीमाटी पुऱ्याउनुपर्ने तरकारी अहिले घरैबाट बिक्छ । अझ दुई वर्षदेखि त उनको बारीमै पुग्छ तरकारी लिने मोटर । 'मात्र टिपेर राखिदिए हुन्छ' भन्ने भवानी त्यसबाहेक हिसावकिताब गर्ने बेलामा मात्र गए पुग्छ भन्छिन् ।

दैनिक दर्जनौँ टिप तरकारी बाहिर पठाउने पाँचखालले जेठ एक



महिनामा एक डेढ सय टिप तरकारी पोखरासमेत पठाउने गर्छ । केही वर्षदेखि पोखराका तरकारी व्यापारी गाडी नै लिएर यस क्षेत्रमा आउन थालेपछि त्यसको फाइदा किसानलाई प्रत्यक्षरूपमा पुगेको छ। पोखराबाट आउने व्यापारीले राम्रो पैसा दिन थालेपछि काठमाडौँका विभिन्न क्षेत्रबाट आउने व्यापारीले पनि उनीहरूसँग प्रतिस्पर्धा गर्न राम्रै पैसा तिर्नुपर्ने अवस्थाको फाइदा किसानलाई पुगेको भवानीको भनाइ छ।

सेतीदेवी कृषक समूह र प्रतिष्ठा कृषि सहकारीको सदस्य रहेकी भवानी प्रगतिशील बहुउद्देश्यीय सहकारीको सल्लाहकार हुन्। तरकारी अगुवा भएकै कारण उनलाई जाइकाले भारत र भुटानमा समेत लगेर तरकारीको बजार व्यवस्थाबारे जानकारी गराएको थियो। सिकेका कुरा आफ्नो बारीमा लागु गर्ने गरेकी भवानी भन्छिन्- यो गाउँमा लौकाको महत्व नै नहुँदा पनि सबैभन्दा पहिले लगाउने मै हुँ। सुरुमा लगाएको ६० बोटबाट ६० हजारको लौका बिकेपछि कम्ता खुसी लागेन।

लौका होस् कि मूला। यस्ता धेरै तरकारी छन् जुन भवानीले नै सुरु गरेकी हुन् यस ठाउँमा। खरबुजा पनि ५ किलोसम्मको फलाइन्। जब उनको उत्पादन राम्रो हुन्छ त्यसपछि अरू धेरै किसानले यस्तो खेती पछ्याउने गरेका छन्। खासगरी योगबाबा रामदेवले विभिन्न रोगका लागि राम्रो हुने प्रचार गरिदिएपछि आफूले लौकाको महत्व बुझेर खेतीको मात्रा बढाउँदै लगेको भनाइ पनि छ नाममात्र लेख्न जान्ने भवानीको। 'लेखपढ ठ्याम्मै नभए पनि ममी हिसावकिताव ठ्याक्कै मिलाउनुहुन्छ, त्यो खुबी छ उहाँमा'- जेठा छोरा कञ्चन भन्छन्।

अहिले सालाखाला भवानीको वार्षिक आम्दानी १० लाखको हाराहारीमा छ। उनले यही आम्दानीबाट सबै खर्च कटाइवरी चार कोठाको पक्की घरसमेत बनाएकी छिन्। तरकारी, गाई, कुखुरा सबैको आम्दानीले उनको परिवारमा चमक ल्याएको छ यतिखेर। यो मिलेर गर्नुको परिणाम भएको निष्कर्ष उनै भवानीको छ।

हुन त उनको खेत झिगु खोलाको आडैमा छ। तर बदलिँदो अनिश्चित मौसमसँगै केही वर्षदेखि यो खोला वर्षा याममा मात्र बग्छ। अरू बेला सुक्छ। यही खोला खोस्रेर जेनतेन सिँचाइ गर्ने भवानी भन्छिन्- मेरा लागि सबैभन्दा ठूलो चुनौती नै सिँचाइ हो। पानी थोरै भएपछि माटो पनि बिग्रँदो रहेछ, रोग पनि बढ्दो रहेछ। यो समस्या समाधान भए धेरै प्रगति गर्न सकिन्थ्यो भन्ने लाग्छ।

### बुझ्‌झकी किसान

हामी ३० वर्षदेखि पाँचखालमा बीउविजन र विषादी बिक्री गर्छौं। हामीले सरकारले प्रतिबन्ध लगाएका विषादीको सूची पसलमै टाँसेका छौं र किन्न आउनेलाई प्रयोग नगर्न सल्लाह पनि दिन्छौं। अहिले हाम्रो पसलका नियमित ग्राहकमध्ये सबैभन्दा कम विषादी प्रयोग गर्ने किसान भवानी नै हुन्। उनी प्रयोग गर्नैपर्दा पनि हामीसँग सल्लाह गरेरमात्र प्रयोग गर्छिन्। उनको जस्तो सुझबुझपूर्ण व्यवहार कमैमा देखिन्छ।

**सरोज सापकोटा**
पाँचखाल बीज भण्डार



**नाम : रामसरी पुरी खत्री**

**उमेर : ३० वर्ष**

**ठेगाना : मग्मा–१, रुकुम**

### कम छैनन् मकै र गहुँ पनि

## खडा छ अन्न भकारी

तीन वर्षदेखि दुवै आँखामा समस्या आएर करिब करिब दृष्टिबिहीन हुन पुगेका श्रीमान्को उपचारका लागि ९ लाख जति खर्च भयो। ऋण दिनेले समेत पत्याउन छाडेपछि जग्गा नै बेच्नुपर्‍यो। तर पनि उपचार सम्भव भएन। यही कारण ३ छोराछोरी र खेतीपातीको सम्पूर्ण जिम्मा आफ्नो काँधमा आएपछि रामसरी पुरी खत्री निकै तनावमा परिन्। तर जति पछि भयो उति उति सुझबुझपूर्ण तवरले जिम्मेवारी निर्वाह गर्दै अघि बढेकी छिन्।

सबै घरायसी जिम्मेवारी धान्नुपर्ने भएपछि उनीसामु थुप्रै चुनौती आइलागे। आम्दानीको एकमात्र स्रोत खेतीपाती पुरानै ढर्राको भएकाले त्यसले धान्ने कुरै भएन्। अनि सोचिन् कि नयाँ तरिकाले खेती नगरे जीवन निर्वाह गर्नै पनि समस्या पर्नेछ। त्यसपछि खेतीको प्रक्रिया र बाली फेरिन्। त्यो पनि अर्गानिक। अर्गानिक खेती सुरु गरेपछि पहिले त धेरैले उनको कुरा पनि काटे तर जब उनी यसमा सफल हुँदै गइन्, सबैले प्रशंसा गर्न थाले, त्यसपछि भने एकदम ठीक गरेछु भन्ने निष्कर्षमा पुगेकी छिन्।

आजभोलि आफूले पाउने सहयोग र सद्भावको मूल्याङ्कन गर्दै भन्छिन्- 'अब जति पीडा भुलाउँछ यही अर्गानिक खेतीले भुलाउँछ। जति सफलता पाउँछु अर्गानिकबाटै पाउँछु। मेरो मन मस्तिष्कमा अर्गानिकबाहेक अरू केही छैन।' त्यसैले त उनले व्यक्तिगतमात्र हैन, समूहमार्फत पनि अर्गानिक खेती गर्दै आएकी छिन्। तरकारीमा आलु, सिमी, टमाटर, काउली, बन्दा, भण्टा, खोर्सानी, प्याज स्क्वास खेती गर्दै आएकी छिन्। साथै मकै र गहुँको अर्गानिक बीउविजनसमेत उत्पादन गर्छिन्। देउती र पोसिलो नामको मकैको बीउ उनले उत्पादन गर्दै आएकी छिन्।

उनले २०६८ सालमा अर्गानिक खेती सुरु गरेको नेपाल जनजागरण मञ्चले उपलब्ध गराएको कृषिसम्बन्धी तालिमपछि हो। तालिमलगत्तै बीउ पनि पाएपछि उनी यस्तो खेतीतर्फ आकर्षित भएको बताउँछिन्। हुन त यसरी तालिम र बीउ धेरैले पाएका थिए तर त्यसलाई पछ्याएर सफल हुनेमा भने रामसरीमात्र एक्ली महिला हुन्। आफ्नो उत्पादनमा गाईभैँसी र बाख्राको मलमात्र प्रयोग गर्ने उनी खेतीमा रासायनिक मल पूरै निषेध गरेको जानकारी दिन्छिन्। यतिमात्र कहाँ हो र ? उनकै अगुवाईमा यो गाविसलाई रासायनिक मल निषेधित गाविससमेत घोषणा गरिएको छ।

सुरुमा घर व्यवहार चलाउनका लागि उनी विभिन्न उपायको खोजीमा लागिन्। साँझ बिहानको छाक टार्न धेरै सङ्घर्ष गरिन्। रामसरी भन्छिन्- परिश्रमको फल मीठो हुन्छ भन्थे, होरैछ। अहिले सबैले पत्याउने पनि भएकी छु। यसो हुनुमा उनको मेहनत नै मुख्य कारण हो। बेमौसमी तरकारीबाट मात्र मासिक १५ हजार रुपियाँ आम्दानी छ उनको। यसै आम्दानीबाट उनले पतिको उपचारमा लागेको ऋण पनि चुक्ता गरेकी छिन्।

उनले अहिले ८ रोपनीमा अर्गानिक तरकारी र १५ रोपनीमा उन्नत जातको अर्गानिक मकै र गहुँको बीउ उत्पादन गर्दै आएकी छिन्। तरकारी गाउँका साथै आठबीसकोट, नदुवा र छिनखेतमा निर्यात हुँदै आएको छ। त्यस्तै मकै र गहुँको बीउ जिल्लाका विभिन्न गाविसमा निर्यात हुने गरेको छ। गाउँमै गाडीको सुविधा भएकाले जिल्लाका विभिन्न बजारमा तरकारी र बीउ पठाउन उनलाई समस्या छैन।

अर्गानिक खेतीको फाइदा बताउँदै भन्छिन्- कुनै विषादीबिनाको तरकारी र फलफूल भएकाले होला धेरै ठाउँबाट माग आउने गर्छ तर मैले मागअनुसार दिनै सकिरहेको छैन। तरकारी आफैँ बिक्री गरे पनि मकै र गहुँको बीउ भने स्थानीय संस्थाले एकमुष्ठ खरिद गरेर लैजाने हुँदा उनलाई केही सजिलो पनि हुँदै आएको छ। जिल्लामा विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाले उनले उत्पादन गरेका बीउविजन खरिद गरेर अन्य ठाउँका किसानलाई बिक्री गर्दै आएका छन्। यस वर्षमात्रै मकै र गहुँको बीउबाट १ लाख रुपियाँ कमाएको रामसरीले बताइन्। उनले भनिन्- गत वर्षभन्दा यस वर्ष बीउ बिक्रीबाट दोब्बर फाइदा भएको छ।

यस वर्ष पनि बीउ लगाइसकेकी रामसरी अहिलेदेखि नै माग आउन थालिसकेको बताउँछिन्। उनका अनुसार अर्गानिक बीउले धेरै आम्दानी दिने र खानका लागि पनि स्वस्थकर हुने भएकाले अर्गानिक बीउकै माग बढी हुने गरेको छ। भविष्यतर्फ पनि उत्तिकै



सचेत छिन् रामसरी। त्यसैले उनी र अरू मिलेर गाउँमा अनिकाल परेका बेला काम लागोस् भनेर अन्न भकारी पनि खडा गरेका छन्।

सबै काम आफैं भ्याउनु रामसरीको अर्को विशेषता हो। तरकारी मकै, गहुँ लगाउने बेलामा उनी आफैं हलो जोत्ने गर्छिन्। गोडमेलदेखि बिक्री वितरणसम्मका काम पनि आफैं भ्याउँछिन्। सुरुका दिनमा आफ्ना उत्पादन बिक्री नहोला कि भन्ने चिन्ता लाग्थ्यो उनलाई तर अहिले रोप्नै नपाई माग आउन थालेपछि निकै हौसिन थालेकी छिन्। 'गाउँलेको कुरा पत्याएर बिक्दैन भनेर अर्गानिक खेती नगरेको भए म धेरै पछाडि पर्ने रहेछु'- रामसरी भन्छिन्।

हरेक समस्याको आफ्नैखाले समाधान खोज्ने गजबको विशेषता छ उनमा। गाउँमा सिँचाइको व्यवस्था छैन। न त खानेपानी नै प्रशस्त छ। त्यसैले अरूले भाँडा माझेको, नुहाएको पानी खेर फालिरहँदा उनी भने यस्तो पानी जम्मा पार्छिन् र तरकारीमा प्रयोग गर्छिन्। उनको यस्तै फरकखाले विशेषताका कारण अहिले धेरै प्रगति गर्न सकेकी स्थानीय खम्बु खत्रीले बताए। खत्रीले थपे- उनको मेहनत र नयाँ खालको खेती गर्ने तरिकाले गाउँका अन्य महिलालाई पनि हौसला बढेको छ भने जिल्लामै चिनिएकीले गाउँको समेत नाम चलेको छ।

आफूले पाएको सफलताबाट उत्साहित भएर उनले समूह नै निर्माण गरेकी छिन्। अर्थात गाउँका ४३ जना महिलाको अगुवाई पनि गरेकी छिन्। प्रगतिशील नाम दिइएको यो महिला कृषक समूहकी अध्यक्ष पनि उनै हुन्। यो समूहले यस वर्षमात्रै ५० हजार आम्दानी गरेको छ। समूहको जग्गा कम भएकाले भाडा लिएर खेती गर्नुपर्दा आम्दानी थोरै भएको बताउने रामसरी अर्को वर्ष समूहले थप जग्गा भाडामा लिएर खेती गर्ने योजना पनि सुनाइन्। अर्थात् नामै जस्तो बनाउन चाहन्छिन् समूहलाई पनि- प्रगतिशील।

## बन्यो अन्न भकारी

रामसरी र अन्य महिलाको पहलमा गाउँमा अन्न भकारी पनि निर्माण गरिएको छ। १ सय ५० सदस्य रहेको अन्न भकारी समूहले मुठी दानमार्फत अनाज सङ्कलन गर्दै आएको छ। गाउँमा निम्नवर्गीय परिवारलाई खाद्य सङ्कट परेमा सहुलियत दरमा मकै र गहुँ दिन यो भकारी निर्माण गरिएको हो। अन्न भकारीको खाद्यान्न पसलको भन्दा सस्तो पर्छ। यो गाउँमा बेलाबेलामा खाद्य सङ्कट पर्ने भएकाले त्यसबाट पीडितलाई मुक्ति दिलाउन यस्तो जुक्ति निकालिएको रामसरी बताउँछिन्।



**नाम : कृष्णकुमारी पौडेल**

**उमेर : ३८ वर्ष**

**ठेगाना : ओखे-८, तेह्रथुम**

फेरिएको भूमिका

# पत्नी बाहिर, पति भित्र

## काम नम्बर १)

नवसिर्जना महिला कृषक समूहमा आबद्ध भएपछि त्यहाँबाट २ हजार रुपियाँ ऋण झिकेँ। अनि श्रीमान्को स्वामित्वमा रहेको ७ रोपनी बारीमा एक मुरी आलुको बीउ किनेर रोपेँ। अहिले वार्षिक २० हजारभन्दा बढीको आलुको बीउमात्र बेच्छु। मकहाँ बीउ किन्न धनकुटा, पाँचथरदेखिका किसान आउने गर्छन्। आलु रोप्ने सिजनमा त १०/१२ जना किसान आउने गरेका छन्। यही कारण मैले अधियामा समेत २० मुरी धान फल्ने खेतमा आलु रोप्दै आएकी छु।

## काम नम्बर २)

व्यावसायिकरूपमा अकबरे खोर्सानी खेती गरेकी छु। वार्षिक करिब २० हजार रुपियाँभन्दा बढीको अकबरे खोर्सानीमात्र बेच्छु। मैले खेती गरेको अकबरे खोर्सानीबाट राम्रो आम्दानी हुन थालेपछि अहिले मेरै सिको गरेर समूहमा आबद्ध भई ६ परिवारभन्दा बढीले व्यावसायिकरूपमै अकबरे खेती गर्न थालेका छन्।

## काम नम्बर ३)

मौरी पनि पालेकी छु। वार्षिक ३० हजार रुपियाँभन्दा बढीको महसमेत बिक्री गर्दै आएकी छु।

साँच्चै हो, पाँचथर मौवा गाविस-५ मा जन्मिएकी कृष्णकुमारी पौडेल ओखे-८ का चन्द्रबहादुर पौडेलसँग विवाह गरेर आएपछि अहिले कृषि कर्ममा चुर्लुम्मै डुबेकी छिन्। यी विविधखाले कामका कारण उनलाई एकछिन पनि फुर्सद छैन।

उनका पतिको पटकपटक लडेर दुवै हात र देब्रे खुट्टाको घुँडासमेत खुस्किएको छ। २०६५ सालमा घर छाउने क्रममा लडेर बूढाको देब्रे हात भाँचियो। त्यसपछि २०६९ सालमा हलो जोत्दा दाहिने हात भाँचियो। फेरि २०७० सालमा देब्रे खुट्टा पनि भाँचियो। लडेर घाइते भएपछि अपाङ्ग बनेका उनका पतिले 'घ' वर्गको अपाङ्ग परिचयपत्रसमेत प्राप्त गरेका छन्।

पतिको पटकपटक गरेर दुवै हात र देब्रे खुट्टा भाँचिएपछि उनलाई कृषि कर्म गर्न निकै गाह्रो भयो। श्रीमान् नसक्ने भएपछि सुरुमा आफैं हलो जोतिन्। त्यतिबेला हलो जोत्न गाह्रो भए पनि पछि विस्तारै बानी परेको उनी बताउँछिन्। अहिले भने जेठो छोरोले हलो जोत्न थालेकाले केही सहज भएको छ। तर पनि छोरो स्कुल जाँदा कहिलेकाहीँ अझै पनि आफैं हलो जोत्ने गर्छिन्। उनी भन्छिन्- श्रीमान् बाहिरी काम गर्न सक्नुहुन्न त्यसैले घरभित्रका सबै काम भने गर्नुहुन्छ, म भने घरबाहिरका सबै काम भ्याउँछु।

यी विविधखाले कृषि कर्म गर्न सक्नुको कारण ? प्रश्न टुङ्गिन नपाउँदै भन्छिन्- सुरुमा दलित सचेतना समाज ड्यास नेपाल भन्ने गैरसरकारी संस्थाले गाउँमा गठन गरेको नवसिर्जना समूह अभियान चौतारीमा गएँ। त्यहाँ पहिलो पटक जाँदा परिचयसम्म गर्न सकिनँ। अभियान चौतारीमा पनि कहाँ जान पाइन्थ्यो र ? सोत्तर लिन भनी झुक्याएर डोको लिएर जान्थेँ, अनि त्यहाँ छलफलमा बस्थेँ र आउने बेला सोत्तर भरेर आउँथेँ। त्यहीँ भएको छलफलबाट थाहा पाएर खेती गर्न थालेँ। आफैँले यसरी गरेको खेतीको आम्दानीबाट पतिको औषधी उपचार र बालबच्चाको खर्च आफैं पुऱ्याउन थालेपछि बल्ल घरपरिवारले राम्रो व्यवहार गर्न थाले। उनको थप भनाइ छ- अहिले त बैठक, गोष्ठीमा जानका लागिसमेत कसैले रोक्दैन। श्रीमान्ले पनि सहयोग गर्नुहुन्छ।

उनको मेहनत र त्यसअनुसारको प्रगति देखेर छक्कै पर्नेहरू अन्त खोज्नै पर्दैन, छिमेकमै भेटिन्छन्। गाउँमै मेहनत गरे अकबरे खेतीबाट समेत मनग्गे आम्दानी गर्न सकिने रहेछ भन्ने राम्रो उदाहरण कृष्णकुमारी बनेकी भनाइ छिमेकी रत्ना पौडेलको छ। यही कारण अहिले छिमेकीको सिको गरेर आफूले पनि व्यावसायिकरूपमा अकबरे खेती गर्न थालेको रत्ना बताउँछिन्। सुरुमा त कृष्णकुमारीलाई पनि अकबरे लगाउन कहाँ सजिलो भयो र ? यो क्षेत्रमा अकबरे खोर्सानी फस्टाउँदैन भनेर कसैले पनि रोप्ने सल्लाह नदिएको उनकै पति चन्द्रबहादुर पौडेलले बताए। उनले थपे- हामीले पनि खोर्सानी हुँदैन होला भनेर आलुमात्र रोप्ने गरेका थियौँ, आलु फलेपछि खोर्सानी साटेर खाने गरेका थियौँ।



हो, अकबरेलाई रोगचाहिँ धेरै लाग्छ। तर त्यसको उपाय पनि निकालेकी छिन् कृष्णकुमारीले। अकबरेमा लाग्ने डाडु पाते रोग, रातो कमिला, खुम्रे कीराका लागि उनले पशुको मुत्र सङ्कलन गरेर जैविक विषादीसमेत तयार पार्ने गरेकी छिन्। खेतीमा यसरी जैविक विषादी प्रयोग गर्दा मौरी पालनमा समेत फाइदा पुग्ने उनले राम्रोसँग बुझेकी छिन्। जैविक मल बनाउन पनि कहाँ सजिलो छ र ? बिहान ४ बजे नै उठेर गाईभैंसीको पिसाव सङ्कलन गर्नु उनको दैनिकी नै भएको छ। अनि पाती, सिस्नु, अकबरे खोर्सानी, बोझो, खिर्रो, टिम्बुरलगायत जडीबुटी मिसाउँछिन् र जैविक विषादी बनाउँछिन्। यस्ता सामग्री सङ्कलनमा भने पति र छिमेकीले सहयोग पुऱ्याउने गरेका छन् उनलाई।

उनले मौरीको एउटा घार पतिको अंशबन्डाका रूपमा पाएकी थिइन्। पछि त्यसलाई बढाउँदै लगेर अहिले १८ घार पुऱ्याएकी छिन्। गाउँमै शुद्ध मह उत्पादन हुन थालेपछि आफ्नो मोबाइलमा दैनिक फोन गरेर मह माग्ने बढे। यसबाट उनी कम्ता खुसी छैनन्। उनले थपिन्- राम्रो मह पाइन्छ भन्ने सबैलाई विश्वास भएछ, अहिले त दैनिक ५/६ जना फोन गरेरै मह किन्न आउँछन्, कति त घरमै आएर मह नलगी जानै मान्दैनन् पनि।

सदरमुकामबाट ५ घण्टा पैदल हिँड्नुपर्ने भएकाले यति धेरै खेती एक्लैले सम्हाल्न कठिन होला जस्तो लागेको थियो उनलाई। तर अहिले भने कुनै पनि उत्पादनका लागि बजारको समस्या नभएकाले त्यो टेन्सन हटेको उनले बताइन्। घरमै ग्राहक आएर आफ्नो बारीमा उत्पादित वस्तु लैजान थालेपछि दुई चार पैसा खेलाइरहन पाएकोसमेत बताउने उनी यही कारण साहू महाजनकहाँ ऋण माग्न जान नपरेको बताउँछिन्। खुसी हुँदै भन्छिन्- पहिले साहू महाजनकोमा गएर सय कडा ४ टक्केका दरले ऋण लिनुपर्थ्यो, अहिले समूहमा आबद्ध भएपछि र आफ्नै बारीमा पैसा फल्न थालेपछि त्यो अवस्थाबाट मुक्त भएकी छु।

अहिले उनी स्थानीय पशुपालन कृषक सहकारी संस्था, रत्नदेवी महिला समूह, लालीगुराँस महिला समूह, नवसिर्जना समूह अभियान चौतारी, जलपादेवी समूह बिखेसौरेनी र देउराली सामुदायिक वन उपभोक्ता समूहमा विभिन्न पदमा सक्रिय छिन्। कृषि पेशालाई सम्मानित बनाउनुपर्ने धारणा राख्ने कृष्णकुमारी 'खान सबैलाई पर्ने तर उत्पादन गर्नेलाई भने सम्मान नगर्ने कस्तो समाज हो हाम्रो ?' भन्ने प्रश्न पनि तेर्स्याउँछिन् सबैसामु।

## रिसाए महाजन

हामी पहिले ऋण लिनुपऱ्यो कि साहू महाजनका पुग्थ्यौं। उनले सयकडा चार टक्केका दरले ब्याज असुल्थे। अहिले आफ्नै व्यवसायबाट आम्दानी हुन थालेपछि उनकहाँ जानुपरेको छैन। केही नपुग भए आफ्नै महिला समूह पनि छ, त्यहाँबाट पनि पैसा झिकेर साह्रोगारो चलाउने गरेका छौं। आफूकहाँ ऋण लिन आएन भनेर गाउँका महाजन हामीसँग रिसाउन थालेका छन् अहिले त।



नाम : पार्वतीदेवी साह

उमेर : ३५ वर्ष

ठेगाना : सकरपुरा-९, सप्तरी

## तालिमको शक्ति

# ढिलो भएर पो...

घरको आर्थिक अवस्था नाजुक भएपछि कोसीपीडित पार्वतीदेवीले ऋण गरेर श्रीमान्लाई मलेसिया पठाइन् । यसरी वैदेशिक रोजगारमा गएका श्रीमान् ठगिएपछि झनै वज्रपात आइलाग्यो उनको जीवनमा । बल्ल अहिले भने अलिअलि कमाइ गर्न थालेका छन् । त्यसैले पार्वतीदेवी अहिले भन्न थालेकी छिन्- मैले लिएको तरकारी तालिम श्रीमान् जानुअघि नै सञ्चालन भएको भए किन उहाँलाई पठाउँथें र ? यहीँ मिलेर काम गर्दा कमाइ भइहाल्ने रहेछ नि ।

हुन पनि हो, कोसीपीडित समाज नामक गैरसरकारी संस्थाले गाउँले महिलालाई उपलब्ध गराएको आयआर्जनसम्बन्धी विभिन्न तालिम लिएपछि पार्वतीदेवी आफैं कमाउने भएकी छिन् । तालिमपछि गाउँका केही महिला समेटेर एउटा समूह बनाएका उनीहरूले उक्त समूहमार्फत तरकारी खेती गर्न थालेपछि उनी क्रमशः आर्थिकरूपमा सक्षम हुँदै गएकी हुन् ।

तालिमपश्चात उनले लगाएको तरकारी कुन्नि के ढङ्ग नपुगेर हो, त्यति राम्रो भएन । तर पनि उनले हरेस भने खाइनन् । बरु अर्को सिजनमा उत्साहित हुँदै आफ्नै नाममा रहेको ५ कट्ठा जग्गामा पूरै तरकारी खेती गरिन् । 'लौका, खिरा, भिण्डी र खुर्सानी लगाइन् । यो पटक भने निकै राम्रो भयो । उनी भन्छिन्- त्यहाँबाट सुरु भएको मेरो तरकारी खेती आजसम्म राम्रै भएको छ । कृषि कर्मबाट त्यसपश्चात म कहिल्यै पनि पछाडि फर्किनँ ।

त्यतिबेलाको तालिम आफ्ना लागि अत्यन्तै सहयोगी सिद्ध भएको बताउने पार्वती 'तालिम नपाएको भए आज मेरो र परिवारको अवस्था कस्तो हुन्थ्यो भन्ने सोचेरै डर लाग्छ' भन्छिन् । थप्छिन्- 'त्यतिबेलाको तालिमले मेरो जीवन नै फेरियो ।' किनकि यो तालिमले आफूलाई केही गर्ने सिप र मार्ग प्रदान गरेको भनाइ छ उनको ।

आफ्नो कृषि कर्मकै कारण उनी समाजमा पनि प्रतिष्ठित भएकी छिन् अचेल । गाउँलेहरूले उनलाई गर्ने व्यवहारमा फरकपना आएको छ । गाउँका अन्य महिलाभन्दा उनको पहिचान निकै फरक छ । जबकि दुई वर्षअघिसम्म उनको अवस्था पनि तिनै सामान्य महिलासरह थियो । अहिले त पार्वतीले थप ८ कठ्ठा जग्गा ठेक्कामा लिएरसमेत तरकारीलगायत खेती गर्दै आएकी छिन् । 'पुँजी अभाव भयो, नत्र अझै जग्गा जोत्थे', अत्यन्तै उत्साहित उनले भनिन्- ऋण तिर्नकै लागि उहाँ (पति) लाई अझै डेढ वर्ष विदेश बस्नुपर्ने बाध्यता छ, नत्र त मिलेर खेती गरौं भनेर अहिले नै बोलाउने थिएँ ।

## के गर्‍यो तालिमले ?

गर्न त पहिले पनि पार्वतीदेवीको काम खेती गर्ने नै हो तर पहिले गर्ने खेती र तालिम पाएपछिको खेतीमा निकै परिवर्तन आएको उनको भनाइ छ । 'खेत जोत्नेदेखि लिएर बाली काट्नेसम्मकै ज्ञान पाएपछिको खेती त झन् आकर्षक र गरौं गरौं लाग्ने भएको छ' भन्ने पार्वती 'पहिला पहिला त बीउ कसरी छर्ने, सिँचाइ कसरी गर्ने, मलखाद तथा अन्य औषधी के कति मात्रामा प्रयोग गर्ने, रोगको उपचार कसरी गर्ने भन्ने जानकारी नै नभएकाले पनि दुःख पाएको सुनाउँछिन् । 'आधुनिक खेतीका लागि अलि सुझबुझ चाहिने र बाहिरी स्रोत जोहो गर्नुपर्ने भए पनि आम्दानी आकर्षक भएको बताउने पार्वती गाउँका किसानले यही कुरा नबुझेकाले दुःख खेप्न बाध्य भइरहेका भनाइ पनि राख्छिन् ।

उनलाई सबैले प्रशंसा गर्नुपर्ने कारण के हो त ? उत्तर पनि प्रश्नजत्तिकै सहज छ- हाल खेतीबाटै उनले आफ्नो ९ जनाको परिवार धानेकी छिन् । पहिला पहिला ५०/१०० रुपियाँको काम पर्‍यो भने खोज्न निकै धौ धौ हुन्थ्यो, कसैसँग कर्ज सापटी नै लिनुपर्ने अवस्था थियो, अहिले भने ५० हजारदेखि एक लाख रुपियाँ चाहिए पनि उनी आफैं सहजै जुटाउन सक्छिन् । एउटा सामान्य परिवारका लागि यो कम्ता खुसीको विषय पक्कै होइन ।

तरकारी खेतीबाट यसरी आम्दानी गर्न सकिन्छ भन्ने जानकारी पहिला नै भएको भए आफ्ना पति पनि सायद विदेशमा अलपत्र नभई आज आफूसँगै खेतमा काम गरिरहेका हुन्थे- कहिलेकाहीँ सोच्छिन् उनी । अनि गाउँबाट विदेश जाने सोचमा रहेकालाई सल्लाह दिने गरेकी छिन्- विदेशमा गरिने जति मेहनत आफ्नै गाउँठाउँमा गरियो भने विदेशभन्दा यहाँ पनि कमाउन कठिन छैन ।



## छन् समस्या पनि

जिल्ला सदरमुकामभन्दा झण्डै १२ किलोमिटर टाढा पर्छ सकरपुरा। त्यसैले बजार टाढा हुने भइहाल्यो। बाढी प्रभावित यो गाउँमा दलित तथा निम्न वर्गीयहरूको बाहुल्यता छ। त्यसमा पनि साह (हलुवाई) जातिको बसोबास निकै कम। अल्पसङ्ख्यक भएकै कारण पार्वतीदेवीहरूलाई बेलाबेलामा समस्या आइलागिरहन्छन्।

'एक त महिला, त्यसमाथि पति विदेशमा, समस्या नआउने त कुरै भएन नि', पार्वतीको यो भनाइले प्रष्ट पार्छ कि उनी विभिन्न चुनौती खेपेर आफ्नो कर्ममा सफल भइरहेकी छिन्। महिलाले घरको काम गर्नुपर्ने, खेत हाट बजार जान नहुनेलगायत् रुढिवादी परम्पराको कठिनाइ पनि झेल्नुपरेको उनको भनाइ छ। अझ पहिला पहिला टोल छिमेकका महिला पुरुष नै चिढाउँथे (जिस्काउथे) भन्ने पार्वती अहिलेचाहिँ त्यसमा सुधार आएको जानकारी दिन्छिन्। खेतमा काम गर्दाखेरी, गाई गोरु चराउन जाँदा वा आफ्नो उत्पादन हाट बजारमा बेच्न जाँदा निकै अप्रिय शब्दहरू सुन्नुपर्ने बाध्यता झेल्दै आएकी पार्वती अहिले भने त्यस्तो अवस्था विस्तार न्युन हुँदै गएको बताउँछिन्।

कृषि कर्ममा दर्जनौं महिला सहभागी भएकाले पनि यस्तो अमानवीय कार्य कम हुन सकेको उनको अनुमान छ। महिला भएकै कारण झेल्नुपर्ने सामाजिक समस्याका अतिरिक्त आफ्नो कृषि कर्ममा पनि केही प्राविधिक कठिनाई भोग्नुपरेको छ उनले। त्यसबाहेक हाट बजारको उचित व्यवस्थापन, समयमा मलखाद तथा बीउविजन नपाउनुलगायत कार्यले निकै कठिनाई भइरहेको अनुभव पनि ताजै छ उनीसँग। 'गाउँमै लाग्ने गरेको सानो कृषि हाटमा उत्पादनको उचित मूल्य पाइँदैन, ठूलो बजार नजिक छैन, एक्लै महिला कहाँ मात्रै जानू ?'- यस्तै छन् उनका समस्या भनौं या चुनौती।

त्यसो त हत्तपत्त र सानातिना समस्यादेखि डराउने मान्छे कहाँ हुन र पार्वती ? खेतीपातीका अतिरिक्त उनी पशुपालनमा पनि खप्पिस मानिन्छिन्। हाल उनीसँग डेढ दर्जन जति पशु चौपाया छन्। दुई थान गाई, चार थान गोरु, बाछाबाछी र खसी बाख्राको हेरचाहसमेत उनकै जिम्मेवारीमा छ।

## गाउँले पनि हर्षित

पार्वती दिलोज्यानले कृषि कर्ममा लागेपछि कुनै बेला उनलाई जिस्काउने गरेका गाउँलेहरू नै अचेल उनको प्रगतिबाट निकै हर्षित देखिएका छन्। सकरपुराका निवर्तमान गाविस अध्यक्ष गनु मुखिया भन्छन्- पार्वती यस गाउँकी छोरी र बुहारी दुवै हुन्, उनको प्रगतिले हामीलाई पनि गर्व महसुस हुन्छ। त्यसैले पार्वती गाउँका महिलाका लागिमात्रै होइन, सम्पूर्ण गाउँकै लागि उदाहरणीय व्यक्ति हुन्।

सरस्वती महिला सशक्तीकरण समूहकी संयोजकसमेत रहेकी पार्वती महिलालाई तरकारी खेतीबारे जानकारी गराउनुका साथै आफ्ना अनुभवसमेत बाँड्छिन् अचेल। यही कारण पनि पार्वतीको प्रगति सबै गाउँलेका लागिसमेत खुसीको हिस्सा बन्न सकेको हो।

### घरै चुहिएपछि...

पानी पऱ्यो कि घर चुहिन थाल्यो। वर्षायाम सुरु हुनुअघि नै मर्मत नगरे धेरै हानि हुने चिन्ताले सतायो पार्वतीलाई। त्यसपछि जुक्ति निकालिन्- एक जोड गोरु बेच्ने र छानो मर्मत गर्ने। नभन्दै नजिकै रहेको तोपा पशु हाटमा लगेर ३० हजारमा गोरु बेचिन्। आफ्नै घरमा सम्पत्ति भएपछि कति सजिलो, कसैलाई गुहार्नै परेन!



नाम : कौशीला खड्का

उमेर : २७ वर्ष

ठेगाना : सुखौरा, बुङ्कोट–८, गोरखा

यस्तो पो सिकाइ

## माछामा भविष्य खोज्दै

उनलाई नै थाहा छैन कि किन जिल्ला कृषि विकास कार्यालयले जिल्लाभरबाट दुई जना छान्दा पनि आफू माछा पालन तालिमका लागि छानिएँ भन्ने। मात्र अनुमान लगाउँछिन्- म पहिलेदेखि नै कृषिसँग सम्बन्धित कुनै व्यवसाय गर्नुपर्छ भन्नेबारे कुरा राख्थेँ, त्यही भएर पो हो कि ? जे होस्, छानिएपछि कौशीला खड्का खुसी भएर लागिन् हेटौँडा मत्स्य केन्द्रमा। सात दिन त्यहीँ बिताइन्। माछा पालन गरेको राम्रोसँग नियालिन्। भन्नुपर्ने कुरा तालिम दिनेले कक्षामा राखेर भने। देखाउनुपर्ने र व्यावहारिक कुराचाहिँ पोखरीमा लगेर माछैअगाडि छर्लङ्ग पारिदिए। त्यसपछि त कौशीला यति प्रभावित भइन् कि घर फर्कँदासाथ माछा पाल्छु पाल्छु भन्ने अठोट पो व्यक्त गर्न पुगिन्।

२०७० सालको कात्तिक ७ देखि १४ गतेसम्म तालिम लिएर फर्केपछि उनले माछा पाल्नेहरूसँग थप जानकारी पनि सोधखोज गरिन्। उनले सिँचाइ प्रयोजनका लागि पोखरी खनेकी थिइन्। चितवनको भण्डारा पुगेर माछाका भुरा ल्याइन् र २५० भुरा त्यही पोखरीमा हालिन्। 'भित्रैदेखि पालौँ पालौँ लागेर होला, माछा हालेका दिन कम्ता खुसी लागेन'- कौशीला अहिले सम्झन्छिन्।

यी भुराबाट उनले धेरै फाइदा लिन भने सकिनन्। कारण- गाउँमा बाटो खन्ने प्रयोजनका लागि डोजर आएको थियो। त्यही डोजरवालासँग कुरा गरेर उनले यही पोखरीलाई अझै ठूलो र व्यवस्थित बनाउने योजना बनाइन्। डोजरवालाले हुन्छ भनेपछि बेलै नभएको माछा झिकेर बेच्नुपर्दा सोचेजति आम्दानी नभएको भनाइ उनको छ। तर पनि उनले पीर भने मानिनन् किनकि उनको पोखरी अझै ठूलो हुँदै थियो।

अहिले उनको करिब १ रोपनी जमिनमा पोखरी बनेको छ। यसका लागि डोजरलाई मात्र उनले २५ हजार रुपियाँ बुझाउनुपर्‍यो। यसबाहेक ५५ हजार खर्चेर त ढुङ्गाको पर्खाल नै लगाएकी छिन् वरिपरि। यही पोखरीमा अहिले उनले १२ सय माछाका भुरा छाडेकी छिन्। भन्छिन्- माछाका भुरा खेल्छन्, नाच्छन्। रमाइलो गर्छन्। म पनि उनीहरूको रमाइलो देखेर मनोरञ्जन लिन्छु। आनन्द आउँछ। म खुसी पनि हुन्छु किनकि मेरो भविष्य यिनै माछामा निर्भर छ।

निकै जानकार पनि छिन् कौशीला। त्यही भएर उनले गाविसमा आउने बजेटमध्ये १५ प्रतिशत कृषि क्षेत्रमा खर्च गर्नैपर्ने प्रावधानबाट पनि फाइदा लिन सकिन्। ज्यादुल खोला कृषि सहकारीकी सचिवसमेत रहेकी उनले अन्य कृषकलाई जम्मा पारिन् र गाविस गएर उक्त रकम अन्य क्षेत्रमा खर्च गर्न नदिन लबिङ गरिन्। अनि गाविसले उनकै गाउँका लागि प्रतिपोखरी १० हजार रुपियाँका दरले बजेट उपलब्ध गरायो। कौशीलाहरू सहकारीमार्फत फेरि कृषि कार्यालय गए। यो कार्यालयले पनि प्रतिपोखरी १० हजार रुपियाँका दरले १० वटा पोखरीलाई सहयोग गर्‍यो। यही कारण अरू कृषकलाई जस्तै कौशीलालाई पनि यस्तो अनुदानले माछा पालनमा सहयोग पुर्‍यायो।

सुखौरा पानीको राम्रो मुहान भएको ठाउँ हो। यहाँको भूगोल पनि माछा पालनका लागि सुहाउँदो छ। त्यसैले यही दाबीका आधारमा गाविस कृषि लक्षित बजेट यो गाउँमा माछा पालनका लागि खर्चन तयार भएको हो। मिलनशील आयआर्जन कृषक समूहकी कोषाध्यक्ष कौशीला भन्छिन्- हामीलाई कृषि लक्षित बजेट, जिल्ला कृषि विकास कार्यालयले किसानलाई उपलब्ध गराउने सहयोग जस्ता विविध पक्षमा जानकारी गराउने संस्था भने तुलसीमेहर युनेस्को क्लब हो। उनी यो क्लबले गठन गराएको कृषि सञ्जालको कोषाध्यक्ष पनि छिन् अहिले। साथै कौशीला गाविसस्तरीय कृषि महासङ्घको कोषाध्यक्ष पनि हुन् भने राष्ट्रिय कृषक समूह महासङ्घको जिल्लास्तरीय कोषाध्यक्ष पनि।

डेढ वर्षअघि श्रीमान् रोजगारीका लागि दुबई गएपछि अहिले ९ रोपनी जग्गामा आफैँ खेतीपाती गर्छिन्। सासू, ससुरा र दुई छोरी छन् उनको परिवारमा। गोरखा सदरमुकामबाट १३ किलोमिटर टाढाको यो बस्तीमा नियमित बस चल्दैनन्। त्यसैले उनका माछा गोरखा बजार लगेर बेच्नुपर्छ। कस्तो छ त बजार ? उनी भन्छिन्- गोरखाका व्यापारीले अन्यत्रबाट माछा ल्याएर बेचिरहेका छन्। आफ्नै गाउँठाउँको लोकल माछा पाएपछि बाहिरको के किन्थे र ? उनलाई बजारको समस्या भएजस्तो लागेको छैन।



पोखरी माथ्लापट्टि मुहान भएकाले उनको पोखरीमा पानी थपिइरहने र बगिरहने हुन्छ स्वतः। त्यसैले बेलाबेलामा पानी फेर्नुपर्ने समस्या पनि छैन। बरु माछा उम्कन नपाऊन् भनेर पानी निकास हुने ठाउँमा एउटा जाली राखिदिएकी छिन् बस! अहिलेसम्म कुनै समस्या नआइसकेको बताउने उनी भन्छिन्- माछालाई रोग लागेमा गर्ने उपचारदेखि अन्य समस्याबारे पनि हामीलाई तालिमकै क्रममा जानकारी दिइएको छ। केही परे त्यसैअनुसार गर्छु, त्यसले नभए कृषि कार्यालयमा सोध्छु।

माछाका लागि दाना पनि आफैं बनाउँछिन् उनी। भटमास, पीना, गहुँ, मकै र कोदो मिसाएर बनाएको दानाले उनका माछा थेगिएका छन्। कोदोबाहेक सबै अन्न उनकै बारीमा फलेकोबाटै पुग्छ, किन्नुपर्दैन। त्यसैले पनि माछा पालनबाट राम्रो फाइदा लिने सकिने दाबी उनको छ। राम्रोसँग हुर्क्यो भने ९-१० महिनामा यो माछा बेचिने बताउने उनले यही फाइदाबाट अझै पोखरी बढाएर माछा नै बढाउने योजना पनि बनाइसकेकी छिन्। भ्याउनुहुन्छचाहिँ कसरी? प्रश्न खस्न नपाउँदै भन्छिन्- श्रीमान्लाई फिर्ता बोलाइसकेकी छु। उहाँले उता कमाउनेभन्दा यतै बढी आम्दानी हुने देखेपछि बोलाएकी हुँ। आउँदै हुनुहुन्छ अब।

अहिले उनकै देखासिकी गरेर माछा पाल्ने यो गाउँमा मात्र २७ जना पुगिसकेका छन्। उनीहरू माछा पालन, दाना, पानी, पोखरी आदिबारे आफूसँग सोधखोज गर्न आइरहने भएकाले खुसी मान्दै बताइदिने गरेको भनाइ कौशीलाको छ। यस्तैमध्येका एक किसान कृष्णप्रसाद अमगाईं आफूले कौशीलाको माछा पालन देखेर राम्रो लागेपछि उनैको सल्लाहमा पोखरी बनाएर माछा पाल्न थालेको बताउँछन्। करिब २ रोपनीमा पोखरी बनाएर ३ हजार माछा पालन गर्ने उनको पनि कौशीलाको जस्तै भरोसा छ माछाप्रति- आफूलाई अवश्य उकास्छ भन्ने। 'मैलेमात्र हैन, अरू धेरैले यसैगरी माछा पालन गर्न सुरु गरेका छन्'- उनी थप्छन्।

हिम्मतिली पनि छिन् कौशीला। सुरुमा उनी चितवनको भण्डारामा माछाको भुरा लिन भनेर घरबाट हिँडिन्। गोरखा पुगेपछि चितवन बन्द भएको जानकारी पाइन्। अनि गोरखा नै बसिन्। भोलिपल्ट फेरि गोरखा बन्द भयो। भएन बा भनेर हिँडेरै भण्डारा पुगिन्। उनी बिहान १० बजे त्यहाँ पुगेर माछाका भुरा किनिन्। उनलाई साँझ ६ बजेभित्र यी भुरा पोखरीमा छाडिसक्नुपर्ने नत्र नोक्सानी हुने बताइएको थियो। तर उनलाई लोकल बसले १३ किलोमिटर वरको चितवन बजार ल्याउपुऱ्याउनै दिउसोको २ बजाइदियो। उनी यही विषयमा बसको ड्राइभरसँग गुनासो गर्दै थिइन्। चर्काचर्की बढ्दै गर्दा आइपुगेका एक अपरिचित मोटरसाइकलवालाले सहयोगस्वरूप पुल्चोक लगेर पोखराको बस चढाइदिए। एकपछि अर्को बस फेर्दै जाँदा उनी रातको साँढे ९ बजे बल्ल घर पुगिन्। जतिखेर ५ सयमध्ये आधा भुरा मरिसकेका थिए। तर पनि उनले हिम्मत हारिनन्। पुनः पोखरी ठूलो बनाएर माछा पालेरै छाडिन्।

## बङ्गुर मोह

हेटौंडामा माछा तालिम लिन गएका बेला खाजा खान जाने क्रममा बाहिर एउटा निजी फार्म देखिन्। त्यहाँ माछा, बङ्गुर, कुखुरा आदि मिलाएर पालिएको थियो। सोधखोज गर्दा थाहा पाइन् कि कुखुरा मऱ्यो भने बङ्गुरलाई खुवाउन हुन्छ। अनि बङ्गुर र कुखुरा माछालाई खुवाउन पनि मिल्छ। यत्ति थाहा पाएकी उनले यही कारण अहिले बङ्गुर पनि पालेकी छिन्। भन्छिन्- सुरुमा त सासू ससुराले अलि अप्ठेरो माने तर पनि उहाँहरूलाई मनाउन सकें।



**नाम : यशोदा रखाल मगर**

**उमेर : ४७ वर्ष**

**ठेगाना : पात्ले, राम्चे-९, सिन्धुपाल्चोक**

## सामुदायिक भूमि सुधारको अभ्यास

# छैन कतै खाली

'जग्गा बाँझो नराख्ने, जहाँ जे हुन्छ त्यही बाली लगाउने, उन्नत र माटो सुहाउँदो खेतीपाती गर्ने'- यशोदा रखाल मगरले बुझेकी सामुदायिक भूमि सुधार अभ्यासको सोझो अर्थ यही हो। यही बुझाइकै कारण हो- उनको जग्गामा दायाँ काउली देखिन्छ, बायाँ अलैँची। तल किम्बु त माथि डाले घाँस। अलि पर खुर्पानी, अनार र सुन्तला देखिन्छन् भने वरैचाहिँ गोलभेडा। बारीका कान्लादेखि आलीसम्म खाली छैनन्। मौसमअनुसारका बाली, तरकारी र फलफूलले सधैँ लटरम्म हुन्छन् उनको खेतबारी।

राम्चेमा २०६६ सालमा सामुदायिक भूमि सुधार अभ्यासको थालनी भयो। वर्षौंदेखि उत्पादन जति अरूलाई कुतवापत बुझाउँदै आएका यशोदालगायत् ५९ परिवारको जमिन भर्खरै उनीहरूकै स्वामित्वमा आएको थियो। यस्तो अवस्थामा माटोको सुधार गर्दै किसानको आम्दानी बढाउने उद्देश्यसहित आएको यो कार्यक्रमले उनीहरूलाई हौस्यायो। यही क्रममा यशोदाले बेमौसमी तरकारी खेतीसम्बन्धी ४ दिने तालिम पनि पाइन्। त्यसपछि त उनको मेहनतको गति यति बढ्यो कि भनिसाध्य नै छैन।

'एउटै बालीमात्र लगाउँदा बिग्रने डर हुन्छ। धेरै बाली लगायो भने एउटा बिग्रे पनि अर्को सप्रन्छ। त्यसैले कहिले पनि घाटामा परिँदैन', एकै पटक विविधखाले बाली लगाउनुको रहस्य बताउँछिन् उनी- २०६६ सालको हिउँदमा पहिलो पटक गरेको तरकारी खेतीबाट २३ हजार ३ सय रुपियाँ कमाएँ। यसले मलाई अघि बढ्न प्रोत्साहन दियो। त्यसपछि त झन् झन् मेहनत गर्दै गएँ। मेरो अहिलेको खुसी यही निरन्तरताको नतिजा हो।

सामुदायिक भूमि सुधारको अभ्यासमा सङ्गठित भई छलफलमा सहभागी भएपछि उनले जमिनको महत्व बुझ्दै गइन्। अनि उत्पादन गर्ने तरिकादेखि यसको सम्पूर्ण प्रक्रिया पनि थाहा पाइन्। त्यसैले उनको जग्गामा अहिले डाले घाँसका बिरुवा इपिल, भटमासे, टाँकी, गजुमा, किम्बुका बिरुवा जताजतै देखिन्छन्। नासपाती, खुर्पानी, सुन्तला, अनार, अम्बा जस्ता फलफूलका बिरुवा लगाई हराभरा बनाएकी छिन्। यसका लागि नर्सरीसमेत आफैँ राख्छिन्। मतलव उनको एक टुक्रा जग्गा पनि बाँझो छैन।

'माटो चिन्न सक्यो भने सुन फलाउन सकिने रहेछ। मैले तरकारी खेतीबाट लाखौँ आम्दानी गर्न सक्ने देखेको छु र अघि बढिरहेको पनि छु'- गएको हिउँदमा मात्र प्याजको बेर्ना, काउली, बन्दालगायत खेतीबाट १ लाख रुपियाँभन्दा बढी आम्दानी लिएकी यशोदाको भनाइ छ। गएको वर्ष उनले सबैखाले तरकारी खेतीबाट मात्र २ लाख ५० हजार आम्दानी गरिन्। गाउँले किसानका लागि यो निकै ठूलो उपलब्धि हो।

उनका उत्पादन किन्नेले स्वास्थ्यलाई हानि गर्ने कीटनाशक खानुपर्दैन। आफैँ बनाएको घरेलु विषादी प्रयोग गर्छिन् उनी। गाई, भैँसी र बाख्राको मुत्र सङ्कलन गरेर बोटबिरुवामा पानीको मात्रा मिलाएर हाल्ने गर्छिन्। त्यसैले पनि उनका उत्पादन बेच्न समस्या छैन, ठेकेदारहरू उनकै घर करेसा चाहर्छन् बिहानै। यही कारण उनी नमुना किसान बन्न सफल भएकी हुन्।

सामुदायिक भूमि सुधारको अभ्यासमा लागेर प्रगति गरेकी यशोदा यही कारणमात्रै खुसी भएकी हैनन्। विगत सम्झँदै भन्छिन्- 'पहिले-पहिले कुखुरा, बाख्रा पालेर आएको आम्दानीले छोराछोरी पढाउन र चाडपर्व धान्न निकै कठिन हुन्थ्यो। अहिले भने कसैसँग ऋणका लागि हात थाप्नु नपर्नेमात्र हैन, परिआएका बेला खर्च गर्न बचतसमेत छ। पहिले के पकाउने होला भनेर चिन्ता लिने भान्छामा, अहिले हरियो सागपात पाक्छ। मेरो बुझाइमा परिवर्तन यही हो।' गोठभरि गाईवस्तु, खेतबारीमा हरियाली, चाडपर्व आउँदा कसैसँग हात थाप्नु नपर्ने अवस्था, मुहारमा चमक- साँच्चै यशोदाको जीवनमा परिवर्तन आएको छ।

परिवर्तन उनको मात्र हैन, उनको पात्ले गाउँ वरिपरिका सानो भट्टे, ठूलो भट्टेका किसानको पनि भएको छ। यसरी गाउँकै प्रगति हुनुमा यशोदाको राम्रै योगदान छ। ११ परिवारले त उनीसँगै सिकेर 'जग्गा खाली नराख्ने' अभियान थालिसकेका छन्। यीमध्येकी एक हुममाया ढकालकै भनाइमा यशोदाबाटै सिकेर उनले डेढ सय बोट अलैँची, टन्न फलफूल, तरकारी र घाँस लगाएकी छिन्। सुरुमा श्रीमान्ले नमाने पनि पछि सम्झाइबुझाइ गरेर विविधखाले बाली लगाउन सकेको सफल कहानी पनि सुनाउँछिन् उनी।

खाद्यका लागि कृषि अभियान

**स्वच्छ उर्जा नेपाल**
१४० बुलबुले मार्ग, थापागाउँ, बानेश्वर
पो.ब.नं. २४५८१, काठमाडौं, नेपाल
फोनः ०१-४४६४९८१, ०१-६९१५६४९
इमेलः info@cen.org.np
Website: http://www.cen.org.np